# ‘मैले नजन्माएको छोरो’ कथाको सङ्कथन विश्लेषण

**निरोज भट्टराई**

परीक्षा क्रमाङ्क : २८२३९०/०६९

त्रि.वि. दर्ता नं. : ९-२-२९-११५१-२००७

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय केन्द्रीय विभागअन्तर्गत

नेपाली शिक्षा स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि. ५९८

पाठ्यांशको आवश्यकता पुरा गर्ने

प्रयोजनार्थ प्रस्तुत

**शोधपत्र**

**२०७२/2015**

शिक्षाशास्त्र सङ्काय

नेपाली भाषा शिक्षा विभाग

त्रि.वि., कीर्तिपुर, काठमाडौँ

# प्रतिबद्धता पत्र

यस शोध प्रतिवेदनभित्रका सामग्रीहरू कतैबाट साभार गरिएका छैनन् । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका पनि छैनन् । तसर्थ यो प्रतिवेदन नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

..............................

निरोज भट्टराई

(शोधार्थी)

मिति : २०७२/०५/२९

Date : Sept. 15,2015

# सिफारिस पत्र

नेपाली शिक्षाअन्तर्गत स्नातकोत्तर तह, दोस्रो वर्षको नपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **मैले नजन्माएको छोरो** शीर्षकको शोधपत्र निरोज भट्टराईले मेरो निर्देशनमा तयार पार्नु भएको हो । मिहिनेतपूर्वक तयार पारिएको प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

........................................

प्रा.डा. यादव प्रकाश लामिछाने

(शोधनिर्देशक)

मिति : २०७२/०४/२०

Date : Sept. 15,2015

त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र केन्द्रीय विभाग
नेपाली भाषा शिक्षा विभाग
कीर्तिपुर

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षाअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको **मैले नजन्माएको छोरो** कथाको सङ्कथन विश्लेषण शीर्षकको शोधपत्र उक्त प्रयोजनका लागि उपयुक्त भएकाले स्वीकृति प्रदान गरिएको छ ।

### शोधपत्र मूल्याङ्कन समिति

| **क.सं.** | **नाम** | **हस्ताक्षर** |
|---|---|---|
| १. | प्रा.डा. रामनाथ ओझा (विभागीय प्रमुख) | ...................... |
| २. | प्रा.डा. राजेन्द्रप्रसाद पौडेल (शोध विशेषज्ञ) | ...................... |
| ३. | प्रा.डा. यादवप्रकाश लामिछाने (शोध निर्देशक) | ...................... |

मिति : २०७२/०६/०६

Date : Sept. 23,2015

# कृतज्ञताज्ञापन

प्रस्तुत **मैले नजन्माएको छोरो** शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली शिक्षा स्नातकोत्तर तह दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ तयार गरिएको हो । यस शोधकार्यमा विभिन्न व्यस्तताका बाबजुद पनि प्राज्ञिक सल्लाह तथा सुझाव दिई यस शोध अध्ययनलाई निरन्तर सहयोग गर्नु हुने मेरा शोधनिर्देशक आदरणीय गुरु प्रा.डा. यादव प्रकाश लामिछानेज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस अध्ययन त्रि.वि. शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभागबाट तयार गरिएकाले प्रथमतः यस विभागप्रति आभार प्रकट गर्दछु । त्यसै गरी अनुसन्धानका क्रममा आवश्यक सल्लाह दिनु हुने आदरणीय गुरुहरू, विभागीय प्रमुख प्रा.डा. रामनाथ ओझा, प्रा.डा. पारसमणि भण्डारी, प्रा.डा राजेन्द्रप्रसाद पौडेल लगायत विभागमा कार्यरत सम्पूर्ण गुरुहरूप्रति आभार प्रकट गर्दछु ।

आफ्नो अमूल्य समय, श्रम र पसिना खर्चेर शोधकार्य सम्पन्न गर्नका लागि सहयोग गर्नु हुने मेरा आत्मीय सहपाठी मित्रहरू कृष्णप्रसाद सुवेदी, कमल पोखेल, वेचन अधिकारी लगायत सम्पूर्ण सहपाठी मित्रहरूलाई धन्यवाद दिन चाहन्छु । यस शोधपत्रको उचित मूल्याङ्कनका लागि शिक्षाशास्त्र नेपाली केन्द्रीय विभागमा प्रस्तुत गर्दछु ।

मिति : २०७२/०६/०६ ..............................

Date : Sept. 23,2015

निरोज भट्टराई

(शोधार्थी)

# शोधसार

**शोधशीर्षक :** **मैले नजन्माएको छोरो** कथाको सङ्कथन विश्लेषण

**शोधार्थी :** निरोज भट्टराई

**शोधनिर्देशक :** प्रा.डा. यादवप्रकाश लामिछाने

**विभाग :** नेपाली भाषा शिक्षा विभाग, विश्वविद्यालय क्याम्पस, कीर्तिपुर

**शैक्षिक सत्र :** २०७०/०७१

**जम्मा पृष्ठ सङ्ख्या :** १०१ + १३ + ७ + १ = १२२

**जम्मा अध्याय :** पाँच

## उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क. 'मैले नजन्माएको छोरो' कथामा प्रयुक्त सम्बद्धकहरूको पहिचान गरी तिनको स्थिति केलाउनु,

ख. 'मैले नजन्माएको छोरो' कथामा प्रयुक्त सम्बद्धनहरूको पहिचान गरी तिनको स्थिति केलाउनु,

ग. सम्बद्धक र सम्बद्धनका दृष्टिले 'मैले नजन्माएको छोरो' कथाको उपयुक्तता निर्क्योल गर्नु ।

## शोधप्रक्रिया

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह एम.एड. दोस्रो वर्षको नेपा.शि. ५९८ को आवश्यकता पूर्तिका निम्ति तयार पारिएको छ । प्रस्तुत शोधपत्र 'मैले नजन्माएको छोरो' कथाको सङ्कथन विश्लेषण' शीर्षकमा गरिएको छ ।

प्रस्तुत शोध गुणात्मक प्रकृतिको भएकाले यो अध्ययन वर्णनात्मक र विश्लेषणात्मक विधिमा आधारित छ । जसका लागि सामग्री सङ्कलन प्रकाशित तथा अप्रकाशित पुस्तकहरू अध्ययनबाट गरिएको छ । यस शोधमा प्राथमिक सामग्रीका रूपमा मैले नजन्माएको छोरो

कथालाई लिइएको छ भने द्वितीय स्रोतको रूपमा सङ्कथन विश्लेषण सम्बन्धित पाठ्यपुस्तक, शोध प्रतिवेदन, पत्रपत्रिकामा प्रकाशित लेख, रचना, शोध निर्देशकको परामर्शलाई लिइएको छ । पाँचवटा अध्यायमा संरचित प्रस्तुत शोधपत्रको अध्याय एकमा शोध परिचय, अध्याय दुईमा पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा, अध्याय तिनमा अध्ययन विधि र प्रक्रिया, अध्याय चारमा व्याख्या तथा विश्लेषण र अध्याय पाँचमा सारांश, निष्कर्ष र उपयोगिता प्रस्तुत गरिएको छ ।

**निष्कर्ष**

प्रस्तुत शोधको निष्कर्षका रूपमा के तथ्य निकाल्न सकिन्छ भने कथ्य वा लेख्य रूपमा प्रस्तुत सन्दर्भ, प्रसङ्ग र अर्थपूर्ण भाषिक अभिव्यक्ति सङ्कथन हो । सङ्कथनमा के कस्ता भाषिक जोर्नी र वैचारिक अन्तःसूत्रको प्रयोग भएको छ , तिनको प्रयोगका दृष्टिले मैले नजन्माएको छोरो कथाको सङ्कथन विश्लेषण गरिएको छ । यस शोधबाट प्राप्त निष्कर्षलाई निम्न लिखित बुँदामा प्रस्तुत गर्न सकिन्छ :

- प्रयुक्त कथामा रहेका सार्वनामिक सम्बद्धक, स्थनिक सम्बद्धक, कालिक सम्बद्धक, संयोजक सम्बद्धक, प्रतिस्थापन सम्बद्धक, लोप सम्बद्धक, निपात सम्बद्धक, पुनरावृत्ति सम्बद्धक र कोशीय अर्थ सम्बन्ध जस्ता सम्बद्धकहरूको गरिएको छ ।
- कुनै पनि वैचारिक लेखकमा कुनै न कुनै रूपमा अन्विति कायम रहेको हुन्छ ।
- सङ्कथन विश्लेषणका युक्तिहरूमध्ये प्रस्तुत सङ्कथनलाई आधार मानेर हेर्दा मैले नजन्माएको छोरो कथामा विविध किसिमका सम्बद्धकहरूको उपस्थिति रहेको पाइन्छ । सार्वनामिक सम्बद्धकहरूमा पुरुषवाचक उपस्थिति रहेको पाइन्छ । त्यसै गरी स्थानिक सम्बन्धक, कालिक सन्दर्भक, संयोजक, पुनरावृत्ति, प्रतिस्थापन, लोप कोशीय अर्थ सम्बन्ध सन्निधान सम्बद्धकको प्रयोग गरिएको छ । सम्बद्धकको प्रयोगको आधारमा मूल्याङ्कन गर्नुपर्दा मैले नजन्माएको छोरो कथामा सम्बद्धकहरूमा एकरूपता र सन्तुलन भने भएको पाइँदैन । कहीँ धेरै कहीँ ज्यादै कम सम्बद्धकको प्रयोग गरिएको पाइन्छ । सम्बद्धकको प्रयोगगत दृष्टिकोणलाई मात्र हेर्ने हो भने मैले नजन्माएको छोरो कथा सफल मान्न सकिन्छ ।

- निर्दिष्ट कथाको विश्लेषण गर्दा त्यसमा समाविष्ट विचारको अन्तःशृङ्खलालाई जोड्नका लागि सामान्य विशिष्ट सम्बन्ध, कार्यकारणको सम्बन्ध, अप्रत्यक्ष सम्बन्ध, प्रयोजन सम्बन्ध, व्याख्यात्मक सम्बन्धहरूको प्रयोग बढी मात्रामा भएको पाइन्छ भने रीतिबोधक प्रभाव परिणाम, उद्देश्य, प्रयोजन, अनुमानित जस्ता सम्बद्धनहरको प्रयोग अत्यन्त न्यून भएको छ ।

- अर्थगत अन्विति र वैचारिक अन्तःसूत्रको निरन्तरताले कथालाई सम्प्रेषणीय बनाएको छ । यसर्थ पाठकलाई प्रस्तुत कथाको विचार बुझ्न धेरै कसरत गर्नु पर्दैन । समग्रमा मैले नजन्माएको छोरो कथा सम्बद्धक र सम्बद्धन दुवै दृष्टिले उपयुक्त, अर्थपूर्ण, सान्दर्भिक रहेको छ ।

## सङ्क्षेपीकृत शब्दसूची

| | | |
|---|---|---|
| अनु | : | अनुवाद |
| अप्र | : | अप्रकाशित |
| वि.सं. | : | विक्रम सम्बत् |
| क्र.सं. | : | क्रम सङ्ख्या |
| डा. | : | डाक्टर |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| नं. | : | नम्बर |
| नेपा.शि. | : | नेपाली शिक्षा |
| पृ. | : | पृष्ठ |
| प्रा. | : | प्राध्यापक |
| सम्पा | : | सम्पादक |
| वा.सं. | : | वाक्य सङ्ख्या |

# विषयसूची

पृष्ठ सङ्ख्या.

## अध्याय : एक

## परिचय


| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | समस्याकथन | २ |
| १.३ | शोधकार्यको उद्देश्य | २ |
| १.४ | अध्ययनको सान्दर्भिकता | ३ |
| १.५ | शोधकार्यको सीमा | ३ |


## अध्याय : दुई

## पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा


| | | |
|---|---|---|
| २.१ | पूर्वकार्यको समीक्षा | ५ |
| २.२ | सैद्धान्तिक अवधारणा | ८ |
| | २.२.१ सङ्कथनक विश्लेषणको सैद्धान्तिक अवधारणा | ८ |
| | २.२.२ सङ्कथनको परिचय | १० |
| | २.२.३ सङ्कथनको परिभाषा | १० |
| | २.२.४ सङ्कथनको प्रकार | ११ |
| | २.२.५ सङ्कथनको विश्लेषण पद्धति | १२ |
| | २.२.६ सङ्कथनका युक्ति | १४ |


## अध्याय : तिन

## शोध विधि र अध्ययन प्रक्रिया


| | | |
|---|---|---|
| ३.१ | अध्ययन क्षेत्र | २७ |
| ३.२ | सूचना सङ्कलनका साधनहरू | २७ |
| | ३.२.१ प्राथमिक स्रोत | २७ |
| | ३.२.२ द्वितीय स्रोत | २७ |
| ३.३ | तथ्याङ्क र सूचना सङ्कलन पद्धति | २७ |

३.४ तथ्याङ्क विश्लेषण र मूल्याङ्कन पद्धति २८
३.५ अध्ययनको ढाँचा २८

**अध्याय : चार**

**व्याख्या तथा विश्लेषण**

४.१ मैले नजन्माएको छोरो कथामा समाविष्ट वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धक २९
४.१.१ पहिलो अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धकहरूको विश्लेषण २९
४.१.२ दोस्रो अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धकहरूको विश्लेषण ३२
४.१.३ तेस्रो अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धकहरूको विश्लेषण ३३
४.१.४ चौथो अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धकहरूको विश्लेषण ३६
४.१.५ पाँचौं अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धकहरूको विश्लेषण ३८
४.१.६ छैटौं अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धकहरूको विश्लेषण ४२
४.१.७ सातौं अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धकहरूको विश्लेषण ४५
४.१.८ आठौं अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धकहरूको विश्लेषण ४८
४.१.९ नवौं अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धकहरूको विश्लेषण ५२
४.१.१० दशौं अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धकहरूको विश्लेषण ५४
४.१.११ एघारौं अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धकहरूको विश्लेषण ५५

४.१.१२ बाह्रौं अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धकहरूको विश्लेषण ५७
४.१.१३ तेह्रौं अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धकहरूको विश्लेषण ५९
४.१.१४ चौंधौं अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धकहरूको विश्लेषण ६१

४.२ मैले नजन्माएको छोरो कथामा समविष्ट वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धनको विश्लेषण ६३
४.२.१ पहिलो अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धनको विश्लेषण ६३
४.२.२ दोस्रो अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धनको विश्लेषण ६५
४.२.३ तेस्रो अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धनको विश्लेषण ६७
४.२.४ चौथो अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धनको विश्लेषण ६९
४.२.५ पाँचौं अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धनको विश्लेषण ७०
४.२.६ छैटौं अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धनको विश्लेषण ७५
४.२.७ सातौँ अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धनको विश्लेषण ७७
४.२.८ आठौँ अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धनको विश्लेषण ८१
४.२.९ नवैं अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धनको विश्लेषण ८४
४.२.१० दसैं अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धनको विश्लेषण ८६

४.२.११ एघारौँ अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धनको विश्लेषण ८७
४.२.१२ बाह्रौँ अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धनहरूको विश्लेषण ८८
४.२.१३ तेह्रौँ अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धनहरूको विश्लेषण ९०
४.२.१४ चौधौँ अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धनहरूको विश्लेषण ९२
४.३ प्रयुक्त सम्बद्धक र सम्बद्धनको विश्लेषण ९४

**अध्याय : पाँच**

**सारांश निष्कर्ष र उपयोगिता**

५.१ सारांश ९६
५.२ निष्कर्ष ९७
५.३ उपयोगिता ९८
५.३.१ नीतिगत तह ९८
५.३.२ प्रयोगात्मक तह ९९

**सन्दर्भ सामग्री** १००

**परिशिष्ट**

**व्यक्तिवृत्त**

# परिशिष्ट

## 'मैले नजन्माएको छोरो'

मेरो घर मूल सडकको छेवैमा छ । उसमाथि पनि मेरो कोठा त सडकतर्फ नै पर्छ । झ्याल उदाङ्गै खोलेर सडकको चहल-पहल हेर्नु मेरो आफ्नो दिनचर्याको एउटा मुख्य अङ्ग हुन आएको छ । म प्रायः यहाँबाट हेरिरन्छु । यहाँबाट सधैं ओहोर-दोहोर गर्नेहरू सबैलाई म चिन्छु । अड्डा जानेहरू, विद्यार्थीहरू तथा दूध, रोटी बेच्नेहरू सबैलाई । यसो भनूँ, मेरो बसिवियाँलोको नै यही झ्याल छ, अर्थात् मलाई पटक्कै फुर्सद छैन । त्यसो भन्नाले यही झ्याल कुरेर मैले जीवन बिताएकी होइन । एक समय यस्तो पनि थियो, जब यो झ्यालमा धर्ना दिनु त कुरै छोडिदिऊँ, चियाउन मात्रै पनि एउटा साँच्चैको पाप ठानिन्थ्यो । तर बिस्तारै सात साल, बुबाको मृत्यु र आफ्नो शिक्षाको विकास इत्यादिले गर्दा समयको नै हेरफेर भयो । मेरो यस झ्यालसँग धेरै घनिष्ठता बढ्यो । झन् पढिसकेर बिहानीको स्कूलमा जागीर खान थालेदेखि त मलाई प्रतिबन्ध लगाउने कोही छैन ।

यो झ्यालबाट एकनास हेरिरहनुमा मेरो नैतिकताको कुनै सम्बन्ध छैन । म काँतर स्वभावकी छु । म कसैसँग बोल्दिनँ, कसैसँग आँखा जुधाउँदिनँ । अझसम्म छैन । कसैलाई मायाप्रीति जनाएकी छैन, त्यसो भनूँ - यी सबप्रति मेरो रत्तिभर चाख नै छैन । म हृदयभरि आदर्शहरू बोकेर हिँड्छु, तर तीमध्ये कुनै पनि काम लाग्ने, लागू हुनसक्ने र प्रगतिशील खालका छैनन् । यस्तो छटपटिएको र नपाकेको आदर्श भएर होला, मेरो कुनै ठोस उद्देश्य पनि छैन । कसैप्रति मेरो रुचि छैन । कसैले मप्रति रुचि राखेको छैन । म एकतमासकी छु अनौठी छु । एउटा फूल नफूल्ने अथवा एउटा ढुङ्गोभन्दा बढ्ता मेरो जीवनको कुनै महत्व छैन । सामाजिक कार्य, साहित्य, गफ तथा सिनेमामा पनि केही रुचि नभएकोले यो सडक सधैं पढिरहन्छु र पढ्दै तुरन्त बिर्सदै गर्छु ।

यो फागुनको शुरु हो । दिन उज्यालो छ घाम मन्द छ भखर्र आएर झ्यालमा बसेकी छु । अड्डा जानेहरू गइसके । सडक सूनसान छ । स्कूल लागिसकेपछि आउने विद्यार्थीहरू फटयाक्फुटुक गइराखेका छन् । मेरो घरदेखि अलिक मास्तिर एउटा स्कूल छ जहाँ केटाहरू मात्र पढाइन्छन् । यत्तिकैमा म देख्छु - मेरो झ्यालको सोझै मुनितिर दुईजना ठिटाहरू । एकजना उभिएको छ र अर्को घाप्टेर साइकलको जंजीर हाल्न लागेको छ । उनीहरू लगभग

बाह्र-तेह्र वर्षका हुँदा हुन् । घोप्टेर साइकलको जंजीर  हाल्नेले टाउको उँभो उठाउँछ र मलाई झ्यालमा देख्छ । म एकपटक उसलाई हेरिरन्छु । ऊ लाज मान्दै, गाला र कान रातो पार्दै त्यहाँबाट भाग्छ । आजको दिन एक विशेष दिन, आजको हेराइ एक विशेष हेराइ, आजको संयोग एक विशेष संयोग, जसलाई होस निकै बेर आँखा जुधाएर मैले हेरेकी । मेरो आँखाबाट त्यो ठिटो भाग्छ तर म उसलाई विर्सन सक्तिनँ, कालो-कालो अनुहारमा दुई अति रहरलाग्दा आँखा, चञ्चल पुतली, घुम्रिएको कपाल, कञ्चट र घुच्चुकमा मुन्द्री परेर झरेको कपाल, मन हर्ने मुस्कान म कोशिश गर्दा पनि भुल्न सक्तिनँ । मलाई भित्र कता-कता कुत्कुती लाग्छ, रमाइलो लाग्छ कुन्नि यो कस्तो अनुभवको प्रहार हो । बुझ्न खोज्छु, बुझ्न सक्तिनँ । त्यो झ्याल नौलो लाग्छ, रमाइलो लाग्छ अनि फेरि आफैलाई बिरामी अनुभव गर्छु ।

तर के कुरा, यस्तो चञ्चलता अघि मलाई कहिल्यै आएन । सम्झन अथवा बिर्सनलाई मसँग कुनै विषय नै थिएन, चिन्तन गर्नलाई कुनै दुःखै थिएन । एक किसिमले सुखी नै थिएँ । तर षोडशी छँदा पनि नलागेको कुत्कुती आज यस उमेरमा किन त ? त्यसैले आफ्नो एकनास जीवनभन्दा विपरीत यो भावना आइदिएकोले मैले भनिसकें - म बिरामीको अनुभव गर्छु ।

त्यस दिनदेखि यता सधैं म उसलाई देख्छु । अब कल्पना गर्नलाई मसँग एउटा छायाँ छ सोच्नलाई एउटा विषय । अब म आफूभित्र त्यति फुका छैन, मेरो छातीमा पनि तरल पदार्थ सलबलाउन थालिसकेको छ, म आफैभित्र पग्लिसकेकी छु । ऊ आउँछ पेटीमा उभिएर मास्तिर झ्यालमा हेर्छ । साथीलाई छिँडीको पसलेकहाँ केही किन्न पठाउँछ । आफू त्यहीं उभिएर सुसेल्ने बहाना गर्छ । मसँग आँखा जुध्यो भने, गालामा कञ्चटमा, आँखाको छेउछाउमा सहिनसक्ता मुस्कानहरू नचाउँछ । साथीसँग चिरबिर-चिरबिर अर्थ नबुझिने कुरा गर्छ । मलाई त्यो बोली फागुनको बिहानै चरा कराएको जस्तो मीठो लाग्छ सानो घण्टी बजेको जस्तै स्वादिलो लाग्छ । मेरो कानमा स्वादैस्वाद भरिन्छ । यसले मलाई आत्मसन्तुष्टि दिन्छ, अँ आत्म - सन्तुष्टि ! तर यो नयाँ अनुभूतिको जुन छटपटी छ त्यो हराउँदैन । प्रश्नचिन्हहरू झन्-झन् बढ्ता मात्रामा रुमलिंदै आउँछन् । माया, ममता, स्नेह, प्रेमजस्तो कुनै भावनाले मलाई उकुस-मुकस बनाइराख्छ । म थाहा पाउँछु मभित्र जग नभएको एउटा हावामा झुण्डिएको घर तयार भइसकेको छ । म अझ स्पष्टै थाहा पाउँछु मेरो छाती चस्किन्छ । केही चीज पोखिएर बाहिर आउन खोज्छ । म कम बोल्दछ त्यसैले सबै कुरो ममा

अव्यक्त छ । हुँदा-हुँदै मेरो मनपराइ त्यो ठिटोप्रति सीमा नाघेर गइरहेको छ । त्यसलाई देख्दै म अधीर हुन्छु । उसलाई अङ्कमाल गर्न मन लाग्दछ, उसका दुवै गालामा म्वाई खान मन लाग्छ, काखमा राखेर खेलाउन मन लाग्छ । सत्य कुरो - उसलाई निचोर्न मन लाग्छ अँठ्याउन मन लाग्छ । मलाई हिष्टिरिया हुन खोज्छ । मेरो मानसिक सन्तुलन ढलमल हुन खोजेको प्रष्टै थाहा पाउँछु । समयको विकास भइसकेको छ, मानिसमा इच्छाशक्तिको केही अधिकार जमेको छ । पशुजस्तै सहज ज्ञानमा चले मानिस अनैतिक र असामाजिक ठहरिन्छ । मानिसलाई विभिन्न दृष्टिकोणबाट जोखेर फालिदिन्छ । आफैले आफैलाई जोख्छ । म पनि आफैलाई राम्रोसँग पारख गर्छु । कारण यो अनुभव मलाई मानिसको रोगजस्तै भइसकेको छ ।

खाटमा पल्टन्छु, सोच्छु । अरुको भन्दा मेरो भिन्नै चरित्र छ, भिन्नै आदर्श छ । मलाई कुखुरे बैसले छोएन, यौवनको चञ्चलताले छोएन । मलाई कहिल्यै कसैसित प्रेम गरुँजस्तो लागेन, मलाई विवाह गर्ने सोख जागेन, गृहिणी बन्ने रहर भएन र म अविवाहिता छु वयस्क हुन थालिसकेँ । विवाह त हुन सक्छ संयोग न हो, तर रहरलाग्दो विवाह हुँदैन मलाई विवाहमा चाख नै छैन । उमेर जति पुग्यो त्यति छिप्पिएकी म देखिन्नँ । मुख हेर्ने ऐनाले अझसम्म तिरस्कार गरेको छैन । मैले सुनेकी छु विवाह नगरेर बसेपछि जीवनमा निरर्थकता र विरक्ति आउँछ, यौवनसम्बन्धी रोग लाग्छ । तर यो विरक्ति मलाई लागेको छैन । रोग चाहिने यही हो कि, भन्न सकिन्न । म बिलकुल जीवनहीन भइसकेकी छैन । मैले सुनेकी छु, यो उमेरमा मानिसमा विकृति आउँछ - विशेष बिहे नगरी बसे । ममा त्यही विकृति आउन लागेको होइन ? म झस्कन्छु फेरि आफैलाई सान्त्वना दिन्छु किनकि यो उमेरमा पोखिएको पवित्र प्रेमलाई पनि मानिस विकृति नै भन्छन् । मैले पढेकी छु - पैतीस वर्षसम्म स्वास्नी मानिसको शरीर इन्द्रियको दास हुन्छ म डराउँछु पसीना चिटचिट आउँछ, घाँटी निमोठिएर आउँछ । म आफ्नो उमेरको हिसाब लगाउन खोज्छु, म अहिले पैतीस नाघेकी छैन, म पैतीस पुगेकी छैन तर, तर बिहे गरेको भए त्यही ठिटोजत्रो ढड्डु मेरो छोरो भइसक्थ्यो । यो 'छोरो' शब्द आउनासाथै ममा भूँइचालो जान्छ, एकपत्र तुवाँलो फाँट्छ, एउटा ठूलो प्रश्न चिन्ह हराउँछ, छटपटी कम हुन्छ, घाँटी निमोठिन छोड्छ, एकैसाथ पोखिन बाँकी नै रहन्छ । जे होस् म आफूलाई बीसको उन्नाइस स्वस्थ पाउँछु ।

भोलि हुन्छ । मेरो रोग कम भएको छ, तर सोचाइको मात्रा बढेको छ । मलाई फेरि पनि फुर्सद छैन । त्यस ठिटोलाई अङ्कमाल गर्ने, म्वाइँ खाने आवेग छुटेको छैन । त्यो मेरो छोरो वा अरु कोही, सोच्छु-शायद त्यो प्रकृतिको वरदान होला, स्वास्नी मानिसको वात्सल्यदेखि वञ्चित रहन नसक्ने । स्वास्नीमानिस स्वास्नी हुनुभन्दा जननी पहिले भइहोली । त्यसैले मातृप्रेम धेरै उच्च छ । छोरो, छोरो, म जहाँतहीँ छोरो देख्छु । हामी पनि छोरो भन्दाभन्दै जन्मँदै गएका छोराछोरी हौं । म भन्छु- छोरा, सबै छोरा भन्दछन् । कल्पना गर्छु यहाँ सबै छोरैछोरा भए ! अनि आफै खिस्स हाँस्छु । तर छोरो खेलाउनलाई पोइ चाहिन्छ । पोइ भन्नासाथ मेरो आँग सिरिंग हुन्छ किनकि यो पोइ मैले कहिल्यै कल्पना नगरेको वस्तु हो । पोइ भन्दा मलाई घिन जस्तो लाग्छ । एउटा छोराको लोभले म कल्पनामा पोइ समात्न खोज्छु । तर मरे पनि समात्न सक्तिनँ । यो पोइको नामको कुनै जीवलाई जबरजस्ती अँगालेर राख्न चाहन्छु, छोराको मूर्ति हटाउन चाहन्छु, तर पोइ भाग्छ । काखमा उही ढड्डु छोरो पल्टिरहन्छ । मेरी दिदीको सानो मरञ्च्याँसे छोरो छ तर मलाई त्यसको रहर लाग्दैन । म त्यसलाई खेलाउँदिनँ । किनकि म छोरो भन्यो कि यत्रै ढड्डु देख्छु । अनि मेरो वात्सल्यप्रति मलाई शंङ्का लाग्छ । एउटा धूवाँ उठ्छ क्रमशः प्रश्न बनेर आउँछ कस्तो छोरो, कस्तो पोइ ? पोइ र छोरो पालैपिच्छे मेरो मानसपटमा आधुनिक चित्रकलाझैं बुझ्नै नसकिने गरेर आउँछन् । तर म सन्तुष्ट छु किनकि मेरो मनबाट पचहत्तर प्रतिशत विकार भागिसकेको छ ।

फागुनको आरम्भ छ । स्कूले ठिटाहरू त्यसै तम्सेर अबीर खेल्छन, लोला हान्छन् । अहिले स्कूलको चिया खाने छुट्टी भएको छ । धमाधम आउन लागेका छन् । म छिँडीका पसलमा हुन्छु । साहुको छेवैमा नयाँ-नयाँ पुस्तकहरूको थाक छ जिल्लासुद्ध हालेको छ । म पुस्तकहरू खेलाउँदै सोच्छु - 'यो कस्को ?' साहुले हतारसाथ जवाफ दिन्छ - 'बेच्न ल्याएको ।' मेरो जिज्ञासा बढ्छ । यस्तो नयाँ ? फेरि प्रश्न गर्छु - कसले ?' साहू यताउता आँखा डुलाउँछ, सङ्केत गर्छ- 'ऊ त्यसैले ।' म देख्छु -मेरो छोरो भनाउँदो मुस्काउँदै आइरहेछ । मलाई सङ्कोच लाग्छ लाज लाग्छ । शायद आमा भइसक्नेहरूमा छोराप्रति यस्तै भावुकता रहँदो हो, मलाई एउटा प्रश्न सोध्न मन लाग्छ, म सोध्छु- 'यो किन बेच्या हँ ?' साहुले गर्भसाथ जवाफ दिन्छ - 'चुरोट खानलाई, सिनेमा हेर्नलाई ।' मेरा आँखाको अगाडि कालो पर्दा आउँछ आफैलाई अलिकति तल खसेको अनुभव हुन्छ । तर साहू विचैमा बोलिदिन्छ- 'त्यो ठिटाले तपाईलाई सोध्या' थियो, त्यो झ्यालमा बस्ने स्वास्नीमान्छे को हँ ? भन्दै थियो ।' मलाई फेरी अर्को

कुत्कुती लागेर आउँछ । तर सोच्न पर्ने कुरा धेरै छ- पुस्तक, चुरोट, सिनेमा तर सोच्न पाउँदिनँ । निधारमा बजेको लोलाले आँखामा फिलिङ्गो उडाइदिन्छ । म लाजले र लोलाको रङ्गले राताम्मे हुन्छु । मेरो छोरो सुकुमारी हाँसो हाँस्दै अलिक पर उभिराखेको हुन्छ । अँ, यो मुस्कार चाहिने, म पटकक्क सहन सक्तिनँ र भाग्छु । तर हिँडाइमा बोझ छैन, फूलजस्तो हलुका भएको छ मेरो पाइलो ।

त्यसपछि त्यसपछि म गन्थन गर्नै सक्तिनँ । केही त मैले पाएकै छु । त्यस रात म सपना देख्छु- मैले भर्खरै एउटा छोरालाई जन्म दिएकी छु र मातृगर्वले फुलेर दङ्गदास छु । मेरो छोरो काखमा नअटाएर पल्टेको छ र मसित चुरोट खाने पैसा मागिरहेको छ । म ब्यूँझन्छु- मेरो आँखा भरिएर आउँछ तर उसको सुकुमार स्पर्शले मलाई नशा चढिराखेको हुन्छ । अवचेतन अवस्थामा नै म उसको बदमाशी केवल आफैसित ढाकछोप गरिदिन्छु र भन्छु- मेरो बाबा ! तिमी असाध्यै राम्रा छौ । शायद यसरी आमा भइसकेकाहरूले छोराको बदमाशी लुकाउन कता-कता हृदयको अन्तरमा सुरक्षा साँचेका हुँदाहुन् । मायाको बन्धन के विश्वास, साथै के विश्वास आजको युग, नैतिकता र विकास ।

मेरा आदर्शहरूले घेरा हालेर मलाई थुनेका छन् । म आमा भइसकेँ कि क्या हो कुन्नि ? मेरो स्वभाव बदलिइसकेको छ । म तस्वीरको बालकलाई माया गर्छु । बाटाको धूलोमा खेल्ने बच्चालाई त्यसै अँगालूँजस्तो लाग्छ । पूर्णिमाको दिन, आकाश सफा छ, घाम चर्को छ । वातावरणमा एउटा उद्वेग छ चञ्चलता छ । म प्रतीक्षामा छु मैले नरोपेको फूलको आशा लाग्छ, शायद फुल्दो हो, माटो र वर्षात न हो ! यत्तिकैमा म साइकलको घण्टी बजेको सुन्छु । हेर्छु र हेरेको हेऱ्यै हुन्छु । कान र गालाको मुस्कान, चुरोट फोक्सो ओकल्ने खोकी सफा बाटो र खकार । म अतासिन्छु तर तर मेरो आँखा भरिँदैन, यसैले कि म आमा होइन अबको पालि आँखामा होइन हृदयमा कालो पर्दा आउँछ । म निकै तल खस्छु ।

मेरो रोग फेरि बढ्न थालेको छ । मलाई मानसिक रोग लागेको छ । म यस रोगलाई व्यक्त गर्न पटक्क सक्तिनँ । म शिक्षित छु चेतनामा चल्छु । जबसम्म चेतनाले औल्याउँछ, म आफूलाई र आफ्ना आदर्शहरूलाई खरानी हुन दिन्नँ । यो मानसिक विकार होस, चाहे 'यौन विकार' चाहे कुनै किसिमको मायाको सम्बन्ध नै हो । म कसलाई भनूँ, जब कि व्यक्त गरेर हलुको हुने समस्या नै यो होइन, बाँडेर सिद्धिने दुःख होइन । प्लास्टिकको गोलीलाई ओथार्न

खोजेकी निर्लज्ज कुखुरीको माउजस्ती म एउटा कोरा भावनामा आफैलाई पिल्स्याएर हिँड्ने, तर त्यो कुखुरीको आवेग एउटा सत्यता, अनि मेरो कुन्नि सत्य कि झूट ! !

फागुनको अन्त अन्त । सारा प्रकृतिलाई कुत्कुत्याउने वसन्तको सिरसिरे हावा चलेको छ । मध्यान्ह दिन, घामलाई पातलो तुवाँलोले छोपेको छ । म शहरतर्फ जान हिडिरहेछु मन्द गतिमा परको भट्टीपसल आइपुग्छ । त्यहाँ एउटी बुढीकन्या साहूनी छ, फरासिली, साथै चोथाले तर व्यापार गर्न असाध्य सिपालु । अनायस र त्यतातिर हेर्छु । सोच्छु- यहाँ उसलाई किन आउनुपऱ्यो । चिया खानलाई होइन, भुराभुरीलाई चिया किन खानुपर्छ ? लौ चिया खान आएको रे, तर यहाँ त मासुको अचार र रक्सी पो चल्ती छ । मेरो आँग सिरिङ्ग हुन्छ । मेरो छोरो भनाउँदो हात हालेर साहूनीसँग ठट्टा गरिरहेको हुन्छ । मतिर उस्तै गरी हाँसेर हेर्छ । साहूनी भनिराखेको छ 'ए छाड मोरा ! बूढीसँग पनि चल्ने ?'

शब्दको चर्को चाबुकको प्रहारले मेरो आङ् झनन्न बज्छ । मेरो छोरो छिपिइदै गएको पाउँछु । तर मेरो पछि ऊ आइरहेछ, घण्टी जस्तै बज्दै चराजस्तै चिरबिराउँदै । म प्रष्टै सुन्छु र विश्वास गर्छु, मेरो लगाइ र हिँडाइमाथि कैफियत दिई-दिई बोल्दै गएका निम्न कोटिका शब्दहरू । मलाई नै घोचपेच गर्दै छुटिरहेका तल्लो दर्जाका बोलीहरू । तर मलाई लाग्छ - पिस्तोलको तातो गोली कानैबाटै सनसनाएर गइरहेको छ । मेरो मनबाट घेरै ठूलो बस्तु हराउँछ । म तलै खस्छु धेरै तल । अबको पालि छोप्ने कालोले मलाई विश्व नै कालो देखादिन्छ । मलाई फेरि हिस्टीरिया हुन खोज्छ । पछि फर्केर केही भन्न खोज्छु, तर सक्तिनँ । कुन आर्दशका आधारमा म धारे हात लगाउँदै तम्सिन्छु । म सराप्छु, युग परिवर्तनलाई, शिक्षापद्धतिलाई, आमाहरूको मायालाई केवल सराप्दिनँ आफ्नै कायरतालाई । जलन, घृणा र हीनताको अनुभवले मेरो अनुहारभरि विकार आउँछ । यो म आफै खस्किन लागेको मेरो तल्लो ओठबाट सजिलै थाहा पाउँछु । यी सब अटेसमटेसलाई लखेट्न अनायास आफै मेरो नाक बज्छ । मेरो आङ सिरिङ्ग हुन्छ, मलाई जाडो लाग्छ, पसिना पनि आउँछ तर मलाई रोगले पनि छोड्दै गएको जस्तो लाग्छ, पसीना आएपछि छुट्ने ज्वरो जस्तो ।

बाहिरको संसार दृष्टि र क्षितिजसम्मको दूरीमा नै सिद्धिन्छ, तर मनको संसार के भनूँ ? मनको सृष्टि नै विभिन्न, म त राम्रैसँग ठीक भइसकेकी छु । मेरो छातीबाट एउटा गह्रौ ढुङ्गा हटिसकेको छ । पोखिन चाहने वस्तु अबउप्रान्त पोखिन चाहन्न क्यारे, भागिसकेको छ । केही हराएको छ तर त्यसको अभावले कति पनि पोल्दैन । अब म भ्यालबाट हेर्दिनँ, सडकलाई

पढदिन । अब मलाई फुर्सदै-फुर्सद छ । आज दिनभरि दराजमा भएका पत्रिकाहरू हेरी बसेकी छु । म धेरै कठोर भइसकेकी छु । मभित्र सलबलाइरहेको त्यो तरल पदार्थ पुस महिनामा पानी जमेझैं जमिसकेको छ, अब पग्लन्न, कहिल्यै पग्लन्न ।

**(आदिम देशबाट)**

# व्यक्तिवृत्त

| | | |
|---|---|---|
| नाम | : | निरोज भट्टराई |
| ठेगाना | : | गाम्नाङ्गटार-३, ओखलढुङ्गा |
| लिङ्ग | : | पुरुष |
| बाबुको नाम | : | केशव प्रसाद भट्टराई |
| आमाको नाम | : | लक्ष्मी भट्टराई |
| राष्ट्रियता | : | नेपाली |
| भाषा | : | नेपाली, अङ्ग्रेजी |

**शैक्षिक योग्यता**

| क.सं. | तह | शिक्षण सङ्ख्या | उत्तीर्ण साल | श्रेणी |
|---|---|---|---|---|
| १. | एस.एल.सी. | श्री ग्रामोदय मा.वि., गाम्नाङ्गटार, ओखलढुङ्गा | २०६१ | द्वितीय |
| २. | +२ | श्री ग्रामोदय युगकवि सिद्धिचरण उच्च मा.वि., गाम्नाङ्गटार, ओखलढुङ्गा | २०६४ | द्वितीय |
| ३. | स्नातक | महेन्द्ररत्न क्याम्पस, ताहाचल | २०६८ | द्वितीय |
| ४. | स्नातकोत्तर | विश्वविद्यालय क्याम्पस, कीर्तिपुर | २०७२ | प्रथम |

अध्याय : एक

# परिचय

## १.१ पृष्ठभूमि

भाषा सामाजिक वस्तु हो । भाषाका माध्यमबाट समाजमा भएका आवश्यकता परिपूर्ति हुने गर्दछन् । भाषाको क्षेत्र बृहत् रहेको हुन्छ । भाषाले गर्दा संसार साँघुरो भएको छ । भाषाले गर्दा विश्व आज एउटा घर जस्तो भएको छ । भाषाले गर्दा कुनै पनि देशको समाज र संस्कृतिको आदान प्रदान गर्न सजिलो भएको छ । भाषा र संस्कृति कुनै पनि देशका गहना हुन् । भाषाको अध्ययन गर्ने विज्ञानलाई भाषाविज्ञान भनिन्छ ।

प्रस्तुत शोधपत्र स्नातकोत्तर तह दोस्रो वर्षको ५९८ पाठ्यांशको आंशिक उद्देश्य पूर्तिका लागि तयार पारिएको हो । यसमा विशेषता सङ्कथन विश्लेषणभित्र सम्वद्धन र सम्बद्धकको सैद्धान्तिक अवधारणा पत्ता लगाउने प्रयास गरिएकोछ । मैले नजान्माएको छोरो कथाको सम्बद्धन र सम्बद्धकहरूको अध्ययनमा केन्द्रित रहेको छ ।

व्याबहारिक प्रयोजनलाई ध्यान राखेर भाषाको अध्ययन विश्लेषण गर्ने भाषाविज्ञान शाखालाई विविध शाखाहरूमध्ये सङ्कथन विश्लेषण पद्धित एउटा मुख्य शाखा हो । माथिल्लो भाषिक एकाइलाई नै सङ्कथन भनिन्छ । यसलाई पूर्ण एवम् सिङ्गो अभिव्यक्तिका रूपमा लिन सकिन्छ । सङ्कथन कथ्य र लेख्य दुवै रूपमा आउन सक्छ । संवाद, वादविवाद, कुराकानी आदि कथ्य सङ्कथनका रूपमा आउन सक्छन् भने निबन्ध, जीवनी, कथा, कविता, विज्ञापन आदि लेख्य सङ्कथनका रूपमा आउन सक्छन् । जे होस् वाक्यभन्दा माथिल्लो आफैँमा पूर्ण एउटा भाषिक घटकलाई नै सङ्कथन भनिन्छ । यसलाई पूर्ण एवम् सिङ्गो भाषिक अभिव्यक्तिका रूपमा लिइन्छ । सङ्कथनको प्रकृतिअनुसार सङ्कथनको विश्लेषण गरिन्छ । लेखन सङ्कलन गर्ने आधार भनेको सङ्कथन कुन मान्यतामा निर्माण भएको हो भन्ने नै हो । सङ्कथनमा हुनु पर्ने गुणहरू छन् कि छैनन् भनी सङ्कथन विश्लेषण गरिन्छ । यसरी विश्लेषण गर्ने आधारहरू फरक-फरक हुन्छन् लिखित र मौखिक सङ्कथनलाई विश्लेषण गर्ने आधार फरक फरक हुन्छन् लेख्य सङ्कथनको तुलनामा कथ्य सङ्कथनको विश्लेषण केही जटिल हुन्छ । यसरी हेर्दा प्रायोगिक भाषा विज्ञानको एउटा महत्त्वपूर्ण शाखा सङ्कथन

विश्लेषण हो । सङ्कथनमा हुनु पर्ने गुणहरू छन् कि छैनन् भनी विश्लेषण गर्नु सङ्कथन विश्लेषण हो ।

## १.२ समस्याकथन

अनुसन्धानको विषयको सङ्क्षिप्त स्पष्टीकरण नै समस्या कथन हो वा अनुसन्धानको लागि छनोट भएको अनुसन्धेय विषय नै समस्या कथन हो । खास गरेर अनुसन्धान शीर्षकअन्तर्गत मुख्य-मुख्य समस्या र सम्भावित समाधानका उपायलाई नै समस्या कथनका रूपमा लिन सकिन्छ । कुनै पनि विषयमा अध्ययन अनुसन्धान गर्दा समस्याको पहिचान अनिवार्य रूपमा गर्नुपर्ने हुन्छ । यहाँ समस्या कथन यही समस्याको पहिचान अनिवार्य रूपमा आएको छ । शोधकार्यमा समस्या कथन अहम् भूमिका रहेको हुँदा यसलाई शोधपत्रमा उल्लेख गर्नु आवश्यक हुन्छ । अनुसन्धान गर्नुभन्दा अगाडि उक्त अनुसन्धान गर्न लागेको विषयसँग परिचित हुन आवश्यक छ । समस्याकथनमा जुन समस्याको समाधान गरिने हो । त्यसको पृष्ठभूमि परिचय क्षेत्रको विस्तृत दिइएको हुन्छ (भट्टराई, २०६८:१२१) ।

प्रस्तुत शोधकार्य कथामा के कस्तो सङ्कथनको प्रयोग भएको छ भन्ने कुराको विश्लेषणमा केन्द्रित रहेको छ । प्रस्तुत शोधपत्रको समस्याहरू निम्नानुसार रहेका छन् :

(क) 'मैले नजन्माएको छोरो' कथामा के कस्ता सम्बद्धकहरू प्रयोग गरिएका छन् ?

(ख) उक्त कथामा के कस्ता सम्बद्धनहरू प्रयोग भएका छन् ?

(ग) उक्त कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनलाई के कसरी विश्लेषण गर्न सकिन्छ ?

## १.३ शोधकार्यको उद्देश्य

मैले नजन्माएको छोरो कथाको सङ्कथन विश्लेषण गर्नु प्रस्तुत शोधको मुख्य उद्देश्य रहेको छ । शोध समस्याको आधारमा शोधकार्यको उद्देश्यहरू निर्धारण हुन्छन् । त्यसैले शोध समस्या र शोध उद्देश्य एक अर्काका परिपूरक मानिन्छन् । त्यसैले समस्याको समाधानार्थ प्राप्त गरिने प्रमाणिक प्राप्ति नै उद्देश्य हो । प्रस्तुत शोधकार्यका लागि निम्न लिखित उद्देश्यहरू रहेका छन् :

(क) 'मैले नजन्माएको छोरो' कथामा प्रयुक्त सम्बद्धकहरूको पहिचान गरी तिनको स्थिति पहिल्याउनु

(ख) 'मैले नजन्माएको छोरो' कथामा प्रयुक्त सम्बद्धनहरूको पहिचान गरी तिनको स्थिति केलाउनु,

(ग) सम्बद्धन र सम्बद्धकका दृष्टिले 'मैले नजन्माएको छोरो' कथाको उपयुक्तता निक्र्योल गर्नु ।

## १.४ अध्ययनको सान्दर्भिकता

भाषाको सबैभन्दा ठुलो वा माथिल्लो एकाइ नै सङ्कथन हो । यसलाई अभिव्यक्तिको उपल्लो एकाइ पनि भनिन्छ । सङ्कथन वाक्यांश वा शब्दगत स्वरूपबाट पनि अभिव्यक्त हुन सक्छ पुस्तकालयमा लेखिएको 'कृपया शान्त रहेनु होला' देखि लिएर बिजुलीको ट्रान्सफर्ममा लेखिएको 'खतरा' जस्ता शब्दले पनि सङ्कथनात्मक अभिव्यक्ति रहेको हुन्छ । समग्रमा सिङ्गो भनाइ नै सङ्कथनको स्वरूप हो ।

प्रस्तुत शोधकार्य अगाडि न्यून मात्रामा सङ्कथन विश्लेषणसम्बन्धी शोधकार्यहरू भएकाले सङ्कथन विश्लेषणको अवधारणालाई नयाँ उचाइमा पुऱ्याउन सम्बन्धित सरोकारवालाहरू सबैलाई सङ्कथनसम्बन्धी ज्ञानको दायरा फराकिलो बनाउनको लागि सहयोग हुने भएकाले यो अध्ययन सान्दर्भिक रहेको छ ।

नेपाली साहित्यका विभिन्न विधाहरूमा सङ्कथनको प्रयोग भएको हुन्छ । कथ्य सङ्कथनमा पनि हामीले जानी नजानी सम्बद्धन र सम्बद्धकको प्रयोग गरिरहेका हुन्छौं । यसरी हामीले दैनिक रूपमा प्रयोग गर्ने सम्बद्धन र सम्बद्धकको सैद्धान्तिक अवधारणा निर्माण गर्न पनि यो अध्ययन सान्दर्भिक रहेको छ ।

## १.५ शोधकार्यको सीमा

हरेक कुरा आफैँमा पूर्ण हुँदैन, आफैँमा पूर्ण हुन्छ भन्नु घमण्ड शिवालय केही होइन । अनुसन्धानको क्षेत्रमा रहेर हेर्दा अनुसन्धानकर्ता जहाँसम्म पुग्न सक्दछ त्यो सीमा हो । यसको मतलब कुनै पनि विषयको अनुसन्धान गर्दा त्यसको विषय, क्षेत्र, समय आदिको किटान गर्नु नै अध्ययनको सीमाङ्कन हो । अध्ययनको सीमाङ्कनबाट अनुसन्धानकर्तालाई एउटा निश्चित दिशामा शोधलाई अगाडि बढाउनु सहयोग पुग्दछ । फेरि निश्चित प्रयोजनका लागि गरिने अनुसन्धानमा सबै कुराहरू उपलब्ध गराउन कठिन हुने हुँदा

अनुसन्धानकर्ताले यसको सीमा निर्धारण गर्नु पर्दछ । यसबाट पाठकलाई उक्त शोध कुन र कहाँसम्म पुगेर गरिएको हो भन्ने कुराको जानकारी मिल्दछ । यसका साथै शोधकार्य निश्चित गोरेटोमा रहेर छिटोछिटो अगाडि बढ्न सक्दछ ।

प्रस्तुत शोधपत्रलाई निम्नानुसार सीमाङ्कन गरिएको छ :

(क) प्रस्तुत शोधपत्र भाषाका विभिन्न घटकहरूमध्येको एउटा घटक सङ्कथनको विश्लेषणमा मात्र केन्द्रित रहेको छ ।

(ख) प्रस्तुत शोधपत्र परीक्षाद्वारा लिखित 'मैले नजन्माएको छोरो' कथाको सङ्कथन विश्लेषणमा मात्र सीमित रहेको छ ।

(ग) प्रस्तुत शोधपत्र 'मैले नजन्माएको छोरो' कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनमा मात्र केन्द्रित रहेको छ ।

# अध्याय : दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

कुनै पनि कार्यको सुरुवात गर्नु पूर्व सम्बन्धित क्षेत्रमा त्यसभन्दा पहिले के कस्ता अध्ययनहरू भएका छन् भन्ने कुराको जानकारी हुनु आवश्यक हुन्छ । विगतका अनुभवहरूको आधारमा वर्तमानलाई सफल बनाउन पूर्वकार्यको समीक्षा गर्नु अपरिहार्य मानिन्छ । सम्बन्धित विषयमा भएको अध्ययन नदोहोरियोस् र समेटिनु पर्ने सबै कुरा समेटिउन् भन्ने मनसायका साथ पूर्वकार्यको समीक्षा गर्नु पर्छ । यसभन्दा अघि सम्बन्धित विषयमा भएका अनुसन्धान के-के हुन् ? त्यसता अनुसन्धानबाट कस्ता निष्कर्ष निस्के अझै पनि सम्बन्धित विषयमा हुनैपर्ने अनुसन्धेय कुरा छुट्यो कि ? अनुसन्धान भएको विषय क्षेत्रमा अनुसन्धेयको विषयवस्तुमा दोहोरिने सम्भावना पो छ कि ? आदि जस्ता कुराहरूमा स्पष्ट हुनुको लागि पूर्वकार्यको समीक्षा शोधार्थीको लागि एउटा महत्त्वपूर्ण आधार हो ।

पूर्व कार्यको समीक्षाले शोधपत्रलाई सरल ढङ्गले अगाडि बढाउन शोधार्थीलाई सहयोग गर्ने भएकाले पनि यो महत्वपूर्ण आधार हो । प्रस्तुत शोधकार्यसँग सम्बन्धित पूर्वकार्यको समीक्षा निम्नानुसार छ :

ब्राउन र युल (१९८३) द्वारा सङ्कथन विश्लेषण शीर्षकमा अनुसन्धान गरिएको छ । मानव जातिले सम्प्रेषणको लागि भाषाको प्रयोग कसरी गर्दछ ? वक्ताले स्रोताका लागि भाषा वैज्ञानिक सन्देश कसरी प्रवाहित गर्दछ र स्रोताले उक्त सन्देशलाई कसरी ग्रहण र व्याख्या गर्दछ भन्ने कुराको वृहत्तर अध्ययन गरेका छन् ।

लम्साल र अन्य (२०६०) द्वारा 'प्रायोगिक भाषाविज्ञान' पुस्तकमा सङ्कथन विश्लेषणका बारेमा चर्चा गरिएको छ । यसमा लिखित र मौखिक भाषामा वाक्यहरूले कसरी अनुच्छेद, संवाद, अन्तरवार्ता आदि वृहत्तर सार्थक एकाइ निर्माण गर्दछन् भन्ने कुरालाई प्रस्तुत गरिएको छ ।

आचार्य (२०६१) द्वारा 'कक्षा १० को नेपाली किताबमा रहेका कथाको सङ्कथन विश्लेषण' शीर्षकको शोधपत्रमा सङ्कथन विश्लेषणको सैद्धान्तिक आधारलाई प्रस्तुत गर्दै कथामा

प्रयुक्त सम्बद्धक र सम्बद्धनको परिचय दिई विश्लेषण गरिएको छ । उनले त्यहाँ समाविष्ट कथाहरूलाई सङ्कथनका दृष्टिले हेरेका छन् । उनले उक्त कथाहरूमा प्रयुक्त सम्बद्धन र सम्बद्धक दुवैको अध्ययन गरेकी छन् । पुस्तकालीय अध्ययनलाई आधार बनाएर गरिएको उक्त अध्ययनमा सङ्कथनका दृष्टिले कक्षा १० मा समाविष्ट कथाहरू उपयुक्त नै रहेको निष्कर्ष निकालिएको छ ।

गौतम (२०६४) द्वारा 'चिलाउने चौरमा मृगतृष्णा' निबन्धको सङ्कथनात्मक विश्लेषण शीर्षकमा गरेको शोधपत्रमा ह्यलिडे र हड्सन (१९७६) को अवधारणालाई विश्लेषणको आधार बनाइएको छ । सङ्कथन विश्लेषणमा सम्बद्धक र सम्बद्धनको के कस्ता भूमिका रहेको हुन्छ । उक्त भूमिका आधारमा निर्धारित निबन्धको के कसरी सङ्कथन विश्लेषण गर्ने भन्ने जस्ता समस्याकथन देखाइएको प्रस्तुत शोधकार्यमा प्राथमिक स्रोत र द्वितीय स्रोतबाट सामग्री सङ्कलन गरिएको पाइन्छ । प्राथमिक स्रोतका रूपमा 'चिलाउने चौरमा पलाएको मृगतृष्णा' निबन्धलाई लिइएको छ । भने द्वितीय स्रोतका रूपमा सङ्कथनसँग सम्बन्धित अन्य सामग्रीहरूलाई आधार बनाइएको छ । सङ्कथन विश्लेषणमा सम्बद्धक र सम्बद्धनको भूमिका के हुन्छ पत्ता लगाउनु, उक्त भूमिकाका आधारमा निर्धारित निबन्धको सङ्कथन विश्लेषण गर्नु जस्ता उद्देश्य निर्धारण गरिएको यस शोधपत्रमा प्रस्तुत निबन्ध ह्यालिडे र हड्सनले प्रस्तुत गरेका धारणाका नजिक रहेर अध्ययन गरिएको पाइन्छ । यस निबन्धमा निष्कर्ष यस शोधकार्यमा निकालिएको पाइन्छ । यसमा उनले निबन्धमा रहेका सम्बद्धक र सम्बद्धनको खोजि गरेका छन् तर अनुच्छेद अनुच्छेदका बिचमा प्रयुक्त सम्बद्धन र सम्बद्धकको अध्ययन भने गरिएको पाइँदैन ।

जैसी (२०६४) द्वारा 'तिन घुम्ती'  उपन्यासको सङ्कथन विश्लेषण शीर्षकमा प्रस्तुत गरेको शोधपत्रमा सङ्कथनको एउटा युक्ति सम्बद्धकको विश्लेषण गर्ने आधारहरूलाई प्रस्तुत गरिएको छ । प्राथमिक स्रोतका रूपमा 'तिन घुम्ती' उपन्यास र द्वितीयक स्रोतका रूपमा पुस्तकालयको अध्ययन गरिएको छ । यसकै आधारमा 'तिन घुम्ती' उपन्यासभित्रका सम्बद्धकको पहिचान र वर्गीकरणसमेत गरेका छन् । यसरी 'तिन घुम्ती' उपन्यासभित्रका सम्बद्धकको पहिचान र वर्गीकरणसमेत गरे तापनि सङ्कथनको अर्को युक्ति सम्बद्धनका दृष्टिले उनले यसमा अध्ययन गरेका छैनन् जुन सङ्कथन विश्लेषण दृष्टिमा कमजोर पक्ष मानिन्छ ।

बस्नेत (२०६७) द्वारा 'कक्षा ९ को अनिवार्य नेपाली' पाठ्यपुस्तकमा रहेका कथाहरूको सङ्कथनात्मक अध्ययन गरिएको छ । उनले यसमा भविष्य निर्माण र 'खड्गबहादुर' कथामा प्रयुक्त सम्बद्धन र सम्बद्धकको विश्लेषणात्मक अध्ययन गरिएको छ । सङ्कथन विश्लेषणका सैद्धान्तिक आधारहरूको पुनरावलोकन गर्नु, कक्षा ९ को अनिवार्य नेपाली पाठ्यपुस्तकको कथाहरूमा प्रयुक्त सम्बद्धनहरूको पहिचान गर्नु उक्त कथाहरूमा प्रयुक्त सम्बद्धकको स्थितिको निरूपण गर्नु जस्ता उद्देश्य राखिएको प्रस्तुत शोधपत्रमा वर्णनात्मक विधिलाई आधार बनाइएको छ । प्राथमिक स्रोतका रूपमा कक्षा ९ को नेपाली किताब र द्वितीय स्रोतका रूपमा अन्य सङ्कथनसँग सम्बन्धित सामग्रीहरूलाई आधार बनाइएको छ । सम्बद्धकका ११ भेद र सम्बद्धनका २३ भेद रहेको निष्कर्ष पनि यसमा निकालिएको छ । खड्गबहादुर र भाविष्य निर्माण कथामा सार्वनामिक, पारस्परिक प्रसङ्ग जस्ता सम्बद्धकहरूको प्रयोग गरेका  सम्बर्द्धकहरूको अनुपातगत एकरूपताको अभाव रहे तापनि पाठभित्रका भाषिक एकाइहरू बिच आपसी सम्बन्ध कायम गर्न महत्त्वपूर्ण भूमिका खेलेको निष्कर्षसमेत निकालिएको पाइन्छ । सम्बद्धनका दृष्टिले उपयुक्त रहेको, 'भाविष्य निर्माण'मा १६ प्रकारका र 'खड्गबहादुर' कथामा २० प्रकारका सम्बद्धनहरूको प्रयोग गरिएको भन्ने निष्कर्ष पनि यस शोधकार्यमा निकालिएको पाइन्छ । समग्रमा वाक्य वाक्य बिचको अध्ययन गरे तापनि एक अनुच्छेद र अर्को अनुच्छेदका बिचमा प्रयुक्त सम्बद्धन र सम्बद्धकको अध्ययन भने यस शोधकार्यमा गरिएको पाइँदैन ।

ढकाल (२०६६) द्वारा 'मधेसतिर' कथाको सङ्कथन विश्लेषण शीर्षकमा गरिएको शोधकार्यमा सङ्कथन विश्लेषण गर्ने सैद्धान्तिक आधारहरूलाई प्रस्तुत गर्दै 'मधेसतिर' कथामा प्रयुक्त वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धन र सम्बद्धकहरूलाई विश्लेषण गरिएको छ । सङ्कथन विश्लेषणका सैद्धान्तिक आधारहरू तयार पार्नु 'मधेशतिर' कथामा प्रयुक्त सम्बद्धकहरूको पहिचान गरी तिनको स्थिति केलाउनु 'मधेसतिर' कथामा प्रयुक्त शोधपत्रमा प्राथमिक र द्वितीय स्रोतबाट सामग्री सङ्कलन गरिएको पाइन्छ । प्राथमिक स्रोतका रूपमा 'मधेसतिर' कथा र द्वितीय स्रोतका रूपमा सङ्कथनसँग सम्बन्धित अन्य सामग्रीहरूलाई आधार बनाएर तयार परिएको प्रस्तुत शोधपत्र पाँच अध्यायमा संरचित रहेको छ । सङ्कथनात्मक दृष्टिले 'मधेसतिर' कथामा उपयुक्त रहेको, सङ्ख्यात्मक रूपमा सबैभन्दा बढी कोशीय सम्बद्धक अर्न्तगतका समावेशात्मकता र सन्धिधान सम्बद्धकको प्रयोग भएको निष्कर्ष निकालिएको छ । 'मधेसतिर' कथामा प्रयुक्त अनुच्छेद-अनुच्छेदका बिचमा प्रयुक्त सम्बद्धक र

सम्बद्धनकोसमेत अध्ययन  विश्लेषण गरिएको यस शोधपत्रमा उनले सैद्धान्तिक आधार तयार पार्ने क्रममा भाषाका अन्य एकाइहरूको सामान्य परिचयसमेत प्रदान गरिएको छैन । जबकि सङ्कथन भाषाको सबैभन्दा ठूलो एकाइ हो, यसको सम्बन्ध भाषाको सबैभन्दा सानो एकाइ ध्वनिसँग पनि उत्तिकै रहेको हुन्छ भन्ने कुराको जानकारी दिइएको छैन ।

भट्टराई (२०६९) द्वारा 'परालको आगो' कथाको सङ्कथन विश्लेषण शीर्षकमा गरेको शोधकार्यका सङ्कथन विश्लेषणसँग सम्बन्धित भएर गहन अध्ययन अनुसन्धान गरिएको छ । प्राथमिक स्रोतका रूपमा नासो कथा सङ्ग्रह र द्वितीय स्रोतका रूपमा पुस्तकालयीय अध्ययनको प्रयोग गरिएको छ । यस अध्ययनमा सङ्कथनको परिचय भाषिक एकाइका रूपमा सङ्कथन विश्लेषण गर्ने सैद्धान्तिक अध्ययन प्रस्तुत गरी सम्बद्धक र सम्बद्धन तथा अनुच्छेदका बिचको पूर्वापर सम्बन्धको विश्लेषण गरिएको छ । यसरी हेर्दा 'परालको आगो' कथा सङ्ग्रहको विश्लेषण गरिए पनि आवश्यक रूपमा सामग्री सङ्कलन गरिएको पाइएको छैन ।

यसरी हेर्दा सङ्कथन विश्लेषणसँग सम्बन्धित भएर गरिएका विभिन्न अध्ययन अनुसन्धानहरूको सूची लामै देखिन्छ । यी अध्ययन अनुसन्धानको प्रयोजन विषय, क्षेत्र आ-आफ्नै रहेको देखिन्छ । शोध प्रस्तावमा 'मैले नजन्माएको छोरो' कथाको प्रस्तुत सङ्कथन विश्लेषण भाषिक एकाइका रूपमा सङ्कथन तथा सङ्कथन विश्लेषण गर्ने सैद्धान्तिक आधारहरूलाई प्रस्तुत गरी उक्त अनुच्छेदका बिचमा प्रयुक्त सम्बद्धक र सम्बद्धनकोसमेत विश्लेषण गरिएको छ । यसबाट सङ्कथन विश्लेषणका बारेमा थप जानकारी मिल्ने र सङ्कथनात्मक दृष्टिकोणले 'मैले नजन्माएको छोरो' कथाको विवेचना र विश्लेषण हुने हुँदा यससँग सम्बन्धित जानकारीहरूसमेत हासिल गर्न सहयोग पुग्नेछ भन्ने विश्वास गर्न सकिन्छ ।

## २.२ सैद्धान्तिक अवधारणा

### २.२.१ सङ्कथनक विश्लेषणको सैद्धान्तिक अवधारण

सामान्यतया संवाद विश्लेषणमा रूपमा चिनिने सङ्कथन विश्लेषण हाल आएर पाठ विश्लेषण वा आख्यान विश्लेषणका रूपमा पनि उपयोग  हुन थालेको पाइन्छ । संवाद विश्लेषणमा कथ्य भाषिक अभिव्यक्तिको विश्लेषण गर्ने सैद्धान्तिक अवधारण अङ्गालिन्छ र

त्यसै किसिमको विश्लेषण पद्धति अपनाइन्छ । पाठ विश्लेषणमा लेख्य भाषामा विभिन्न विधाको विश्लेषण गर्ने सैद्धान्तिक अवधारणहरू विकसित भएका छन् । त्यस्तै आख्यान विश्लेषणमा आख्यानात्मक विधामा समय, घटना, चरित्र, कार्य परिवेश बिचका आपसी सम्बन्ध र सङ्गठन पक्षहरूलाई केलाउने सैद्वान्तिक मान्यताहरू विकसित भएका छन् । यसरी सङ्कथनका स्वरूप र सन्दर्भगत भिन्नता अनुरूप यसका विश्लेषण प्रक्रियाहरू पनि स्वभावले प्रभावित र निर्देशित भएका देखिन्छन् । सोही अनुरूपका सैद्वान्तिक आधार र पद्धतिगत भिन्नताले पनि यसलाई अझ विविधतामूलक र भिन्न प्रकृतिमा ढालेको देखिन्छ ।

सङ्कथन कुनै पनि विषयवस्तु, घटना, प्रसङ्ग वा विचारको साङ्गोपाङ्ग अभिव्यक्ति हो । यसको वृहत आकारले पूर्णता प्राप्त गर्नका लागि रूप, शब्द, वाक्यांश, वाक्य, अनुच्छेदको क्रमबद्ध, आवद्धता हुनुपर्दछ भन्ने सूक्ष्म आकारले पूर्णता पाउनका लागि प्रयुक्त शब्द वा एकाइमा सिङ्गो विचार जनाउन सक्ने सामर्थ्य रहेको हुनु पर्दछ । सुरु सुरुमा सङ्कथनभित्र कथ्य भाषाका कुराकानी संवाद वस्तुभित्र वर्णन घटना वा मात्रा वर्णन, वादविवाद भाषण आदि मात्र पर्दछन् भनिथ्यो । तर आजभोलि लेख्य भाषामा कथा, कविता, निवन्ध र महाकाव्य जस्ता विधाहरू पनि समावेश हुन थालेका छन् ।

सङ्कथन विश्लेषणमा पाठको स्वरूप, संरचना वा घटकीय पक्षलाई पनि ध्यान दिनुपर्दछ । गाइ कुककाअनुसार सङ्कथन विश्लेषणमा अधोगमन र उर्ध्वगमन पद्धति गर्नु पर्दछ (भट्टराई २०६९ : १८) । सिङ्क्लेयरकाअनुसार सङ्कथन विश्लेषणमा वाक्य विश्लेषण गर्नुपर्दछ । निश्चित सैद्वान्तिक मान्यतामा रहेर गरिने सङ्कथन विश्लेषण कार्यबाट पाठ र रचनामा प्रयुक्त घटना, चरित्र, परिवेश, समय जस्ता विभिन्न पक्षको विश्लेषण गरिन्छ । विचार वा प्रस्तुतिको अनुक्रम तथा तिनको उचित संयोजनको विश्लेषणबाट भाषा र भाषिक स्वरूपको विश्लेषणको सम्भव भएकाले सङ्कथन विश्लेषणलाई भाषिक अध्ययनको नवीन शास्त्र मानिएको छ (भट्टराई, २०६९ : १९) ।

निष्कर्षमा सङ्कथन विश्लेषण भनेको सङ्कथनमा हुनुपर्ने गुणहरू भए नभएको पहिल्याउनु र सङ्कथन निर्माणको आधार पहिचान गरी त्यसको व्याख्या विश्लेषण गर्नु नै हो भनेर यसलाई बिट मार्न सकिन्छ ।

### २.२.२ सङ्कथनको परिचय

सङ्कथन भाषाको सबैभन्दा माथिल्लो एकाइ हो । जसले भाषाको सन्दर्भपूर्ण सिङ्गो अभिव्यक्तिको प्रतिनिधित्व गर्छ । यसमा भाषाका समग्र एकाइहरूको एकीकृत कथन, सौन्दर्य र अर्थ आशयहरू प्रकाशित भएका हुन्छन् । अतः सङ्कथन भनेको सम्प्रेषणको सिङ्गो नमुनालाई सङ्कथन भनिन्छ ।

सङ्कथन शब्द अङग्रेजी भाषा डिस्कोर्स Discourse शब्दको समनार्थी शब्दका रूपमा नेपाली भाषामा प्रचलित भएको हो । यो ल्याटिन भाषाको डिस्कर्सन Dicursus बाट अङग्रेजी भाषामा आएको शब्द हो जसको अर्थ टु रन अन (to run on) भन्ने हुन्छ पौडेल, २०७१ : पृ. १७) । यसरी हेर्दा सङ्कथन भन्नाले सन्दर्भबद्ध भएर फैलिएको र प्रकाशित भएको भाषिक स्वरूप भन्ने अर्थ लाग्दछ । सङ्कथन शब्दको पहिलो प्रयोग गर्ने व्यक्ति प्राश्चात्य भाषाविद जेलिइ एस ह्यारिस हुन । उनले सन १९५२ मा एउटा लेख लेखेर विस्तारित पाठहरूमा भाषा तत्वहरूको एकीकृत वितरणसम्बन्धी चर्चा गर्ने क्रममा सङ्कथन शब्दको प्रयोग गरेका थिए । त्यसमा उनले हेयर टनिकको विज्ञापनिक भाषालाई उदाहरण बनाएर सङ्कथनमा पनि  वाक्य व्याकरण फैलिएको तथ्य प्रयोग गरेका थिए (पौडेल, २०७१ : पृ., १७) ।

निष्कर्षमा सङ्कथन भनेको वाक्यभन्दा माथिल्लो भाषिक एकाइ हो । जुन आफैँमा पूर्ण हुन्छ । यसको स्वरूप लामो वा छोटो दुवै हुन सक्छ र यो लेख्य अनि कथ्य दुबै रूपमा आउन सक्छ । सङ्कथनमा संरचनात्मक र अर्थगत दुवै पक्ष समाविष्ट हुने हुँदा सङ्कथन अर्थगत पक्षअन्तर्गत प्रस्तोता, बोद्धा, परिवेश र प्रसङ्ग पर्दछन् ।

### २.२.३ सङ्कथनकको परिभाषा

सङ्कथन वाक्यभन्दा माथिल्लो भाषिक एकाइ हो । यो लेख्य र कथ्य दुवै रूपमा आउन सक्छ । यसको आयाम एउटा सानो अंशदेखि लिएर विशाल आकारको महाकाव्यसम्मकोसमेत हुन सक्छ । सङ्कथन कथ्य, लेख्य र साङ्केतिक जे भएपनि यसले भाषाको सिङ्गो रूप वा समग्र कथनलाई समेट्न अनिवार्य छ । सङ्कथनलाई आफ्नै ढङ्ले परिभाषा दिए पनि निष्कर्षमा प्राय एउटै देखिन्छ । भाषागत एकाइका दृष्टिले भएको आकार उच्चतम देखापर्दछ  भन्ने अर्थगत दृष्टिले यो सग्लो एवम् पूर्ण अधिव्यक्तिका रूपमा

देखापर्दछ । नुनान (सन् १९९३ : १५६) काअनुसार “सङ्कथनले सान्दर्भिक सम्प्रेषणीय कथन घटनाको व्याख्यालाई बुझाउँदछ । “कुराकानी तथा पाठ्य स्वरूपमा प्रस्तुत गर्न सकिने सङ्कथनमा सम्बोधक, सम्बोधित, परिवेश, कोड, सन्देश, उद्देश्य लगायतका तत्वहरू अन्तनिहित हुन्छन् जसलाई सम्बद्धनले सङ्कथनात्मक प्रकृतिमा सुसंयोजन गरेका हुन्छन् । गौतम र अन्य (२०६७ : २३) काअनुसार सङ्कथनलाई संरचनापरक तथा सन्दर्भपरक गरी दुई रूपमा परिभाषित गर्न सकिन्छ । संरचनागत परिभाषाअन्तर्गत सङ्कथनलाई वाक्यभन्दा माथिल्लो तहको भाषिक प्रयोगका रूपमा र सन्दर्भपरक परिभाषाअन्तर्गत खास सन्दर्भमा भएको भाषाको प्रयोग वा वास्तविक भाषिक प्रयोगका रूपमा लिन सकिन्छ । सिङ्क्लेयर ( सन् १९७५) काअनुसार व्याकरण विश्लेषणमा पाँचवटा तहहरू रूप, पद, पदावली, वाक्यांश र वाक्यको विश्लेषण गरिए जस्तै सङ्कथन विश्लेषणमा पनि कार्य, चाल, विनिमय, प्रबन्ध र पाठ गरी पाँचवटै तहको विश्लेषण गरिन्छ । महर्जन (२०१० : २२८) काअनुसार सङ्कथन विश्लेषणमा मौखिक, साङ्केतिक र लिखित भाषाको प्रयोग गरिन्छ । यस क्रममा शब्द छनोट, उच्चरण, वाक्यगठन, अर्थतात्विक स्थिति तथा भाषिक व्यवहारलाई जोड दिइन्छ । गाइ कुक (सन् १९९६) का सङ्कथन भनेको भाषिक प्रवाह जो हुन अर्थपूर्ण र उद्देश्यपूर्ण हुन्छ । भट्टराई (२०६५ : ५१) काअनुसार सङ्कथन भनेको कुनै सन्दर्भमा व्यक्त भएको सञ्चारिक घटनाको व्याख्या वा विश्लेषण हो जसभित्र एकभन्दा बढी वाक्यहरू रहन्छन् ।

निष्कर्षमा भाषाको कथ्य वा अभिव्यक्तिमा आधारित समग्र कथनलाई सङ्कथन भनिन्छ । यसअन्तर्गत विभिन्न सन्दर्भमा प्रयोग भएका अभिव्यक्तिमा विविध प्रकार पर्दछन् । लामो वा छोटो आयाममा प्रस्तुत हुन सक्ने आयाममा विचारको प्रकटिकरण गर्दा हुने वाक्यभन्दा माथिका भाषिक एकाइ नै सङ्कथन हो । भाषामा यिनै विस्तारित स्वरूपको विश्लेषण सङ्कथन विश्लेषण हो ।

### २.२.४ सङ्कथनका प्रकारहरू

सङ्कथनलाई भाषाविद्हरूले विभिन्न प्रकारले वर्गीकरण गरेको पाइन्छ । सामान्य सङ्कथनअन्तर्गत कथ्य र लेख्य सङ्कथन, पारस्परिक सङ्कथन, औपचारिक सङ्कथन, अन्तरक्रियात्मक सङ्कथन पर्दछन् भने विशिष्ट सङ्कथनअन्तर्गत विभिन्न विषय क्षेत्र जस्तै धार्मिक साहित्यको कानुन आदिसँग सम्बन्धित सङ्कथन पर्दछन् (ढकाल २०६८-२०) यसरी

सङ्कथनमा सम्बन्धित रहेर विभिन्न विद्वान्हरूले विभिन्न तरिकाले देखाए पनि खास गरी दुई प्रकारले वर्गीकरण गर्न सकिन्छ ।

### क. कथ्य सङ्कथन

मौखिक अभिव्यक्तिलाई कथ्य सङ्कथन भनिन्छ । कुराकानी वा वार्तालाई कथ्य सङ्कथन हुन् । कथ्य सङ्कथन अनौपचारिक हुन्छ । यसमा वक्ता वा स्रोता दुबै उपस्थिति हुन्छन् । भाषिक प्रयोग सरलता हुनाका साथै भाषेत्तर गतिविधिहरू कथ्य सङ्कथनमा रहेको छन् । कथ्यमा पदावलीको पुनरावृत्ति थेगोको प्रयोग निपात प्रयोग आदि हुने भएकाले अभिव्यक्तिमा स्वतन्त्रता महशुस गर्दछन् । कथ्य सङ्कथनमा स्वरध्वनि विचार व्यक्त गर्न कथ्य भाषामा पालो पखर्नु पर्दछ । भाषाको जीवन्त रूप कथ्य भएकाले मानवीय सम्बन्ध स्थापित गर्न यसको प्रयोग गरिन्छ ।

### ख. लेख्य सङ्कथन

लिखित अभिव्यक्तिलाई लेख्य सङ्कथन भनिन्छ । लेख्य सङ्कथन लामो समयसम्म रहेको छिट्टै परिवर्तन नहुने प्रकृतिको हुन्छ । वक्ता र स्रोत आमुन्ने सामुन्ने नहुने प्रकृतिको हुन्छ । वक्ता र स्रोता आमुन्ने सामुन्ने नहुने नरहेको भएकाले विचारको प्रकटीकरणमा भाषिक गतिविधि मात्र हुन्छ । लेख्य सङ्कथनमा स्तरीय औपचारिक भेद प्रयोग गरिने हुँदा व्याकरण सम्मत बनाउने प्रयास हुन्छ । लेख्य कथनमा सामान्यभन्दा विशिष्ट शब्दभण्डारको बढी प्रयोग गरिन्छ । कथ्यमा झैं थेगो, निपात जस्ता शब्द लेख्य सङ्कथनमा प्रयोग गरिँदैन । लेख्य सङ्कथनलाई कथ्य सङ्कथनभन्दा सघन र जटिल प्रकृतिको सङ्कथन भनिन्छ ।

## २.२.५ सङ्कथनक विश्लेषण पद्धति

सङ्कथन विश्लेषण कहाँबाट सुरु गर्ने कसरी अगाडि बढ्ने कहाँ पुगेर अन्त्य गर्ने भन्ने कुराको अध्ययन गर्ने पद्धतिलाई सङ्कथन विश्लेषण पद्धति भनिन्छ । सङ्कथन विश्लेषणका क्रममा सङ्कथनमा प्रयुक्त घटकहरूको बाह्य संरचना र तिनको आन्तरिक अर्थ सम्बन्धको खोजी र विश्लेषण गर्ने कार्य सङ्कथन विश्लेषणमा हुन्छन् । सङ्कथन विश्लेषण क्रममा निम्न पद्धतिको उपयोग गर्न सकिन्छ ।

### क. उर्ध्वगमन पद्धति

सङ्कथन विश्लेषण गर्दा यो पद्धति जटिलबाट सरलतिर जाने पद्धति हो यसमा सबैभन्दा साना एकाइको पहिचान र विश्लेषण गर्दै माथिल्लो वाक्य अनुच्छेद परिच्छेद हुँदै समग्र पाठको विश्लेषण गरिन्छ ।




### ख. अधोगमन पद्धति

सङ्कथन विश्लेषणका क्रममा सरलबाट जटिलतिर जाने पद्धतिलाई अधोगमन पद्धति भनिन्छ । यसलाई आधोगमन पद्धतिको ठिक उल्टो पद्धति भनिन्छ । अधोगमन पद्धतिमा पाठ परिच्छेद अनुच्छेद वाक्य हुदै तल्ला भाषिक एकाइको सङ्कथन विश्लेषण गरिन्छ ।




### ग. अन्तरक्रियात्मक पद्धति

उर्ध्वगमन र अधोगमनले सङ्कथन विश्लेषण गर्न नसकेपछि सन् १९८० मा स्टानोभिजले अन्तर्क्रियात्मक पद्धतिको प्रयोग गरेका छन् । उनकाअनुसार बोध र विश्लेषण तलबाट माथितिर र माथितिरबाट तलतिर भन्ने जस्तै सजिलो कुरा होइन बरु यो त एक अन्तरर्क्रियात्मक प्रक्रिया हो यस पद्धतिमा एक तहमा भएको कमीलाई अर्को तहमा पुरा गर्न सकिन्छ ।

### २.२.६ सङ्कथनका युक्तिहरू

सङ्कथन निर्माणमा आएका भाषिक घटकहरूलाई जोड्नका लागि आएका तत्वहरूलाई नै सङ्कथनका युक्ति भनिन्छ । सङ्कथन निर्माणका लागि आवश्यक पर्ने युक्तिहरूलाई सम्बद्धक र सम्बद्धन भनिन्छ । सङ्कथन निर्माणले सम्बद्धक र सम्बद्धनको प्रयोग गरिरहेको जानकारी नपाए पनि स्वाभाविक रूपमा पूर्णकथन वा समग्र कथन यी  दुबै उपस्थिति हुन्छ । विचारको श्रङ्खलालाई जोड्न र विचार प्रभावकारिताको भूमिका निर्वाह गरेका हुन्छन् त्यसकारण यिनको भूमिकालाई सङ्कथनमा उल्लेख्य नै मानिन्छ ।

#### २.२.६.१ सम्बद्धक

सम्बद्धक वाक्य वा त्यसभन्दा माथिल्लो भाषिक एकाइहरूलाई अन्तरसम्बन्धित बनाउने वा एक आपसमा जोड्ने युक्ति हो । यिनलाई सङ्कथनात्मक दृष्टिले विविध भाषिक एकाइ वा वाक्यभन्दा माथिको अर्न्त वाक्यात्मक सम्बन्ध जोड्ने अन्वयक संयोजक वा जोडक पनि भनिन्छ । सम्बद्धकले पाठभित्रका भाषिक एकाइलाई सुनिश्चित सम्बन्ध सूत्रमा बाँधेर सङ्कथनलाई अर्थपूर्ण बोधगम्य र सम्प्रेष्य बनाउनमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यस क्रममा सङ्कथनात्मक पाठहरूका वैचारिक श्रृङ्खलाहरूलाई विस्तार गर्ने, स्पटीकरण दिने, थपोट गर्ने कार्य कारण सम्बन्ध देखाउने, विकल्प दर्साउने, विरोध गर्ने, अनुमोदन गर्ने, समर्थन गर्ने, विपरीत दृष्टिकोण दिने, तुलना गर्ने, व्याख्या गर्ने, निष्कर्ष दिने आदि भूमिका सङ्कथनमा प्रत्यक्ष सहयोग पुऱ्याएका हुन्छन् । सम्बद्धक सङ्कथन मूलतः सार्वनामिक सम्बद्धक, स्थानीक तथा कालिक सम्बद्धक, संयोजक, पुनरावृत्ति, प्रतिस्थापन लोप कोशीय अर्थ सम्बद्धक आदि रहेका छन् । माथि विभिन्न कारणका भएपनि खास गरी व्याकरणिक सम्बद्धक र कोशीय सम्बद्धकका रूपमा विभाजन गर्न सकिन्छ ।

**१. व्याकरणिक सम्बद्धक**

सङ्कथनको संरचनामा आउने भाषिक वाक्यहरूलाई व्याकरणिक आधारमा जोड्ने सम्बद्धकहरूलाई नै व्याकरणिक सम्बद्धक भनिन्छ । सङ्कथनमा यसको भूमिका वाक्यहरूलाई व्याकरणिक कोटिका आधारमा निर्धारण गर्नु हो । यस व्याकरणिक सम्बद्धका प्रकारहरू  निम्न रहेका छन् :

## क. सार्वनामिक सम्बद्धक

वाक्यभित्र र वाक्य वाक्यका बिचको कथनलाई जोड्ने सार्वनामिक एकाइलाई सार्वनामिक सम्बद्धक भनिन्छ । सर्वनामसँग सम्बन्धित यस्ता सम्बद्धकले अग्र वा पश्च भागमा आएका विचारहरूलाई अर्थपूर्ण प्रसङ्गपूर्ण बनाउने काम गर्दछ । सङ्कथनका अगाडि प्रयोग भइसकेका भाषिक एकाइलाई सङ्केत गर्ने सर्वनामहरू अग्रसन्दर्भक हुन् भने पछाडि प्रयोग हुने भाषिक एकाइलाई सङ्केत गर्ने सर्वनामहरू पश्चसन्दर्भक हुन । जस्तै :

क. राम घर गयो र उसले काममा वस्यो ।

ख. सीता असल छिन्, उनले मिहेनत गरेर पढ्छिन् ।

माथिको उदाहरण क मा उसले रामलाई सङकेत गरेको छ अर्थात आफूभन्दा अगाडिको सूचनालाई यसले व्यक्त गरेको छ भने ख को उदाहरणमा आएको सीता सर्वनामले मिहेनतलाई बुझाएको छ । यहाँ राम अग्रसन्दर्भका र मिहेनत पश्च् सन्दर्भकका रूपमा आएका छन् । सार्वनामिक सम्बद्धकहरूलाई पनि विभिन्न प्रकारले बाँडेर अध्ययन गर्न सकिन्छ ।

### अ. पुरुषवाचक

कथनमा वक्ताको सन्दर्भ जनाउने सर्वनामलाई सार्वनामिक सम्बद्धक भनिन्छ । म र हामी सार्वनामिक सम्बद्धक हुन । यिनीहरूसँग विभिन्न चिन्ह र वहुवचनको रूप तथा नामयोगी जोडिँदा बन्ने अन्य रूपहरू पनि सङ्कथनमा सार्वनामिक सम्बद्धकका रूपमा आएका हुन्छन् । कथनमा स्रोताको सन्दर्भ बुझाउने सर्वनामलाई द्वितीय पुरुषवाचक सम्बद्धक भनिन्छ । तँ, तिमी, तपाई, यहाँ हजुर, मौसुफ र यिनका बहुवचन रूप विभक्ति लागेपछिका रूपहरू र नामयोगी जोडिएका रूपहरूलाई द्वितीय पुरुष वाचक सम्बद्धक भनिन्छ । वक्ता र स्रोताको सर्न्दभभन्दा भिन्न कथ्य विषयसँग सम्बन्धित सन्दर्भ जनाउने सर्वनामहरू तृतीय पुरुष सर्वनाम बहुवचनका  रूपहरू विभक्ति लागेपछिका रूपहरू र नामायोगी जोडिदा बन्ने रूपहरूसमेत तृतीय पुरुष सार्वनामिक सम्बद्धक कै रूपमा सङ्कथनमा प्रयोग हुन्छन् ।

### आ. आत्मवाचक

आफू र स्वयम्लाई बुझाउन आउने सङ्कथनलाई आत्मवाचक सार्वनामिक भनिन्छ । आफू शब्दमा विभक्ति नामायोगी तथा वहुवचन जोडिँदा आत्मवाचक सङ्कथनको प्रयोग हुन्छ ।

### इ. दर्शकवाचक

कुनै पनि वस्तु वा  धारणालाई तोकेर देखाउनका लागि प्रयोग हुने सर्वनामलाई दर्शकवाचक सर्वनाम भनिन्छ । दर्शकवाचक सर्वनाम पनि निकटवर्ति र दुरवर्ति दुई किसिमका हुन्छ । वक्ता नजिक सन्दर्भ जनाउने सर्वनाम निकटवर्ति र टाढाको सन्दर्भ देखाउने सर्वनाम दुरवर्ति सर्वनाम हुन्छन् । जस्तै यो, यी यहाँ, यही, यस आदि निकटर्ती दर्शकवाचक सर्वनाम हुन । भने, त्यो, ती, तिनी, उहाँ, त्यही, त्यसले आदि दूरवर्ति दर्शकवाचक सर्वनाम हुन् ।

### ई. सम्बन्धवाचक

कुनै दुई वा सोभन्दा बढी उप वाक्य वा वाक्यांशका बिच आपसी सम्बन्ध दर्शाउन आउने सम्बद्धकलाई सम्बन्धवाचक सर्वनामिक सम्बद्धक भनिन्छ । जस्तै जो, जे, जुन, जहिले, जहाँ, जसरी जस्ता सम्बद्धकहरू सम्बन्धवाचक सार्वनामिक सम्बद्धकभित्र पर्दछन् ।

### उ. प्रश्नवाचक

वाक्य स्वरूपलाई प्रश्नवाचक बनाउने आउने सम्बद्धकलाई प्रश्नवाचक सार्वनामिक सम्बद्धक भनिन्छ । को, के, कुनै, कहाँ, कहिले, कसरी लगायतका सम्बद्धकहरू प्रश्नवाचक सम्बद्धक हुन । यस्ता सम्बद्धकहरू सङ्कथनमा मानवीय र मानवेत्तर सन्दर्भ जनाउनका निम्ति प्रयुक्त हुन्छन् । प्रश्नवाचक सम्बद्धकहरू अनिश्चयात्मक र निश्चयात्मक गरी दुई भागमा विभाजन गर्न सकिन्छ । कोही, जुनकुकै, जेपनि, कतिमा, केही, कुनै जोसुकै, कसैले जस्ता सम्बद्धकहरूले कतिपय, केही, कुनै, जेसुकै, कसैले, जस्ता सम्बद्धकहरूले अनिश्चयात्मक सन्दर्भ जनाउने हुँदा यिनलाई अनिश्चयात्मक सम्बद्धकका रूपमा र, हरेक, अरु, प्रत्येक, एउटा, अर्को, दुबै, सबै जस्ता सम्बद्धकले निश्चयात्मक सन्दर्भ प्रस्तुत गर्ने हुँदा यिनलाई निश्चयात्मक सम्बद्धकका रूपमा लिइन्छ ।

### ऊ. पारस्परिक

पारस्परिको वा एकआपसको अवस्था जनाउन प्रयोग हुने सम्बद्धकलाई पारस्परिक सार्वनामिक सम्बद्धक भनिन्छ । एकआपस, आफ्नो, एक-अर्को, आपस-आपस, आ-आफू लगायतका सम्बद्धकहरू यसअन्तर्गत पर्दछन् ।

### ख. स्थानिक सम्बद्धक

सङ्कथनिक संरचनामा आएको कथन घटनाका विभिन्न स्थान, ठाउँ वा परिवेश जनाउने सम्बद्धकमा स्थान एवम् परिवेश जनाउनका लागि नाम, सर्वनाम, नामायोगी तथा क्रियायोगीहरू प्रयोगमा आएका हुन्छन् जस्तै काठमाडौँ, चितवन, वुटवल, हिमाल, यहाँ, त्यहाँ,भित्र, वाहिर, माथि, मुनि, सगसँगै, वरपर, नजिक, सामुन्ने, वारि, पारि, आदि । स्थानिक, सम्बद्धकको प्रयोग कहाँ, कता र को सूचना प्रस्तुत गर्ने काम गर्दछ ।

### ग. कालिक सम्बद्धक

सङ्कथनमा कथ्य घटनाको काल वा समय जनाउन आउने सम्बद्धकलाई कालिक सम्बद्धक भनिन्छ । यसअन्तर्गत नामयोगी र क्रियायोगी जस्ता कालिक सम्बद्धकहरू पर्दछन् । जस्तै गतवर्ष समयपछि एक छिन्पछि जहिले पनि आदि । कालिक सम्बद्धकले समग्रतः कहिले भन्नु भन्ने सूचना प्रस्तुत गर्ने गरिन्छ ।

### घ. संयोजक

सङ्कथनमा आएका दुई वा सोभन्दा बढी उप वाक्य तथा वाक्यहरूलाई जोड्दा आउने शब्दलाई नै संयोजक सम्बद्धक भनिन्छ । संयोजक निश्चित हुने भएकाले यसलाई वद्ध वर्गमा राखिन्छ । संयोजकको मुख्य कार्य दुई व्याकरणिक एकाइर्तफ जोड्नु हो । संयोजकलाई विभिन्न प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

### ङ. प्रतिस्थापन

सङ्कथनमा पूर्व प्रयुक्त पदावली उप वाक्य र वाक्यहरूका एउटा सोही भाषिक कार्य र अर्थ अभिप्राय जनाउन आउने अर्को पद, पदावली, उप वाक्य र वाक्यहरूको

उपयोग गरी काम चलाउँदा पनि सङ्कथनात्मक सम्बद्धक झल्किएको हुन्छ । यसमा अभिव्यक्तिमा विविधता आलङ्कारिता र मिठासको पनि निमार्ण भएको हुन्छन् ।

### च. लोप

सङ्कथयुक्त घटना र वैचारिक अभिव्यक्तिमा कतिपय कुराहरू सान्दर्भिक ढंङ्गले सजिलै पूर्वानुमान हुन सक्ने भएमा तिनको लोप गरेर पनि सम्बद्धक जनाउन सकिन्छ । यस्तो लोप भएका भाषिक प्रसङ्ग वा आइटमहरू स्रोता वा पाठकहरूले सहज ढङ्गले बुझ्न सक्ने र व्याख्या गर्न सकिने खालका हुन्छन् । त्यसैले त्यस्ता सूचनाहरू एक एक गरेर उल्लेख नभएका भए पनि सम्पेषणात्मक सन्दर्भका आधारमा कार्य कारण, भाव, भावना, प्रकाश्य प्रकाशन, आदि प्रसङ्गहरूको सहयोग बोध गम्य हुन्छन् ।

### छ. निपात

निपातहरू वाक्यका कुनै खास शब्दमा या वाक्यमा आश्रित रही तिनमा निश्चिय, आग्रह, स्वीकृति, बल आदि भाव थप गर्ने अव्यय शब्द हुन । यिनीहरूको स्वतन्त्र अर्थ चाहिँ हुँदैन । साथै निपातहरू भाषामा सीमित संख्यामा रहेका हुन्छन् । जस्तै नै, मात्र, केवल, पनि, ले, है, न, त, वि, पो, क्या, के, कि, र, क्यार, खै, लौ, है, आदि । निपातहरू वाक्यमा अग्र मध्य र अन्त्यमा आउन सक्दछन् ।

## २. कोशीय सम्बद्धक

सङ्कथनमा सम्बद्धकको रूपमा कार्य गर्ने कोशीय प्रकृतिका शब्दहरूलाई कोशीय सम्बद्धक भनिन्छ । कोशीय सम्बद्धकहरूले दुई वा दुईभन्दा बढी शब्दका अतिरिक्त वाक्य वाक्यका बिचको आर्थी सम्बन्धलाई जनाउँछ । कोशीय सम्बद्धकअन्तर्गत नाम, विशेषण, क्रियायोगी र क्रिया पर्दछन् । यिनीहरू अर्थतात्विक दृष्टिले स्वतन्त्र एवम् पूर्ण हुन्छन् भने मात्रात्मक दृष्टिले असङ्ख्य हुन्छन् । सङ्कथनको संरचनामा मुख्य संरचक घटकका रूपमा रहेको कोशीय सम्बद्धकलाई व्यवस्थित किसिमले लिएर प्रयोग गरिएको हुन्छ । यिनको प्रयोगबाट सङ्कथनमा व्यक्त गर्न र खोजिएका विचार प्रभावकारी उपयुक्त रसात्मक हुनुका साथै सुहाउँदो बन्न पुग्दछ । कोशीय सम्बद्धक निम्न प्रकारका हुन्छन् ।

## क. पुनरावृत्ति

सङ्कथनमा अघिल्लो वाक्यमा प्रयोग भएको भाषिक एकाइ पछिल्लो वाक्यमा पनि देखा परेमा त्यहाँ पुनरावृत्ति हुन्छ । एउटै भाषिक एकाइको पटक-पटक प्रयोग हुनु पुनरावृत्ति हो । सङ्कथनमा पद, पदावली, उप वाक्य र सिङ्गो वाक्यकोसमेत पुनरावृत्ति हुन्छ ।

## ख. पर्यायवाची सम्बद्धक

कुनै एउटा शब्दले व्यक्त गर्ने विचार अर्को शब्दले पनि व्यक्त गर्न सक्ने अवस्थालाई पर्यायवाची र त्यसका निम्ति प्रस्तुत शब्दहरूलाई पयार्यवाची सम्बद्धक भनिन्छ । पर्यावाची सम्बद्धकले भन्न खोजेका कुरालाई अझ स्पष्ट पर्ने काम गर्दछन् । कतिपय शब्दहरूले व्यक्त गर्ने अर्थ अन्य पर्यायवाची शब्दहरूले दुरुस्तै प्रस्तुत गर्दछन् भने कतिपयले निकष्ट अर्थ प्रदान गर्दछन् । यस आधारमा पर्यायवाची  सम्बद्धकलाई पूर्ण र कोशीय सम्बद्धक र आंशिक पर्यायवाची सम्बद्धकमा पनि विभाजन गर्न सकिन्छ ।

## ग. विपरीतार्थी सम्बद्धक

कुनै शब्दले व्यक्त गर्ने वा गरेको अर्थलाई विपरीतार्थी र त्यसका निमित्त प्रस्तुत शब्दलाई विपरीतार्थी कोशीय सम्बद्धक भनिन्छ । विपरीतार्थी कोशीय सम्बद्धकहरूमध्ये केहीले पूर्ण विपरीतार्थी केहीले आंशिक विपरीतार्थी अर्थ प्रस्तुत गर्दछन् । यस आधारमा विपरीतार्थी कोशीय सम्बद्धकलाई श्रेणीवद्ध विपरीतार्थी, परिपूरक विपरीतार्थी र विरुद्धार्थक विपरीतार्थी सम्बद्धक गरी तिन प्रकारमा विभाजन गर्न सकिन्छ । श्रेणीका आधारमा विपरीत अर्थ बुझाउने सम्बद्धकलाई श्रेणीवद्ध विपरार्थी तातो-चिसो पूर्णतः उल्टो अर्थ बुझाउने सम्बद्धकलाई परिपूरक विपरीतार्थी (जीवित-मृत) र श्रेणीवद्ध तथा परिपूरक विपरीतार्थी र विरुद्धार्थक विपरीतार्थी (बाबु-छोरा-आमा-छोरी-छोरी आदि सम्बद्धक पर्दछन् ।

## घ. समावेशात्मकता

विभिन्न पद वा पदावलीको अर्थ एउटै पदमा समावेश हुनु समावेशात्मकता हो । समावेशात्मकता दुई किसिमका शब्दहरू रहेका हुन्छन् । समावेशक र समाविष्ट धेरै

शब्दलाई आफूभित्र समावेश गर्न सक्ने साझा शब्द समावेशक हो । समावेश हुन आउने अन्य शब्दहरू समाविष्ट शब्दहरू हुन् । समावेशकलाई मुख्य वा उच्च पद भनिन्छ भने समाविष्टलाई सहपद वा निम्नपद भनिन्छ । जस्तै फूल (समावेशक) गोदावरी, मखमली, सयपत्री, (समाविष्ट) आदि

**ङ. सन्निधान**

कुनै शब्दको कुनै शब्दसँग रहेको सान्निध्य सम्बद्धकलाई सन्निधान भनिन्छ । सङ्कथनमा आउने कतिपय शब्दहरूले एकथरी शब्दसँग सन्निधान राख्दछन् भने अर्काथरी शब्दसँग राख्दैनन् । सन्निधानले सन्निधान राख्ने शब्दहरूको स्वभावजन्य अवस्थालाई जनाउँदछ । यसअनुसार कुनै भाषिक एकाइ त्यस्ता हुन्छन् जसको अर्थ अर्को भाषिक एकाइको सन्निधानबाट मात्र खुल्दछ, अर्थात् कुनै भाषिक एकाइले अर्को भाषिक एकाइको सहप्रयोगबाट मात्र आर्थी सामर्थ्य प्रस्तुत गर्दछन् । यसलाई भाषिक प्रसङ्गका रूपमा पनि लिने गरिन्छ । भाषाका कतिपय शब्दहरूका अतिरिक्त उखान टुक्कामा पनि यस किसिमको स्थिति पाइन्छ । सन्निधान शब्दले सङ्कथनका सन्दर्भमा शब्दको वाक्यहरूका बिच श्रृङ्खला मिलाउन विचार वा भनाइ प्रभावकारी बनउन महत्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् ।

### २.२.६.२ सम्बद्धन

सम्बद्धकले सङ्कथनको सतही तहमा संयोजन गर्ने कार्य गर्दछ भने सम्बद्धनलेभित्री तहको संयोजन गर्दछ । यो सङ्कथनको अप्रत्यक्ष युक्ति हो । सम्बद्धन सङ्कथनको महत्वपूर्ण युक्ति हो । यसले सङ्कथनमा शब्द, वाक्य, अनुच्छेद आदि बिच अर्थ सम्बन्ध संयोजन गर्दछ । यो सङ्कथन विषयवस्तु वा विचार हो । वाक्य वा लेखले अभिव्यक्ति गरेको विषयवस्तु विचार वा ज्ञानलाई सम्बद्धन भनिन्छ । त्यस्ता विषयवस्तु विचार बुझ्न विषयवस्तु वा विचारका बिचमा अगिल्लो र पछिल्लो क्रम मिल्नु पर्दछ । त्यसैले सम्वद्धनले विषयवस्तुको क्रमवद्धता वा वैचारिक सिलसिला मिलाउने काम गर्दछ । सम्बद्धनमा भाषाका कथ्य वा लेख्य अभिव्यक्तिका अंशहरू बिच कार्यकारण, कारण कार्य, समानता, भिन्नता स्पष्टीकरण, तार्किकता आदिको सम्बन्ध स्थापना गर्दछ । अगिल्लो वाक्य वा अनुच्छेद आदिमा विचारले

पछिल्लोकोसमेत सङ्केत गर्दै लगेको हुन्छ । सङ्कथनमा स्रोताको आन्तरिक आवृति मिलाउन सम्बद्धकले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

**क. सामान्य विशिष्ट सम्बन्ध**

सङ्कथनमा पूर्व वाक्य सामान्य रूपमा प्रस्तुत भई त्यसपछिको वाक्य विशिष्ट रूपमा प्रस्तुत हुनुलाई सामान्य विशिष्ट सम्बन्ध भनिन्छ । यस किसिमको सम्बन्धमा अघिल्लो वाक्यले सिङ्गो वा मूल भाव समेटेको हुन्छ भने पछिल्लो वाक्यले त्यसको सानो अंश समेटेको हुन्छ ।

**ख. विशिष्ट सामान्य सम्बन्ध**

सङ्कथनमा पूर्व वाक्य विशिष्ट वाक्यका रूपमा प्रस्तुत भई पश्च वाक्य सामान्य वाक्यको रूपमा प्रस्तुत हुनुलाई विशिष्ट सामान्य सम्बन्ध भनिन्छ । यस किसिमको सम्बद्धन सम्बन्धमा अघिल्लो वाक्यले पछिल्लो वाक्यको सानो अंशलाई समेटेको हुन्छ । मुख्य भाव बोकेको वाक्य पछाडि रही त्यसको अंश भाव बोकेको वाक्य अगाडि प्रस्तुत हुनु यस किसिमको सम्बद्धन अभिलक्षण हो ।

**ग. कार्य कारणको सम्बन्ध**

सङ्कथनमा अधिल्लो वाक्यमा कुनै कार्य प्रस्तुत भई पछिल्लो वाक्यमा उक्त कार्य हुनुको कारण प्रस्तुत हुनुलाई कार्य कारणको सम्बन्ध भनिन्छ । यस किसिमको सम्बन्ध कहिलेकाहीँ एउटै वाक्यभित्र पनि देखा पर्न सक्छ तर त्यस्तो वाक्यभित्र प्रकृतिको हुन्छ । जहाँ मुख्य उप वाक्यको तार्किक आधार वा कारणका रूपमा आश्रित उप वाक्यहरू आउँछन् । त्यस्तो सम्बन्धमा किनकि, किनभने, कि जस्ता संयोजनकहरूको अत्यधिक प्रयोग हुन्छ ।

**घ. कारण कार्यको सम्बन्ध**

सङ्कथनमा अघिल्लो वाक्य कुनै कार्य वा घटनाको कारण प्रस्तुत भई पछिल्लो वाक्यमा कार्य प्रस्तुत हुनुलाई कारण कार्यको सम्बन्ध भनिन्छ । यस्तो सम्बन्ध वाक्यान्तरिक वा अन्तर वाक्यीय दुबै रूपमा देखा पर्न सक्छ । यस्तो सम्बन्धमा यसकारण, कि जस्ता संयोजकको प्रयोग हुन्छ ।

**ङ. प्रभाव असरको सम्बन्ध**

पछिल्ला वाक्यको प्रभाव स्वरूप दोस्रो वाक्यको रचना वा सृजना हुनुलाई प्रभाव परिणामको सम्बन्ध भनिन्छ । यस्तो सम्बन्धमा पूर्व वाक्यमा व्यक्त विचारको प्रतिफल पश्चवाक्य स्वरूपको रचना भएको पश्च अभिव्यक्ति आएको देखाइन्छ । यसमा फलतः तसर्थ, फलस्वरूप, परिणाम स्वरूप, त्यसैले जस्ता संयोजकहरूको प्रयोग हुने सम्भावना अत्यधिक रहेकोछ ।

**च. परिणाम प्रभावको सम्बन्ध**

पहिले वाक्यको प्रभाव वा प्रतिफल स्वरूप अघिल्लो वाक्यको सृजना हुनुलाई परिणाम प्रभावको सम्बन्ध भनिन्छ । यस्तो सम्बन्धमा कुनै विचार वा भनाइको प्रतिफल स्वरूप सृजित निमित्त वाक्य स्वरूप वा भनाइलाई अगाडि नै प्रस्तुत गरिएको हुन्छ ।

**छ. परिवेश घटनाको सम्बन्ध**

पछिल्लो कुनै खास परिवेशको चर्चा गरेपछि उक्त परिवेशमा घटेको कुनै घटनाबारे बताउनुलाई परिवेश घटनाको सम्बन्ध भनिन्छ ।

**ज. घटना परिवेश सम्बन्ध**

अघिल्लो वाक्यमा कुनै खास घटनाको चर्चा गरिसकेपछि पछिल्ला वाक्यमा परिवेशबारे चर्चा गरिनुलाई घटना परिवेशको सम्बन्ध भनिन्छ । यस्तो सम्बन्धमा पूर्व घटनाको स्थान वा परिवेश पश्चवाक्य सन्दर्भमा प्रस्तुत गर्ने काम हुन्छ ।

**झ. आर्थीपर्यायको सम्बन्ध**

सङ्कथनमा प्रयुक्त दुई वाक्यको बिच संरचनागत समानता नरहे पनि आर्थी समानता रहेमा त्यस्तो सम्बन्धलाई आर्थीपर्यायको सम्बन्ध भनिन्छ । सङ्कथनमा भनाइ वा विचारलाई थप स्पष्ट पार्ने सिलसिलामा यस किसिमको सम्बद्धन प्रस्तुत हुन सक्छ ।

### ञ. आर्थी विपयार्यको सम्बन्ध

सङ्कथनको संरचनामा प्रस्तुत वाक्यमध्ये अघिल्लो वाक्यको आउनुलाई आर्थी विपर्याय र ती दुई वाक्य बिचको सम्बन्धलाई आर्थी विपर्यायको सम्बन्ध भनिन्छ । यस किसिमको आर्थी सम्बन्ध जनाउनका लागि तर, तरपनि, पनि, यद्यपि, तथापि जस्ता संयोजकहरू आउन सक्छन् ।

### ट. व्यतिरेकी तुलनात्मक सम्बन्ध

सङ्कथनमा प्रस्तुत वाक्यमा कुनै वस्तु, व्यक्ति, पदार्थ आदिका बिचको समानता असमानता प्रस्तुत गरी तुलना गरिएको अन्तर वाक्यीय सम्बन्धलाई व्यतिरेकी तुलनात्मक सम्बन्ध भनिन्छ । यसमा दुई वाक्य एक अर्कामा विपरार्थी हुँदैनन् । व्यतिरेकी तुलनात्मक सम्बन्ध जनाउनका लागि एकातिर, अर्कातिर, भने तर जस्ता संयोजकहरूको अत्याधिक प्रयोग हुन्छ । यसमा अघिल्लो वाक्य र पछिल्लो वाक्यका बिचमा समानता र असमानताका आधारमा तुलना गरिन्छ ।

### ठ. उद्देश्य प्रयोजनको सम्बन्ध

सङ्कथनमा प्रस्तुत दुई वाक्यमध्ये पहिलो वाक्यमा कुनै घटना वा कार्य बताएर त्यसपछि आउने दोस्रो वाक्यमा उक्त कार्य वा घटना हुनु, घट्नु वा घटाउनुको उद्देश्य प्रस्तुत हुनुलाई उद्देश्य प्रयोजनको सम्बन्ध भनिन्छ । घटना वा कार्य पहिले वा पछि प्रस्तुत गरेर पछि मात्र त्यसको प्रयोजन वा कार्य प्रस्तुत गर्दा सङ्कथनमा अन्तर वाक्यीय संरचनागत सिलसिलाले विशिष्टता प्रदान गर्दछ । यदि सङ्कथनमा दुई वाक्यमध्ये पहिलो वाक्यमा उद्देश्य प्रस्तुत भई पछिल्लो वाक्यमा कार्य वा घटना प्रस्तुत भएको छ भने पनि त्यस्तो सम्बन्ध प्रयोजनकै सम्बन्ध हुन्छ ।

### ड. स्पष्टोक्ति सम्बन्ध

सङ्कथनमा प्रस्तुत कुनै दुई वाक्यमध्ये अघिल्लो वाक्यमा व्यक्त भावलाई स्पष्ट पार्न पछिल्लो वाक्य आउनुलाई स्पष्टोक्ति सम्बन्ध भनिन्छ । यस्तो सम्बन्धमा वाक्यको अस्पष्ट पूर्वआशयलाई दोस्रो वाक्यमा प्रस्तुत आशयले स्पष्ट पार्छ ।

### ढ. अप्रत्यक्ष सम्बन्ध

सङ्कथनमा प्रस्तुत निकटतम दुई वाक्यका बिच प्रत्यक्ष सम्बन्ध नदेखिई परोक्ष रूपमा सम्बन्ध रहेनुलाई अप्रत्यक्ष सम्बन्ध भनिन्छ । यस्तो सम्बन्ध नदेखिने खालको अदृश्य हुन्छ । भावगत दृष्टिका सापेक्षतामा अप्रत्यक्ष सम्बन्धको पहिचान गरिन्छ ।

### ण. अनुमानित सम्बन्ध :

सङ्कथनमा प्रस्तुत निकटका दुई वाक्यमध्ये पहिलो वा अघिल्लो वाक्यसँग निकट रहेर दोस्रो वा पछिल्लो वाक्यको अनुमान गरिएमा त्यस्ता वाक्यका बिचको सम्बन्धलाई अनुमानको सम्बन्ध भनिन्छ । यस किसिमको सम्बन्ध अघिल्लो वाक्यको अर्थलाई आधार मानेर पछिल्लो अर्थ अनुमान गरिन्छ ।

### त. परिचयात्मक सम्बन्ध

सङ्कथनमा प्रस्तुत वाक्यहरूमध्ये पहिलो वाक्यमा कुनै वस्तु व्यक्ति वा स्थानको परिचय दिएर त्यसपछिका वाक्यमा त्यसका विशेषता प्रस्तुत गर्नुलाई परिचयात्मक सन्दर्भ र ती वाक्यका बिचको सम्बन्धलाई परिचयात्मक सम्बन्ध भनिन्छ ।

### थ. इन्द्रिय मतिष्कको सम्बन्ध

सङ्कथनमा प्रस्तुत वाक्यहरूमध्ये पहिलो वाक्यमा इन्द्रिय मतिष्कको कार्य घटना वा यथार्थ प्रस्तुत भई पछिल्लो वाक्यमा त्यसले पारेको मनोवैज्ञानिक प्रभाव प्रकट हुनुलाई इन्द्रिय मस्तिकको सम्बन्ध भनिन्छ । यस्तो सम्बन्धमा अघिल्लो कार्य वा घटनाको परिणाम स्वरूप उत्पन्न हुने हर्ष, घृणा, डर, शङ्का, आश्चर्य, दोस्रो वाक्यमा प्रस्तुत हुन्छ ।

### द. अनुक्रमबोधक सम्बन्ध

सङ्कथनमा रहेका वाक्यका बिच कुनै खास घटना वा विषयका बारेमा रहेको क्रमबद्ध सम्बन्धलाई अनुक्रमबोधक सम्बन्ध भनिन्छ । यस्तो सम्बन्धमा वाक्यहरका बिच स्थानिक, कालिक तथा तार्किक क्रम प्रयोग हुन्छ । विषयवस्तु घटनाको वर्णनका सन्दर्भमा आउने अनुक्रममा रहेका वाक्यहरूलाई अगल-अलग गरेर

अर्थबोध प्राप्त हुँदैन यस्तो सम्बन्ध जनाउन र, अनि, त्यसपछि, जस्ता, संयोजकहरूको बढी प्रयोग हुन्छ ।

**ध. रीतिबोधक सम्बन्ध**

सङ्कथनमा प्रयुक्त कुने वाक्यमा अर्को वाक्यमा प्रयुक्त कार्य वा घटनाको तौरतरिका वा शैली बुझाउन अर्को वाक्य आउँदा रीतिबोधक सम्बन्ध हुन्छ । यसमा कुन कार्य कसरी भनिन्थ्यो वा घटना कसरी घट्यो भन्ने कुरालाई स्पष्ट पारिएको हुन्छ ।

**न. निहितार्थ सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये कुनै एउटा वाक्यको अर्थ अर्को वाक्यमा निहित हुनुलाई निहितार्थ र त्यस्तो सम्बन्धलाई निहितार्थ सम्बन्ध भनिन्छ । यस्तो सम्बन्धमा अघिल्लो वाक्यको अर्थ पछिल्लो वाक्यमा र पछिल्लो वाक्यको अर्थ अघिल्लो वाक्यमा अन्तर्निहित हुन सक्छ । यसमा वाक्यमा अर्थको समग्रता र अर्कोमा त्यसको विशिष्टता रहेको छ ।

**प. स्मरणको सम्बन्ध**

सङ्कथनमा प्रस्तुत वाक्यहरूमध्ये एउटामा वर्तमानको चर्चा गरेर अर्कोमा त्यस सम्बद्ध वा अतीतको सम्झना वा घटना प्रस्तुत गर्नुलाई स्मरणको सन्दर्भ र ती वाक्यमा बिचको आपसी सम्बन्धलाई स्मरणको सम्बन्ध भनिन्छ ।

**फ. प्रश्नार्थ सम्बन्ध**

सङ्कथनमा प्रस्तुत वाक्यमध्ये पहिले वाक्य प्रश्नात्मक त्यससँग सम्बन्धित भएर दोस्रो वाक्य पनि प्रश्नात्मक रूपमा नै प्रयुक्त भएमा सम्बद्धनको त्यस्तो स्थितिलाई प्रश्नार्थक सम्बद्धन भनिन्छ ।

**ब. प्रश्नोत्तर सम्बन्ध**

सङ्कथनमा प्रस्तुत वाक्यहरूमध्ये पहिलो वाक्यमा प्रश्न र दोस्रो वाक्यमा त्यसको उत्तर आएको सम्बद्धनात्मक स्थितिलाई प्रश्नोत्तर सम्बन्ध भनिन्छ । यस्तो सम्बन्धमा

वक्ताद्वारा प्रस्तुत प्रश्नको उत्तर स्रोताले दिएको देखाइन्छ । वक्ताद्वारा प्रस्तुत प्रश्नप्रति स्रोताले प्रतिप्रश्न गर्न सक्ने वा गरेको अवस्थालाई पनि यसै प्रकृतिको सम्बन्ध मानिन्छ ।

### भ. प्रयोजन सम्बन्ध

सङ्कथनमा कुनै कार्य वा घटना बताएपछि त्यसो हुनाको उद्देश्य प्रस्तुत गरेमा त्यस्तो सम्बन्धलाई प्रयोजन सम्बन्ध भन्निछ ।

### म. व्याख्यात्मक सम्बन्ध

सङ्कथनमा कुनै कार्य वा घटना दुई वाक्य बिचमा सिलसिलाबद्ध रूपमा व्याख्या गरिएको छ भने त्यसलाई व्याख्यात्मक सम्बन्ध भनिन्छ ।

निष्कर्षमा भन्नुपर्दा सङ्कथनको संरचनामा उपयुक्त विभिन्न प्रकारका सम्बद्धक र सम्बद्धनको विशिष्ट भूमिका रहेको हुन्छ । सम्बद्धक भाषिक एकाइहरूलाई जोड्ने जोर्नीका रूपमा र सम्बद्धन वैचारिक श्रृङ्खलालाई जोड्ने जोडका रूपमा क्रियाशील हुँदा मात्र सङ्कथनले खास आकार ग्रहण गर्दछ । त्यस्तो सङ्कथन बोध सम्प्रेष्य एवम् प्रभावकारी पनि हुन्छ । सङ्कथन विश्लेषणमा वाक्यान्तरिक र वाक्येत्तर संरचनालाई सुगठित बनाउने सम्बद्धक तथा वाक्यान्तरिक र वाक्येत्तर अभिव्यक्तिलाई सिलसिलेवर बनाउने सम्बद्धन दुवैको भूमिका अध्ययनबाट सङ्कथनको वस्तुगत र व्यावहारिक पक्षहरू हुन् ।

## अध्याय : तिन

# शोध विधि र अध्ययन प्रक्रिया

## ३.१ अध्ययन क्षेत्र

प्रस्तुत अध्ययन कार्यमा **मैले नजन्माएको छोरो** कथालाई नमुनाका रूपमा लिइएको छ । उक्त कथाभित्र प्रयुक्त सम्बद्धक र सम्बद्धनको मात्र अध्ययन विश्लेषण गरिएको छ ।

## ३.२ सूचना सङ्कलनका साधनहरू

सङ्कथन विश्लेषण सैद्धान्तिक अध्ययन भएकाले यसको अध्ययनमा पुस्तकालयीय अध्ययन विधि नै केन्द्रीय विधिको रूपमा अवलम्बन गरिएको साथै शोध निर्देशक, विषयविज्ञ, सम्बन्धित विषय शीर्षकसँग पत्रपत्रिका, लेख, रचना र सन्दर्भ सामग्रीहरूको आवश्यकताबमोजिम उपयोग गरिने छ । अध्ययनको लागि प्राथमिक र गौण दुवै स्रोतको सामग्रीहरूको उपयोग गरिएको छ ।

### ३.२.१ प्राथमिक स्रोत

प्रस्तुत शोध अध्ययनमा प्राथमिक स्रोतका रूपमा पारिजातको 'मैले नजन्माएको छोरो' कथालाई लिई अध्ययन गरिएको छ ।

### ३.२.२ द्वितीय स्रोत

द्वितीय स्रोतका रूपमा सङ्कथन विश्लेषणसम्बन्धी लेखिएका सैद्धान्तिक लेख, प्रकाशित तथा अप्रकाशित पुस्तकहरू, हालसम्म भएका शोध र आवश्यकताअनुसार विज्ञसँगका छलफल र सुझावलाई उपयोग गरी व्याख्या र विश्लेषण गरिएको छ ।

## ३.३ तथ्याङ्क र सूचना सङ्कलन पद्धति

प्रस्तुत शोधकार्यमा सङ्कलित तथ्याङ्कहरू पूर्णरूपमा पुस्तकालयको अध्ययनलाई उपयोग गरिएको छ । विभिन्न सङ्कथनसम्बन्धी लेख र सन्दर्भ सामग्रीलाई पनि अध्ययनकार्यका निम्ति तथ्याङ्क सामग्रीका रूपमा लिइएको छ ।

## ३.४ तथ्याङ्क विश्लेषण र मूल्याङ्कन पद्धति

यस शोधकार्यमा 'मैले नजन्माएको छोरो' कथामा प्रयोग भएका सङ्कथनका युक्तिहरू सम्बद्धक र सम्बद्धनलाई प्रकारसहित विभाजन गरी तालिकीकरण गरिएको छ । शोधकार्यको अध्ययन गर्ने क्रममा मैले नजन्माएको छोरो कथामा प्रयुक्त सम्बद्धकहरूलाई वर्गीकरण गर्ने क्रममा सार्वनामिक सम्बद्धक, स्थानिक सम्बद्धक, कालिक सम्बद्धक, संयोजक, पुनरावृत्ति, लोप, कोशीय अर्थ, सम्बन्ध र निपात जस्ता सम्बद्धकलाई वर्गीकरण गर्दै तिनका प्रकारसमेत उल्लेख गरिएको छ साथै तिनीहरूको तालिकीकरण गरेर व्याख्या विश्लेषण गरिएको छ ।

यस शोधकार्यमा सम्बद्धनको अध्ययन गर्ने क्रममा कारण-कार्य सम्बन्ध, प्रभाव-परिणाम सम्बन्ध, सामान्य-विशिष्ट सम्बन्ध, परिवेश-घटना सम्बन्ध, व्यतिरेकी-तुलना सम्बन्ध आदि जस्ता सम्बद्धनहरूको खोजी गरिएको छ । प्रत्येक वाक्यभित्र सम्बद्धनलाई तालिकीकरण गरेर विशिष्ट व्याख्या र विश्लेषण गरिएको छ ।

## ३.५ अध्ययनको ढाँचा

प्रस्तुत शोध अध्ययन निम्नानुसारको रूपरेखामा प्रस्तुत गरिएको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तिन : शोध विधि र अध्ययन प्रक्रिया

अध्याय चार : व्याख्या तथा विश्लेषण

अध्याय पाँच : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसामग्री

परिशिष्ट

## अध्याय : चार

# व्याख्या तथा विश्लेषण

यस अध्यायमा 'मैले नजन्माएको छोरो' कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनहरूको अध्ययन गरिएको छ । जसलाई निम्नअनुसार प्रस्तुत गरिएको छ । सम्बद्धक सङ्कथन भनेको संरचक एकाइहरूका विच अन्तरसम्बन्ध स्थापित गर्न आउने भाषिक तत्त्वलाई सम्बद्धक भनिन्छ । सम्बद्धकले सङ्कथनमाअन्तर्गतलाई जोड्ने कार्य गर्दछ । सम्बद्धकका प्रकारहरू यस अध्यायमा सार्वनामिक, आत्मवाचक, दर्शकवाचक, सम्बन्धवाचक, प्रश्नवाचक, पारस्परिक, स्थानिक, कालिक, संयोजक, प्रतिस्थापन, लोप, निपात, पर्यावाची, विपरीतार्थी, समावेशक, सन्निधान वा सहप्रयोग सम्बद्धकहरूका आधारमा विश्लेषण गरिएको छ भन्ने सम्बद्धन भनेको सङ्कथनमा अभिव्यक्त विचारमा अर्न्तभूत अर्थको सिलसिला जोर्नी हो । जस्तो आधारमा स्रोता वा पाठकले सङकथनमा निहित विषयहरूलाई सन्दर्भ, प्रसङ्ग, भाव वा अर्थ र त्यसको अनुक्रम अनुरूप बोध गराउँछ । यहाँ सम्बद्धनका प्रकारहरूमा सामान्य विशिष्ट सम्बन्ध, विशिष्ट सामान्य सम्बन्ध, कार्य कारणको सम्बन्ध, कारणकार्यको सम्बन्ध, प्रभाव परिणामको सम्बन्ध, परिणाम प्रभावको सम्बन्ध, परिवेश घटनाको सम्बन्ध, घटना परिवेशको सम्बन्ध, आर्थी विपर्यायको सम्बन्ध, व्यतिरेकी तुलनात्मक सम्बन्ध, उद्देश्य प्रयोजनको सम्बन्ध, परिचयात्मक सम्बन्ध, इन्द्रिय मष्तिकको सम्बन्ध, अनुक्रबोद्धक सम्बन्ध, रीतिबोधक सम्बन्ध, स्मरण सम्बन्ध, प्रश्नार्थक सम्बन्ध, प्रश्नोत्तर सम्बन्धका आधारमा सम्बद्धनलाई विश्लेषण गरिएको छ । जसलाई निम्ननुसार प्रस्तुत गरिएको छ :

## ४.१ मैले नजन्माएको छोरो कथामा समाविष्ट वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धक

### ४.१.१ पहिलो अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धकहरूको विश्लेषण

१. मेरो घर मूल सडकको छेवैमा छ ।

२. उसमाथि पनि मेरो कोठा त सडकतर्फ नै पर्छ ।

३. झ्याल उदाङ्ै खोलेर सडकको चहल-पहल हेर्नु मेरो आफ्नो दिनचर्याको एउटा मुख्य अङ्ग हुन आएको छ ।

४. म प्राय : यहाँबाट हेरिरहन्छु ।

५. यहाँबाट सधै ओहोर-दोहोर गर्नेहरू सबैलाई म चिन्छु ।

६. अड्डा जानेहरू, विद्यार्थीहरू तथा दुध, रोटी बेच्नेहरू सबैलाई ।

७. यसो भन्नुं मेरो बसिबियाँलोको नै यही झ्याल छ, अर्थात मलाई पटक्कै फुर्सद छैन ।

८. त्यसो भन्नाले यही झ्याल कुरेर मैले जीवन बिताइएकी होइन ।

९. एक समय यस्तो पनि थियो, जब यो झ्यालमा धर्ना दिनु त कुरै छोडिदिऊँ, चियाउन मात्रै पनि एउटा साच्चैको पाप ठानिन्थ्यो ।

१०. तर बिस्तारै सात साल, बुबाको मृत्यु र आफ्नो शिक्षाको विकास इत्यादिले गर्दा समयको नै हेरफेर भयो ।

११. मेरो यस झ्यालसँग धेरै घनिष्ठता बढ्यो ।

१२. झन पढिसकेर बिहानीको स्कुलमा जागिर खान थालेदेखि त मलाई प्रतिबन्ध लगाउने कोही छैन ।

| वाक्य सङ्ख्या | सम्बद्धक | सम्बद्धकमा प्रयुक्त शब्द | सङ्केतित शब्द या अर्थ |
|---|---|---|---|
| १ र २ | स्थानिक | सडकको | सडक नजिक घर |
| | संयोजक | उसमाथि | - |
| | निपात | पनि त | – |
| २ र ३ | पारस्परिक | चहल-पहल | हल्ला खल्ला |
| | आत्मवाचक | आफ्नुँ | म पात्र |
| ३ र ४ | सार्वनामिक | म | प्रमुख पात्र |
| ४ र ५ | सार्वनामिक | म | प्रमुख पात्र |
| | दर्शकवाचक | यहाँबाट | कोठाबाट |
| | विपरीतार्थी | आहोर-दोहोर | सडकमा आउने र जाने |
| ५ र ६ | संयोजक | तथा | - |
| ६ र ७ | प्रतिस्थापन | यसो भनूँ | बस्ने आधार |
| ७ र ८ | प्रतिस्थापन | यसो भन्नाले | झ्याल बाहेक अरु नभएको |
| ८ र ९ | कालिक सम्बद्धक | समय | - |
| | निपात | पनि/त | - |
| | अनिश्चितवाचक | एउटा | वेला |
| | संयोजक | जब | झ्यालबाहेक |
| ९ र १० | संयोजक | तर/र | त्यसपछि समय |
| | कालिक सम्बद्धक | सात सरल | बुबाको मृत्यु भएपछि |
| | आत्मवाचक | आफ्नो | म पात्रको |
| १० र ११ | संयोजक | यस | बिहानको समय |
| | निपात | सँग | - |
| ११ र १२ | कालिक | बिहानी | बिहानको समय |
| | संयोजक | त | - |
| | अनिश्चवाचक | केही | कराउने कोही भएन |

माथिको तालिकामा पहिलो अनुच्छेदमा प्रयोग भएका सम्बद्धकहरूलाई प्रस्तुत गरिएको छ, प्रस्तुत अनुच्छेदमा स्थानीय, संयोजक, पारस्परिक, आत्मवाचक, निपात आदि जस्ता सम्बद्धकहरूको प्रयोग भएका छन् । वा.सं. १ र २ का बिचमा स्थानीय सम्बद्धकको प्रयोग भएको छ यहाँ सडक नजिकको घर भन्ने, अर्थ सार्वनामिक सम्बद्धक भएर आएको छ । त्यसैगरी संयोजकलेअन्तर्गत 'उसमाथि' शब्द र निपातअन्तर्गत 'पनि'/'त' सम्बद्धक प्रयोग भएका र त्यसको अर्थ सडक छेउमा घर र घरको कोठा पनि सडकैतर्फ रहेको अर्थ लागेको छ । वा.सं. २ र ३ मा पारस्परिक र आत्मवाचक सम्बद्धकको प्रयोग गरिएको छ । पारस्परिक सम्बद्धकमा 'चहल-पहल' र आत्मवाचक सम्बद्धकमा 'आफ्नो' शब्दलाई प्रयोग भएको छ । वा.सं. ३ र ४ मा सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ । यहाँ प्रमुख पात्रका रूपमा म पात्रको प्रयोग भएको छ । वा.सं. ४ र ५ मा सार्वनामिक, दर्शकवाचक र विपरार्थी सम्बद्धकको प्रयोग भएको छ । जसमा 'म' पात्रका रूपमा प्रयोग भएको छ । वा.स ५ र ६ मा सरल संयोजकको रूपमा 'तथा' शब्दको प्रयोग भएको छ । वा.स. ६ र ७ मा प्रतिस्थापन सम्बद्धकको प्रयोग भएको छ । यहाँ 'यसो भन्नु' शब्दले बस्ने आधारको अर्थ प्रदान गरेको छ । वा.सं. ७ र ८ प्रतिस्थापन सम्बद्धकको प्रयोग भएको छ । यहाँ पनि 'यसो भन्नाले' शब्दको प्रयोग गरिएको छ । वा.स ८ र ९ मा कालिक, निपात, निश्चितवाचक र संयोजकको प्रयोग भएका छन् । कालिक संबद्धकअन्तर्गत 'समय' शब्दको प्रयोग भएको छ । निपात सम्बद्धकमा 'पनि' र 'त' शब्दको प्रयोग भएको छ । त्यस्तै निश्चितवाचक सम्बद्धकमा 'एउटा' शब्दको प्रयोग भएको छ भने संयोजक सम्बद्धकमा 'जब' शब्दको प्रयोग भएको छ । वा.सं. ९ र १० को बिचमा संयोजक कालिक र आत्मवाचक सम्बद्धकको प्रयोग भएको छ । जसमा संयोजकअन्तर्गत 'तर' शब्दको प्रयोग भएको छ । कालिक सम्बद्धकअन्तर्गत 'सात सालको' अवधि प्रयोग भएको छ भने आत्मवाचक संयोजकका रूपमा 'आफ्नो' शब्द प्रयोग भएको छ । वा.सं. १० र ११ मा संयोजक र निपात सम्बद्धकको प्रयोग भएको छ । संयोजकअन्तर्गत 'यस शब्द' र जसको अर्थ झ्याल लाग्दछ भने निपात सम्बद्धकमा 'सँग' शब्दको प्रयोग भएको छ । वा.सं. ११ र १२ मा कालिक, संयोजक र अनिश्चयवाचक सम्बद्धकको प्रयोग भएको छन् । उक्त वाक्यमा कालिक सम्बद्धकअन्तर्गत 'बिहानी' शब्दको प्रयोग भएको छ । संयोजकअन्तर्गत 'र' शब्दको प्रयोग भएको छ भने अनिश्चवाचक सम्बद्धकअन्तर्गत 'केही' शब्दको प्रयोग गरिएको छ ।

### ४.१.२ दोस्रो अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धकहरूको विश्लेषण

१३. यो झ्यालबाट एकनास हेरिरहेकोमा मेरो नैतिकताको कुनै सम्बन्ध छैन ।

१४. म काँतर स्वभावकी छु ।

१५. म कसैसँग वोल्दिनँ, कसैसँग आँखा जुधाउँदिन ।

१६. अझसम्म कसैलाई मायाप्रिती जनाएकी छैन, यसो भनूँ-यी सबप्रति मेरो रत्तिभर चाख नै छैन ।

१७. म हृदयभरि आदर्शहरू बोकेर हिँड्छु, तर तीमध्ये कुनै पनि काम लाग्ने, लागु हुनसक्ने र प्रगतिशील खालका छैनन् ।

१८. यस्तो छटपटिएको र नपाकेको आदर्श भएर होला, मेरो कुनै ठोस उद्देश्य पनि छैन ।

१९. कसैप्रति मेरो रुचि छैन ।

२०. कसैले मप्रति रुचि राखेको छैन ।

२१. म एकतमासकी छु , अनौठी छु ।

२२. एउटा फूल नफुल्ने अथवा एउटा ढुङ्गोभन्दा बढ्ता मेरो जीवनको कुनै महत्व छैन ।

२३. सामाजिक कार्य, साहित्य, गफ तथा सिनेमामा पनि केही रुचि नभएकाले यो झ्याल नै एउटा मनोरञ्जन र विलासको साधन भएको छ ।

२४. यही झ्यालबाट सडक सधैं पढिरहेको छु र पढ्दै तुरन्त बिर्सदै गर्छु ।

| वाक्य सङ्ख्या | सम्बद्धक | सम्बद्धकमा प्रयुक्त शब्द | सङ्केतित शब्द या अर्थ |
|---|---|---|---|
| १३ र १४ | दर्शकवाचक | यो | झ्याल |
| १४ र १५ | सार्वनामिक | म | प्रमुख पात्र |
| १५ र १६ | सार्वनामिक | म | प्रमुख |
| | पुनरावृत्ति | कसैसँग | बाबुआमा |
| | संयोजक | यसोभन्नु | माथिका कुरा बाहेक |
| १६ र १७ | सार्वनामिक | म | मुख्य पात्र |
| | संयोजक | तर/पनि | - |
| १७ र १८ | प्रतिस्थापन | कसैप्रति | अरूप्रति |
| १८ र १९ | सार्वनामिक | म | म पात्र |
| १९ र २० | सार्वनामिक | म | - |
| २० र २१ | निपात | अथवा | – |
| २१ र २२ | निपात | पनि/ र | - |
| | निश्चयवाचक | एउटा | झ्याल |
| २२ र २३ | निपात | र | - |
| २३ र २४ | निपात | र/पनि | - |

माथिको तालिकामा दोस्रो अनुच्छेदमा प्रयोग भएका सम्बद्धकलाई प्रस्तुत गरिएको छ । यसमा दर्शवाचक, सार्वनामिक, पुनरावृत्ति, प्रतिस्थापन, निश्चयवाचक, निपात जस्ता सम्बद्धकहरूको प्रयोग गरिएको छ । वा.सं. १३ र १४ मा दर्शवाचक सम्बद्धक 'यो' शब्दको प्रयोग भएको छ । जसको अर्थ झ्याल लागेको छ । वा.स १४ र १५ मा सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ जसमा 'म' शब्दको प्रयोग भएको छ । वा.सं. १५ र १६ मा सार्वनामिक पुनरावृत्ति र संयोजक सम्बद्धकको प्रयोग भएको छ । वा.सं. १६ र १७ मा सार्वनामिक र संयोजकको प्रयोग भएको छ । जसमा 'म' र 'तर' पनि शब्दले सम्बद्धकको भूमिका निर्वाह गरेका छन् । वा.सं. १७ र १८ मा प्रतिस्थापन सम्बद्धकको प्रयोग भएको छ । यहाँ प्रतिस्थापन सम्बद्धकको रूपमा 'कसैप्रति' शब्दको प्रयोग भएको छ । वा.सं. १८ र १९ मा सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ । जसमा 'म' शब्दको  प्रयोग भएको छ । वा.सं. १९ र २० सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ । यहाँ 'म' शब्दको प्रयोग भएको छ । वा.सं. २० र २१ मा निपात सम्बद्धकको प्रयोग भएको छ । जसमा निपात सम्बद्धकअन्तर्गत 'अथवा' शब्दको प्रयोग भएको छ । वा.स. २१ र २२ निपात सम्बद्धकको रूपमा 'पनि' र निश्चियवाचक सम्बद्धकका रूपमा 'एउटा' शब्दको प्रयोग भएको छ । वा.सं. २२ र २३ मा निपात सम्बद्धकको प्रयोग भएको छ । जसमा निपात सम्बद्धकअन्तर्गत 'र' शब्दको प्रयोग भएको छ । वा.सं. २३ र २४ मा निपात सम्बद्धकको प्रयोग भएको छ । जसमा 'र'/'पनि' शब्दले निपात सम्बद्धकको रूपमा प्रयोग भएको छ ।

### ४.१.३ तेस्रो अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धकको विश्लेषण

२५. यो फागुनको शुरु हो ।

२६. दिन उज्यालो छ, घाम मन्द छ, म भर्खर आएर झ्यालमा बसेकी छु ।

२७. अड्डा जानेहरू गइसके ।

२८. सडक सूनसान छ ।

२९. स्कुल लागिसकेपछि आउने विद्यार्थीहरू फट्याकफुटुक गइराखेका छन् ।

३०. मेरो घरदेखि अलिक मास्तिर एउटा स्कुल छ, जहाँ केटाहरू मात्र पढाइन्छन् ।

३१. यतिकैमा म देख्छु - मेरो झ्यालको सोझै मुनितिर दुईजना ठिटाहरू ।

३२. एकजना उभिएको छ र अर्को घोप्टेर साइकलको जंजीर हाल्न लागेको छ ।

३३. उनीहरू लगभग बाह्र-तेह्र वर्षका हुँदा हुन् ।

३४. घोप्टेर साइकलको जंजीर हाल्नेले टाउको उँभो उठाउँछ र मलाई झ्यालमा देख्छ ।

३५. म एकपटक उसलाई हेरिरहेको छु ।

३६. उ लाज मान्दै गाला र कान रातो पार्दै त्यहाँबाट भाग्छ ।

३७. आजको दिन एक विशेष दिन, आजको हेराइ एक विशेष हेराइ, आजको संयोग एक विशेष संयोग, जसलाई होस निकै वेर आँखा जुधाएर मैले हेरेकी ।

३८. मेरो आँखाबाट त्यो ठिटो भाग्छ तर म उसलाई बिर्सन सात्किनँ ।

३९. कालो-कालो अनुहारमा दुई अति रहर लाग्दा आँखा चञ्चल पुतली, घुम्रिएको कपाल, कञ्चट र घुच्चुकमा मुद्री परेर झरेको कपाल, मन हर्ने मुस्कान म कोशिश गर्दा पनि झुल्न सक्तिनँ ।

४०. मलाईभित्र कता-कता कुत्कुती लाग्छ, रमाइलो लाग्छ, कुन्नि यो कस्तो अनुभवको प्रहार हो ।

४१. बुझ्न खोज्छु, बुझ्न सक्तिनँ ।

४२. त्यो झ्याल नौलो लाग्छ रमाइलो लाग्छ अनि फेरि आफैँलाई विरामी अनुभव गर्छु ।

| वाक्य सङ्ख्या | सम्बद्धक | सम्बद्धकमा प्रयुक्त शब्द | सङ्केतित शब्द या अर्थ |
|---|---|---|---|
| २५ र २६ | कालिक | फागुन/दिन | समय |
| | सार्वनामिक | म | मुख्य पात्र |
| | दर्शकवाचक | यो | फागुन |
| २६ र २७ | सम्बन्धवाचक | जाने | जानेहरू |
| २७ र २८ | स्थानिक | सडक | रोड |
| २८ र २९ | स्थानिक | स्कुल | विद्यालय |
| २९ र ३० | सम्बन्धवाचक | एउटा | स्कुल |
| | स्थानिक | स्कुल | - |
| ३० र ३१ | सार्वनामिक | म | - |
| ३१ र ३२ | संयोजक | र | - |
| ३२ र ३३ | सम्बन्धवाचक | एक | - |
| | सार्वनामिक | उनीहरू | केटा |
| | कालिक | बाह्र-तेह्र वर्ष | उमेर |
| ३३ र ३४ | सार्वनामिक | मलाई | मुख्य पात्र |
| | संयोजक | र | - |
| ३४ र ३५ | सार्वनामिक | म/उसलाई | केटो |
| ३५ र ३६ | सार्वनामिक | ऊ | केटो |
| | संयोजक | र | - |
| ३६ र ३७ | कालिक | आज/दिन | दिउँसो |

| | | | |
|---|---|---|---|
| | पुनरावृत्ति | दिन | - |
| | सम्बन्धवाचक | एक | - |
| ३७ र ३८ | सार्वनामिक | म | मुख्य पात्र |
| | दर्शकवाचक | त्यो | ठिटो |
| | संयोजक | तर | - |
| ३८ र ३९ | पारस्परिक | कालो - कालो | अनुहार |
| | संयोजक | पनि/र | - |
| | सार्वनामिक | म | मुख्य पात्र |
| ३९ र ४० | पारस्परिक | कता-कता | कतै |
| | दर्शकवाचक | यो | अनुभव |
| ४० र ४१ | पुनरावृत्ति | बुझ्न | जान्न |
| ४१ र ४२ | दर्शकवाचक | त्यो | झ्याल |
| | आत्मवाचक | आफैँ | म पात्र |
| | निपात | अनि | - |
| | पुनरावृत्ति | लाग्छ | - |

प्रस्तुत माथिको तालिकाअनुसार यस अनुच्छेदमा दर्शकवाचक, स्थानीय, कालिक, सार्वनामिक, सम्बन्धवाचक संयोजक, पारस्परिक जस्ता सम्बद्धकहरू प्रयोग भएका पाइन्छन् । वा.स २५ र २६ मा कालिक सम्बद्धक सार्वनामिक सम्बद्धक दर्शकवाचक सम्बद्धकको प्रयोग भएका छन् । कालिक सम्बद्धकअन्तर्गत 'फागुनको दिन' भन्ने शब्दको प्रयोग भएको छ । सार्वनामिक सम्बद्धकअन्तर्गत 'म' शब्दको प्रयोग भएको छ भने दर्शकवाचक सम्बद्धनअन्तर्गत 'यो' शब्दको फागुनको अर्थ लगाउन प्रयोग गरिएको छ । वा.सं. २६ र २७ मा सम्बन्धवाचक सम्बद्धकको प्रयोग भएको छ । जसमा 'जाने' शब्दको प्रयोग भएको छ । जसको अर्थ कतै हिँड्ने अर्थ लाग्छ । वा.सं. २७ र २८ मा स्थानीय सम्बद्धकको प्रयोग भएको छ । 'यहाँ' शब्दले स्थानीय सम्बद्धकअन्तर्गत 'सडकको' अर्थ लागेको छ । वा.सं. २८ र २९ मा स्थानीय सम्बद्धकको प्रयोग भएको छ । जसमा स्थानीय सम्बद्धकको रूपमा 'स्कुल' शब्दको प्रयोग भएको छ । वा.सं. २९ र ३० मा सम्बन्धवाचक सम्बद्धक र स्थानीय सम्बद्धक प्रयोग भएको छ । सम्बन्धवाचक सम्बद्धकअन्तर्गत 'एउटा' शब्दको प्रयोग भएको छ भने स्थानीय सम्बद्धकअन्तर्गत 'स्कुल' शब्दको प्रयोग भएको छ । वा.सं. ३० र ३१ मा सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ । सार्वनामिक सम्बद्धकअन्तर्गत 'म' शब्दको प्रयोग भएको छ । वा.सं. ३१ र ३२ मा संयोजक र सम्बन्धवाचक सम्बद्धकको प्रयोग भएको 'छ' संयोजक सम्बद्धकअन्तर्गत 'र' शब्दको प्रयोग र सम्बन्धवाचक सम्बद्धकअन्तर्गत 'एक' शब्दको प्रयोग भएको छ । वा.सं. ३२ र ३३ मा सार्वनामिक सम्बद्धक र कालिक सम्बद्धकको

प्रयोग भएको छ । सार्वनामिक सम्बद्धकअन्तर्गत 'उनीहरू' शब्द प्रयोग भएको छ भने कालिक सम्बद्धकअन्तर्गत 'बाह्र-तेह्र वर्ष' शब्दको प्रयोग भएको छ । वा.सं. ३३ र ३४ मा सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ । सार्वनामिक सम्बद्धकअन्तर्गत 'म' र 'उसलाई' शब्दको प्रयोग भएको छन् । वा.सं. ३४ र ३५ मा सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ । सार्वनामिक सम्बद्धकअन्तर्गत 'म' 'उसलाई' शब्द प्रयोग भएको छ । वा.सं. ३५ र ३६ मा सार्वनामिक सम्बद्धक र संयोजक सम्बद्धक प्रयोग भएको छ । सार्वनामिक सम्बद्धकअन्तर्गत 'ऊ' शब्द र संयोजक सम्बद्धकअन्तर्गत 'र' शब्दको प्रयोग भएको छ । वा.सं. ३६ र ३७ मा कालिक सम्बद्धकअन्तर्गत 'आजको दिन' शब्द प्रयोग भएको छ पुनरावृत्ति सम्बद्धकअन्तर्गत 'दिन' शब्दको प्रयोग भएको छ भने सम्बन्धवाचक सम्बद्धकअन्तर्गत 'एक' शब्दको प्रयोग भएको छ । वा.सं. ३७ र ३८ मा सार्वनामिक सम्बद्धक, दर्शकवाचक सम्बद्धक, संयोजक सम्बद्धकको प्रयोग भएको छ । सार्वनामिक सम्बद्धकअन्तर्गत 'म' शब्दको प्रयोग भएको छ । पुनरावृत्ति सम्बद्धकअन्तर्गत 'आजदिन' शब्दको प्रयोग भएको छ भने संयोजक सम्बद्धकअन्तर्गत 'तर' शब्दको प्रयोग भएको छ । वा.सं. ३८ र ३९ मा पारस्परिक सम्बद्धक, संयोजक सम्बद्धक र सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ । पारस्परिक सम्बद्धकअन्तर्गत 'कालो-कालो' शब्दको प्रयोग भएको छ । संयोजक सम्बद्धकअन्तर्गत 'पनि'/'र' शब्दको प्रयोग भएको छ भने सार्वनामिक सम्बद्धकअन्तर्गत 'म' शब्दको प्रयोग भएको छ । वा.सं. ३९ र ४० मा पारस्परिक सम्बद्धक र दर्शकवाचक सम्बद्धकको प्रयोग भएको छ । पारस्परिक सम्बद्धकअन्तर्गत 'कता-कता' शब्दको प्रयोग गरिएको छ । दर्शनवाचक सम्बद्धकअन्तर्गत 'यो' शब्दको प्रयोग भएको हो । वा.सं. ४० र ४१ मा पुनरावृत्ति सम्बद्धकअन्तर्गत 'बुझ्न' शब्दको प्रयोग भएको छ । वा.स ४१ र ४२ मा दर्शकवाचक सम्बद्धक, आत्मवाचक सम्बद्धक, निपात सम्बद्धक र पुनरावृत्ति सम्बद्धकको प्रयोग भएको छ । दर्शकवाचक सम्बद्धकअन्तर्गत 'त्यो' शब्दको प्रयोग भएको छ । आत्मवाचक सम्बद्धकअन्तर्गत 'आफैँ' शब्दको प्रयोग भएको छ । निपात सम्बद्धकअन्तर्गत 'अनि' शब्दको प्रयोग भएको छ भने पुनरावृत्ति 'लाग्छ' शब्द प्रयोग भएको छ ।

### ४.१.४ चौथो अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धकहरूको विश्लेषण

४३. तर के कुरा, यस्तो चञ्चलता अघि मलाई कहिल्यै आएन ।

४४. सम्झन अथवा बिर्सनलाई मसँग कुनै विषय नै थिएन, चिन्तन गर्नलाई कुनै दुःखै थिएन ।

४५.  एक किसिमले सुखी नै थिएँ ।

४६.  तर षोडशी छदाँ पनि नलागेको कुत्कुती आज यस उमेरमा किन त ?

४७.  त्यसैले आफ्नो एकनास जीवनभन्दा विपरीत यो भावना आइदिएकोले मैले भनिसकें - म बिरामीको अनुभव गर्छु ।

| वाक्य सङ्ख्या | सम्बद्धक | सम्बद्धकमा प्रयुक्त शब्द | सङ्केतित शब्द |
|---|---|---|---|
| ४३ र ४४ | संयोजक | तर/अथवा | - |
| | सार्वनामिक | मलाई | म पात्र |
| | लोप | - | यस |
| | पुनरावृत्ति | कुनै | - |
| ४४ र ४५ | सम्बन्धवाचक | एक | एकै प्रकारको |
| | संयोजक | नै | - |
| ४५ र ४६ | संयोजक | तर/पनि | - |
| | कालिक | आज | - |
| ४६ र ४७ | प्रतिस्थापन | त्यसैले | - |
| | सार्वनामिक | म | म पात्र |
| | आत्मवाचक | आफ्नो | म पात्र |

माथिको तालिकामा चौथो अनुच्छेदमा प्रयोग भएका सम्बद्धकहरूलाई प्रस्तुत गरिएको छ । प्रस्तुत अनुच्छेद संयोजक, सार्वनामिक, लोप, आत्मवाचक, प्रतिस्थापन, कालिक, पुनरावृत्ति जस्ता सम्बद्धकहरूको प्रयोग गरिएको छ । यहाँ वा.सं. ४३ र ४४ मा संयोजक, सार्वनामिक, लोप र पुनरावृत्ति जस्ता सम्बद्धकहरूको प्रयोग भएको छ । संयोजक सम्बद्धकअन्तर्गत 'तर'/'अथवा' शब्द प्रयोग भएको छ । सार्वनामिक सम्बद्धकअन्तर्गत 'मलाई' शब्दको प्रयोग भएको छ । लोप सम्बद्धकअन्तर्गत 'यस' शब्दको लोप भएको छ । त्यसैगरी पुनरावृत्ति सम्बद्धकअन्तर्गत 'कुनै' शब्दको प्रयोग भएको छ । वा.सं. ४४ र ४५ मा सम्बन्धवाचक सम्बद्धक र संयोजक सम्बद्धकको प्रयोग भएको छ । सम्बन्धवाचक सम्बद्धकअन्तर्गत 'एक' शब्दको प्रयोग भएको छ भने संयोजक सम्बद्धकअन्तर्गत 'नै' शब्दको प्रयोग भएको छ । वा.सं. ४५ र ४६ मा संयोजक र कालिक सम्बद्धकको प्रयोग भएको छ । संयोजक सम्बद्धकअन्तर्गत 'तर'/'पनि' शब्दको प्रयोग भएको छ । कालिक सम्बद्धकअन्तर्गत 'आज' शब्दको प्रयोग भएको छ । वा.सं. ४६ र ४७ मा प्रतिस्थापन सम्बद्धक, सार्वनामिक सम्बद्धक र आत्मवाचक सम्बद्धकको प्रयोग भएका छन् । प्रतिस्थापन सम्बद्धकअन्तर्गत 'त्यसैले' शब्दको प्रयोग भएको छ । सार्वनामिक सम्बद्धकअन्तर्गत 'म' शब्दको प्रयोग भएको छ । आत्मवाचक सम्बद्धकअन्तर्गत 'आफ्नो शब्दको प्रयोग भएको छन् ।

### ४.१.५ पाँचौं अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धकहरूको विश्लेषण

४८. त्यस दिनदेखि यता सधै म उसलाई देख्छु ।

४९. अब कल्पना गर्नलाई मसँग एउटा छायाँ छ, सोच्नलाई एउटा विषय ।

५०. अब म आफूभित्र त्यति फुका छैन, मेरो छातीमा पनि तरल पदार्थ सलबलाउन थालिसकेको छ, म आफैँभित्र पग्लिसकेकी छु ।

५१. ऊ आउँछ, पेटीमा उभिएर मास्तिर झ्यालमा हेर्छ ।

५२. साथीलाई छिडींको पसलेकहाँ केही किन्न पठाउँछ ।

५३. आफू त्यही उभिएर सुसेल्ने बहाना गर्छ ।

५४. मसँग आँखा जुध्यो भने, गालामा, कञ्चटमा, आँखाको छेउछाउमा सहिनसक्ता मुस्कानहरू नचाउँछ ।

५५. साथीसँग चिरबिर-चिरबिर अर्थ नबुझिने कुरा गर्छ ।

५६. मलाई त्यो बोली फागुनको बिहानै चरा कराएको जस्तो मीठो लाग्छ, सानो घण्टी बजेको जस्तै स्वादिलो लाग्छ ।

५७. मेरो कानमा स्वादैस्वाद भरिन्छ ।

५८. यसले मलाई आत्मसन्तुष्टि दिन्छ, अँ आत्म - सन्तुष्टि ! तर यो नयाँ अनुभूतिको जुन छटपटी छ, त्यो हराउँदैन ।

५९. प्रश्नचिन्हहरू झन-झन बढता मात्रामा रुमलिँदै आउँछन् ।

६०. माया, ममता, स्नेह, प्रेमजस्तो कुनै भावनाले मलाई उकुसमुकुस बनाइ राख्छ ।

६१. म थाहा पाउछु, मभित्र जग नभएको एउटा हावामा झुण्डिएको घर तयार भइसकेको छ ।

६२. म अझ स्पष्टै थाहा पाउँछु, मेरो छाती चस्किन्छ ।

६३. केही चीज पोखिएर बाहिर आउन खोज्छ ।

६४. म कम बोल्दछु, त्यसैले सबै कुरा ममा अव्यक्त छ ।

६५. हुँदा-हुँदै मेरो मनपराइ त्यो ठिटोप्रति सीमा नाघेर गइरहेको छ ।

६६. त्यसलाई देख्दै म अधीर हुन्छु ।

६७. उसलाई अङ्कमाल गर्न मन लाग्दछ, उसका दुवै गालामा म्वाई खान मन लाग्छ, काखमा राखेर खेलाउन मन लाग्छ ।

६८. सत्य कुरो उसलाई निचोर्न मन लाग्छ, अठ्याउँन मन लाग्छ ।

६९. मलाई हिस्टिरिया हुन खोज्छ ।

७०. मेरो मानसिक सन्तुलन ढलमल हुन खोजेको स्पष्टै थाहा पाउँछु ।

७१. समयको विकास भइसकेको छ, मानिसमा इच्छाशक्तिको केही अधिकार जमेको छ ।

७२. पशुजस्तै सहज ज्ञानमा चले मानिस अनैतिक र असामाजिक ठहरिन्छ ।

७३. मानिसलाई विभिन्न दृष्टिकोणबाट जोखेर फालिदिन्छ ।

७४. आफैंले आफैंलाई जोख्छ ।

७५. म पनि आफैंलाई राम्रोसँग पारख गर्छु ।

७६. कारण यो अनुभव मलाई मानिसको रोगजस्तै भइसकेको छ ।

| वाक्य **सङ्ख्या** | **सम्बद्धक** | **सम्बद्धकमा प्रयुक्त शब्द** | **सङ्केतित शब्द, अर्थ** |
|---|---|---|---|
| ४८ र ४९ | संयोजक | अब | - |
| | कालिक | दिन | दिउँसो |
| | सार्वनामिक | म | म पात्र |
| | पुनरावृत्ति | एउटा | एउटा छायाँ एउटा विषय |
| ४९ र ५० | संयोजक | अब/पनि | - |
| | सार्वनामिक | म | म पात्र |
| | आत्मवाचक | आफू | म पात्र |
| ५० र ५१ | सार्वनामिक | ऊ | केटो/छोरा |
| ५१ र ५२ | स्थानिक | पसल | किन्ने बेच्ने ठाउँ |
| ५२ र ५३ | आत्मवाचक | आफू | म पात्र |
| | दर्शकवाचक | त्यही | सडक |
| ५३ र ५४ | सार्वनामिक | मसँग | म पात्र |
| ५४ र ५५ | पारस्परिक | चिरबिर - चिरबिर | कराउँनु |
| ५५ र ५६ | सार्वनामिक | मलाई | म पात्र |
| | दर्शकवाचक | त्यो | चिरविर - चिरविर |
| | कालिक | फागुन | महिना |
| ५६ र ५७ | पारस्परिक | स्वादै स्वाद | मिठोबोली |
| ५७ र ५८ | दर्शकवाचक | त्यो | अनुभूति |
| | सार्वनामिक | मलाई | म पात्र |
| | पुनरावृत्ति | आत्मसन्तुष्टि | म पात्र |
| ५८ र ५९ | पारस्परिक | झन-झन | - |
| ५९ र ६० | पयार्यवाची | माया | ममता/स्नेह |
| ६० र ६१ | सार्वनामिक | म | म पात्र |
| | स्थानिक | घर | वस्नेठाउँ |
| ६१ र ६२ | सार्वनामिक | म | म पात्र |
| ६२ र ६३ | संयोजक | केही | - |
| ६३ र ६४ | सार्वनामिक | म | - |

| | | | |
|---|---|---|---|
| | संयोजक | त्यसैले | - |
| ६४ र ६५ | पारस्परिक | हुँदा - हुँदै | - |
| | दर्शकवाचक | त्यो | ठिटो |
| ६५ र ६६ | सार्वनामिक | म | म पात्र |
| ६६ र ६७ | सार्वनामिक | उसलाई/मलाई | केटो - म पात्र |
| ६७ र ६८ | सर्वनामिक | उसलाई | ठिटो |
| ६८ र ६९ | सार्वनामिक | मलाई | मुख्य पात्र |
| ६९ र ७० | संयोजक | थाहा | - |
| ७० र ७१ | कालिक | समय | - |
| ७१ र ७२ | संयोजक | र | - |
| ७२ र ७३ | संयोजक | बाट | - |
| ७३ र ७४ | पारस्परिक | आफैँले - आफैँलाई | आफू |
| ७४ र ७५ | सार्वनामिक | म | मुख्य पात्र |
| | आत्मवाचक | आफैँलाई | म पात्र |
| | संयोजक | पनि | - |
| ७५ र ७६ | सार्वनामिक | मलाई | मुख्य पात्र |
| | दर्शकवाचक | त्यो | अनुभव |

माथिको तालिका पाँचौं अनुच्छेदमा प्रयोग भएका सम्बद्धकहरूलाई प्रस्तुत गरिएको छ । यस अनुच्छेदमा, संयोजक, कालिक, सार्वनामिक, आत्मवाचक, पुनरावृत्ति, पारस्परिक, स्थानिक पर्यायवाची, निपात, दर्शकवाचक जस्ता सम्बद्धकहरूको प्रयोग भएको छ । वा.सं. ४८ र ४९ मा संयोजक, कालिक सार्वनामिक र पुनरावृत्ति सम्बद्धकको प्रयोग भएको छ । संयोजकअन्तर्गत 'अब' शब्दको प्रयोग भएको छ । कालिक सम्बद्धकअन्तर्गत 'दिन' शब्दको प्रयोग भएको छ । सार्वनामिक सम्बद्धकअन्तर्गत 'म' शब्दको प्रयोग भएको छ । पुनरावृत्ति सम्बद्धकअन्तर्गत 'एउटा छाया' 'एउटा विषय' शब्दको प्रयोग भएको छ । वा.सं. ४९ र ५० मा संयोजक, सार्वनामिक, आत्मवाचक सम्बद्धकको प्रयोग भएको छ । संयोजक अन्तर्गत 'अब' शब्द सार्वनामिकअन्तर्गत 'म' शब्द आत्मवाचकअन्तर्गत 'आफू' शब्दको प्रयोग भएको छ । वा.सं. ५० र५१ मा सार्वनामिक सम्बद्धकअन्तर्गत 'ऊ' शब्दको प्रयोग भएको छ । वा.सं. ५१ र ५२ मा स्थानिक सम्बद्धकअन्तर्गत 'पसलमा' शब्दको प्रयोग भएको छ । वा.स ५२ र ५३ मा आत्मवाचक र दर्शकवाचक सम्बद्धकको प्रयोग भएको छ । आत्मवाचकअन्तर्गत 'आफू' र दर्शकवाचकअन्तर्गत 'त्यही' शब्दको प्रयोग भएको छ । वा.सं. ५३ र ५४ मा सार्वनामिक सम्बद्धक 'मसँग' शब्दको प्रयोग भएको छ । वा.सं. ५४ र ५५ मा पास्पारिक सम्बद्धकअन्तर्गत 'चिरविर-चिरविर' शब्दको प्रयोग भएको छ । वा.सं. ५५ र ५६ मा सार्वनामिक दर्शकवाचक र कालिक सम्बद्धकको प्रयोग भएको छ ।

सार्वनामिकअन्तर्गत 'मलाई' दर्शकवाचकअन्तर्गत 'त्यो' कालिकअन्तर्गत 'फागुन' शब्दको प्रयोग भएको छ । वा.सं. ५६ र ५७ मा पास्पारिक, 'दर्शकवाचक, सार्वनामिक र पुनारवृत्ति सम्बद्धकको प्रयोग भएको छ । दर्शकवाचकअन्तर्गत 'त्यो' शब्द सार्वनामिकअन्तर्गत 'मलाई' शब्द पुनरावृत्तिअन्तर्गत 'आत्मसन्तुष्टि' शब्दको प्रयोग भएको छ । वा.सं. ५८ र ५९ मा पास्पारिक सम्बद्धकअन्तर्गत 'झन' शब्दको प्रयोग भएको छ । वा.स ५९ र ६० मा पर्यायवाची सम्बद्धकअन्तर्गत 'माया' शब्दको प्रयोग भएको छ । वा.सं. ६० र ६१ मा सार्वनामिक र स्थानिक सम्बद्धकको प्रयोग भएको छ । सार्वनामिक 'म' शब्द र स्थानिकअन्तर्गत 'घर' शब्दको प्रयोग भएको छ । वा.सं. ६१ र ६२ मा सार्वनामिक सम्बद्धक प्रयोग भएको छ । सार्वनामिक सम्बद्धकअन्तर्गत 'म' शब्दको प्रयोग भएको छ । वा.सं. ६२ र ६३ का बिचमा संयोजक सम्बद्धकअन्तर्गत 'केही' शब्दको प्रयोग भएको छ । वा.सं. ६३ र ६४ मा सार्वनामिक र संयोजक सम्बद्धकको प्रयोग भएको छ । सार्वनामिक संम्बद्धकअन्तर्गत म शब्दको प्रयोग भएको छ । संयोजक सम्बद्धकअन्तर्गत 'त्यसैले' शब्दको प्रयोग भएको छ । वा.सं. ६४ र ६५ मा पारस्परिक र दर्शकवाचक सम्बद्धकको प्रयोग भएको छ । पारस्परिक सम्बद्धकअन्तर्गत 'हुँदा-हुदै' शब्दको प्रयोग भएको छ भने दर्शकवाचक सम्बद्धकअन्तर्गत 'त्यो' शब्दको प्रयोग भएको छ । वा.सं. ६५ र ६६ मा सार्वनामिक सम्बद्धकअन्तर्गत 'म' शब्दको प्रयोग भएको छ । वा.सं. ६७ र ६८ मा सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ । सार्वनामिकअन्तर्गत 'उसलाई' शब्दको प्रयोग भएको छ । वा.सं. ६८ र ६९ मा सार्वनामिक सम्बद्धकअन्तर्गत 'मलाई' शब्दको प्रयोग भएको छ । वा.सं. ६९ र ७० मा संयोजक सम्बद्धकअन्तर्गत 'थाहा' शब्दको प्रयोग भएको छ । वा.सं. ७० र ७१ मा कालिक सम्बद्धकअन्तर्गत 'समय' संयोजक सम्बद्धकअन्तर्गत 'र' शब्दको प्रयोग भएको छ । वा.सं. ७२ र ७३ मा संयोजक सम्बद्धकअन्तर्गत 'बाट' शब्दको प्रयोग भएको छ । वा.सं. ७३ र ७४ मा पारस्परिक सम्बद्धकअन्तर्गत 'आफैँ' शब्दको प्रयोग भएको छ । वा.सं. ७४ र ७५ मा सार्वनामिक सम्बद्धकअन्तर्गत 'म' शब्द आत्मवाचकअन्तर्गत 'आफैँलाई' संयोजकअन्तर्गत 'पनि' शब्दको प्रयोग भएको छ । वा.सं. ७५ र ७६ मा सार्वनामिक र दर्शकवाचक सम्बद्धकको प्रयोग भएको छ । सार्वनामिकअन्तर्गत 'मलाई' र दर्शकवाचकअन्तर्गत 'यो' शब्दको प्रयोग भएको छ ।

### ४.१.६ छैटौं अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धकको विश्लेषण

७७. खाटमा पल्टन्छु सोच्छु ।

७८. अरुकोभन्दा मेरो भिन्नै चरित्र छ, भिन्नै आदर्श छ ।

७९ मलाई कुखुरे बैंसले छोएन, यौवनको चञ्चलताले छोएन ।

८० मलाई कहिल्यै कसैसित प्रेम गरुँजस्तो लागेन, मलाई विवाह गर्न सोख जागेन गृहिणी बन्ने रहर भएन र म अविवाहिता छु, वयस्क हुन थालिसके ।

८१. विवाह त हुन सक्छ संयोग न हो, तर रहरलाग्दो विवाह हुँदैन मलाई विवाहमा चाख नै छैन ।

८२. उमेर जति पुग्यो, त्यति छिप्पिएकी म देखिन्नँ ।

८३. मुख हेर्ने ऐनाले अझसम्म तिरस्कार गरेको छैन ।

८४. मैले सुनेकी छु विवाह नगरेर बसेपछि जीवनमा निरर्थकता र विरक्ति आउँछ, यौवनसम्बन्धी रोग लाग्छ ।

८५. तर यो विरक्ति मलाई लागेको छैन ।

८६. रोग चाहिने यही हो कि, भन्न सकिन्न ।

८७. म विलकुल जीवनहीन भइसकेकी छैन ।

८८. मैले सुनकी छु, यो उमेरमा मानिसमा विकृति आउँछ - विशेष विहे नगरी बसे ।

८९. ममा त्यही विकृति आउन लागेको होइन ?

९०. म झस्कन्छु, फेरि आफैँलाई सान्त्वना दिन्छु, किनकि यो उमेरमा पोखिएको पवित्र प्रेमलाई पनि मानिस विकृति नै भन्छन् ।

९१. मैले पढेकी छु - पैंतीस वर्षसम्म स्वास्नीमानिसको शरीर इन्द्रियको दास हुन्छ म डराउँछु पसिना चिटचिट आउँछ, घाँटी निमोठिएर आउँछ ।

९२. म आफ्नो उमेरको हिसाब लगाउन खोज्छु म अहिले पैंतीस नाघेकी छैन, म पैंतीस पुगेकी छैन तर, तर बिहे गरेको भए त्यही ठिटोजत्रो ढड्डू मेरो छोरो भइसक्थ्यो ।

९३. यो ‘छोरो’ शब्द आउनासाथ म मा भूँईचालो जान्छ, एकपत्र तुवाँलो फाट्छ, एउटा ठूलो प्रश्न चिन्ह हराउँछ, छटपटी कम हुन्छ, घाँटी निमोठिन छोड्छ, एकैसाथ धेरै वटा बोझले छोड्छन् ।

९४. अर्को सन्तुष्टि मिल्छ तर केही पोख्न खोज्ने चीज पोखिन बाँकी नै रहेकोछ ।

९५. जे होस् म आफूलाई बीसको उन्नाइस स्वस्थ पाउँछु ।

| वाक्य सङ्ख्या | सम्बद्धक | सम्बद्धकमा प्रयुक्त शब्द | सङ्केतिक शब्द, अर्थ |
|---|---|---|---|
| ७७ र ७८ | पुनरावृत्ति | भिन्नै | फरक |
| ७८ र ७९ | सार्वनामिक | मलाई | म पात्र |
| ७९ र ८० | सार्वनामिक | मलाई | - |
| | संयोजक | र | - |
| ८० र ८१ | सार्वनामिक | मलाई | - |
| | संयोजक | र/तर | - |
| | पुनरावृत्ति | विवाह | विहे |
| ८१ र ८२ | सार्वनामिक | म | - |
| ८२ र ८३ | संयोजक | अझसम्म | - |
| ८३ र ८४ | संयोजक | र | - |
| ८४ र ८५ | सार्वनामिक | मलाई | म पात्र |
| | संयोजक | तर | - |
| ८५ र ८६ | लोप | | विरक्ति |
| ८६ र ८७ | सार्वनामिक | म | - |
| ८७ र ८८ | संयोजक | यो | - |
| ८८ र ८९ | सार्वनामिक | म | म पात्र |
| | दर्शवाचक | त्यही | विकृति |
| ८९ र ९० | सार्वनामिक | म | म पात्र |
| | आत्मवाचक | आफैँ | - |
| | संयोजक | पनि/नै | - |
| ९० र ९१ | कालिक | पैतिस | - |
| | सार्वनामिक | म | - |
| | पारस्परिक | चिट -चिट | पसिना आउनु |
| ९१ र ९२ | सार्वनामिक | म | म पात्र |
| | आत्मवाचक | आफैँ | - |
| | कालिक | पैंतीस वर्ष | उमेर |
| | दर्शकवाचक | त्यही | ठिटो |
| ९२ र ९३ | दर्शकवाचक | त्यो | छोटो |
| | सार्वनामिक | म | - |
| | सम्बन्धवाचक | एक/एउटा | - |
| ९३ र ९४ | संयोजक | तर/नै | - |
| ९४ र ९५ | सार्वनामिक | म | म पात्र |
| | आत्मवाचक | आफैँ | म पात्र |
| | कालिक | बीस-उन्नाइस | उमेर |

माथिको तालिकामा छैटौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूलाई प्रयुक्त गरिएको । यहाँ वा.स. ७७ र ७८ मा पुनरावृत्ति सम्बद्धकअन्तर्गत 'भिन्नै' शब्दको प्रयोग भएको छ । वा.स. ७८ र ७९ सार्वनामिक सम्बद्धकअन्तर्गत 'मलाई' शब्दको प्रयोग भएको छ । वा.स. ७९ र ८० मा

सार्वनामिक र संयोजक सम्बद्धकको प्रयोग भएको छ। सार्वनामिक सम्बद्धकअन्तर्गत 'मलाई' शब्द र संयोजक सम्बद्धकअन्तर्गत 'र' शब्दको प्रयोग भएको छ। वा.स. ८० र ८१ मा सार्वनामिक, संयोजक र पुनरावृत्ति सम्बद्धकको प्रयोग भएको छ। जसमा सार्वनामिक सम्बद्धकअन्तर्गत 'मलाई' शब्द संयोजक सम्बद्धकअन्तर्गत 'र' शब्द पुनरावृत्ति सम्बद्धकअन्तर्गत विवाह शब्दले प्रयोग छ। वा.स. ८१ र ८२ मा सार्वनामिक सम्बद्धकअन्तर्गत 'म' शब्दको प्रयोग भएको छ। वा.स. ८१ र ८२ मा संयोजक सम्बद्धकअन्तर्गत 'अझसम्म' शब्दको प्रयोग भएको छ। वा.स. ८३ र ८४ मा संयोजक सम्बद्धकअन्तर्गत 'र' शब्दको प्रयोग भएको छ। वा.स. ८४ र ८५ मा सार्वनामिक सम्बद्धकअन्तर्गत 'मलाई' शब्द र संयोजक सम्बद्धकअन्तर्गत 'तर' शब्दको प्रयोग भएको छ। वा.स. ८५ र ८६ मा लोप सम्बद्धकअन्तर्गत 'विरक्ति' शब्द लोप भएको छ। वा.स. ८६ र ८७ मा सार्वनामिक सम्बद्धकअन्तर्गत 'म' शब्दको प्रयोग भएको छ। वा.स. ८७ र ८८ मा संयोजक सम्बद्धकअन्तर्गत 'यो' शब्दको प्रयोग भएको छ। वा.स. ८८ र ८९ मा सार्वनामिक सम्बद्धकअन्तर्गत 'म' शब्दको प्रयोग भएको छ भने दर्शकवाचक सम्बद्धकअन्तर्गत 'त्यही' शब्दको प्रयोग भएको छ। वा.स. ८९ र ९० मा सार्वनामिक, आत्मवाचक र संयोजक सम्बद्धक प्रयोग भएको छ। जसअन्तर्गत सार्वनामिक सम्बद्धकअन्तर्गत 'म' शब्द आत्मवाचकअन्तर्गत 'आफैं' शब्द र संयोजक सम्बद्धकअन्तर्गत 'पनि'/'नै' शब्दको प्रयोग भएको छ। वा.स. ९० र ९१ मा कालिक सार्वनामिक, पारपारिक सम्बद्धकको प्रयोग भएको छ। कालिक सम्बद्धकअन्तर्गत 'पैतिस' सार्वनामिकअन्तर्गत 'म' र पारस्परिक सम्बद्धकअन्तर्गत 'चिट-चिट' शब्दको प्रयोग भएको छ। वा.स. ९१ र ९२ मा सार्वनामिक, आत्मवाचक, कालिक, दर्शकवाचक सम्बद्धकको प्रयोग भएको छ। सार्वनामिक सम्बद्धकअन्तर्गत 'म' शब्द आत्मवाचकअन्तर्गत आफैं कालिकअन्तर्गत 'पैंतीस' शब्द दर्शकवाचकअन्तर्गत 'त्यही' शब्दको प्रयोग भएको छ। वा.स. ९२ र ९३ मा दर्शकवाचक सार्वनामिक, सम्बन्धवाचक सम्बद्धक प्रयोग भएको छ जसमा दर्शकवाचक सम्बद्धकअन्तर्गत 'यो' शब्द सार्वनामिक सम्बद्धकअन्तर्गत 'म' शब्द र सम्बन्धवाचक सम्बद्धकअन्तर्गत 'एक'/'एउटा' शब्दको प्रयोग भएको छ। वा.स. ९३ र ९४ मा संयोजक सम्बद्धकअन्तर्गत 'तर'/'नै' शब्दको प्रयोग भएको छ। वा.स. ९४ र ९५ मा सार्वनामिक सम्बद्धक 'म' शब्दको प्रयोग भएको छ। आत्मवाचक सम्बद्धकअन्तर्गत 'आफैं' शब्दको प्रयोग भएको छ भने कालिक सम्बद्धकअन्तर्गत 'बीस उन्नाइस' शब्दको प्रयोग भएको छ।

### ४.१.७ सातौँ अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धकको विश्लेषण

९६. भोलि हुन्छ ।

९७. मेरो रोग कम भएको छ तर सोचाइको मात्रा बढेको छ ।

९८. मलाई फेरि पनि फुर्सद छैन ।

छातीमा पनि तरल पदार्थ सलबलाउन थालिसकेको छ । म आफैंभित्र पग्लिसकेकी छु भनेर प्रभाव असर सम्बन्ध रहेको छ । वा.सं. ५० र ५१ का बिचमा सामान्य विशिष्ट सम्बन्ध रहेको छ । ऊ आफैंभित्र पग्लिसकेकी र ठिटो पेटीमा उभिएर मास्तिर झ्यालमा हेर्छ सामान्य विशिष्ट सम्बन्ध रहेको छ । वा.सं. ५१ र ५२ मा व्याख्यात्मक सम्बन्ध रहेको छ । झ्याल मास्तिर हेर्छ ठिटो र साथीलाई पसलमा केही किन पठाउँछ व्याख्या गरिएको छ । वा.सं. ५२ र ५३ मा पनि व्याख्यात्मक सम्बन्ध रहेको छ । वा.सं. ५३ र ५४ मा सामान्य विशिष्ट सम्बन्ध रहेको छ । वा.सं. ५३ र ५४ मा सामान्य विशिष्ट सम्बन्ध रहेको छ । ऊ कोठामुनि उभिएर सुसेल्ने बहाना सामान्य र म पात्रमा आँखा जुध्यो भने गालामा कञ्चटमा आँखाको छेउछाउमा सहिनसक्ता पसिना आउनु विशिष्ट सम्बन्ध रहेको छ । वा.सं. ५४ र ५५ मा व्याख्यात्मक सम्बन्ध रहेको छ । म पात्रले केटाको बारेमा व्याख्या गरेकी छन् । वा.सं. ५५ र ५६ का बिचमा स्पष्टोक्ति सम्बन्ध रहेको छ । वा.सं. ५६ र ५७ का बिचमा मीठो लाग्ने गरेको स्पष्टोक्ति गरेकी छन् । वा.सं. ५६ र ५७ का बिचमा पनि स्पष्टोक्ति सम्बन्ध रहेको छ । वा.सं. ५७ र ५८ का बिचमा अप्रत्यक्ष सम्बन्ध रहेको छ । वा.सं. ५८ र ५९ का बिचमा अप्रत्यमा सम्बन्ध रहेको छ । वा.सं. ५९ र ६० का बिचमा कारण कार्य सम्बन्ध रहेको छ । अनुभूतिको छटपटी छ त्यो हराउँदैन कारण र प्रश्न चिन्हहरू झन-झन बढ्ता मात्रामा बढ्दै आएका कार्य सम्बन्ध रहेका छन् । वा.सं. ६० र ६१ का बिचमा युगबोधक सम्बन्ध रहेको छ । यहाँ माया ममता स्नेह प्रेम जस्ता भावनाले उकुसमुकुस बनाएको छ । वा.सं. ६१ र ६२ का बिचमा व्याख्यात्मक सम्बन्ध रहेको छ । यहाँ म पात्रलाई जग नभएको एउटा हावामा भुण्डिएको घर तयार छ भनेकी छन् । वा.सं. ६१ र ६२ का बिचमा व्याख्यात्मक सम्बन्ध रहेको छ । यहाँ म पात्रलाई स्पष्टै थाहा पाउँछ । मेरो छाती चस्किन्छ भनेर व्याख्या गरेकी छन् । वा.सं. ६२ र ६३ का बिचमा सामान्य विशिष्ट सम्बन्ध रहेको छ । म अझ स्पष्टै थाहा पाउँछु मेरो छाती चस्किन्छ सामान्य केही चीज पोखिएर बाहिर आउन खोज्छ विशिष्ट सम्बन्ध रहेको छ । वा.सं. ६३ र ६४ बिचमा सामान्य विशिष्ट सम्बन्ध रहेको छ, यहाँ म कम बाँच्छु । त्यसैले सबै कुरो ममा अव्यक्त छ भनेर म पात्रले भनेको अवस्था छ । वा.सं. ६४ र ६५ का बिचमा कार्य कारण सम्बन्ध रहेको छ । म कम बोल्छु कार्य र छिटोप्रति सीमा नाघेर गइरहेको छ कारण सम्बन्ध रहेको छ । वा.सं. ६५ र ६६ व्याख्यात्मक सम्बन्ध रहेको छ । वा.सं. ६६ र ६७ का बिचमा युगबोधक सम्बन्ध रहेको छ । यहाँ म पात्रले ठिटोलाई अङ्कमाल गर्न म्वाई खान र काखमा राखेर खेलाउन मन

लाग्ने बताएकी छन् । वा.सं. ६७ र ६८ का बिचमा युगबोधक सम्बन्ध रहेको छ । वा.सं. ६८ र ६९ का बिचमा अप्रत्यक्ष सम्बन्ध रहेको छ । यहाँ ठिटोलाई निचोर्न र हिष्टिरिया हुन खोजेको एक अर्काप्रति नमिलेका कारण अप्रत्यक्ष रहेको छ । वा.सं. ६९ र ७० का बिचमा अनुक्रबोधक सम्बन्ध रहेको छ । हिस्टिरिया हुन  र मानसिक सन्तुलन ढलमल हुन एक अर्कामा अनुक्रम मिलेका भएकाले अनुक्रमबोधक सम्बन्ध रहेको छ । वा.सं. ७० र ७१ का बिचमा अप्रत्यक्ष सम्बन्ध रहेको छ । वा.सं. ७१ र ७२ का अप्रत्यक्ष सम्बन्ध रहेको छ । वा.सं. ७२ र ७३ का बिचमा अप्रत्यक्ष सम्बन्ध रहेको छ । वा.सं. ७३ र ७४ का बिचमा अनुक्रमबोधक सम्बन्ध रहेको छ । यहाँ  मानिसले विभिन्न किसिमले जोखेर फाल्छ र आफैँले आफैँलाई देख्छ अनुक्रम मिलेको छ । वा.सं. ७४ र ७५ का बिचमा अनुक्रमबोधक सम्बन्ध रहेको छ । म पात्रले मानिसमा आफैँले आफैँले जोख्छ र म पनि आफैँलाई राम्रोसँग पारख गर्छु भनेकी छन् । वा.सं. ७५ र ७६ का बिचमा निहितार्थ सम्बन्ध रहेको छ । म पनि आफैँलाई राम्रोसँग पारख गर्छु कारण यो अनुभव मलाई मानिसको रोग जस्तै भइसकेको छ भनेर म पात्रले भनेकी छन् । यहाँ निहितार्थ सम्बन्ध रहेको छ ।

### ४.२.६ छैटौं अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धनको विश्लेषण

७७. खाटमा पल्टन्छु सोच्छु ।

७८. अरुकोभन्दा मेरो भिन्नै चरित्र छ भिन्नै आदर्श छ ।

७९ मलाई कुखुरे बैंसले छोएन, यौवनको चञ्चलताले छोएन ।

८० मलाई कहिल्यै कसैसित प्रेम गरुँजस्तो लागेन, मलाई विवाह गर्न सोख जागेन गृहिणी बन्ने रहर भएन र म अविवाहिता छु, वयस्क हुन थालिसकें ।

८१. विवाह त हुन सक्छ संयोग न हो, तर रहरलाग्दो विवाह हुँदैन मलाई विवाहमा चाख नै छैन ।

८२. उमेर जति पुग्यो, त्यति छिप्पिएकी म देखिन्नँ ।

८३. मुख हेर्ने ऐनाले अझसम्म तिरस्कार गरेको छैन ।

८४. मैले सुनेकी छु विवाह नगरेर बसेपछि जीवनमा निरर्थकता र विरक्ति आउँछ यौवनसम्बन्धी रोग लाग्छ ।

८५. तर यो विरक्ति मलाई लागेको छैन ।

८६. रोग चाहिने यही हो कि, भन्न सकिन्न ।

८७. म बिलकुल जीवनहीन भइसकेकी छैन ।

८८. मैले सुनेकी छु यो उमेरमा मानिसमा विकृति आउँछ - विशेष विहे नगरी बसे ।

८९. ममा त्यही विकृति आउन लागेको होइन ?

९०. म झस्कन्छु, फेरी आफैंलाई सान्त्वना दिन्छु, किनकि यो उमेरमा पोखिएको पवित्र प्रेमलाई पनि मानिस विकृति नै भन्छन् ।

९१. मैले पढेकी छु - पैंतीस वर्षसम्म स्वास्नी मानिसको शरीर इन्द्रियको दास हुन्छ म डराउँछु पसिना चिटचिट आउँछ घाटी निमोठिएर आउँछ ।

९२. म आफ्नो उमेरको हिसाब लगाउन खोज्छु म अहिले पैंतीस नाघेकी छैन, म पैंतिस पुगेकी छैन तर, तर बिहे गरेको भए त्यही ठिटो जत्रो ढड्डू मेरो छोरो भइसक्थ्यो ।

९३. यो 'छोरो' शब्द आउनासाथ ममा भूँइचालो जान्छ, एकपत्र तुवालो फाट्छ, एउटा ठूलो प्रश्न चिन्ह हराउँछ, छटपटी कम हुन्छ, घाँटी निमोठिन छोड्छ, एकैसाथ धेरै वटा बोझले छोड्छन् ।

९४. अर्को सन्तुष्टि मिल्छ तर केही पोख्न खोज्ने चीज पोखिन बाँकी नै रहेको छ ।

९५. जे होस् म आफूलाई बिसको उन्नाइस स्वस्थ पाउँछु ।

| वाक्य सङ्ख्या | सम्वद्धन |
|---|---|
| ७७ र ७८ | परिचयात्मक सम्बन्ध |
| ७८ र ७९ | प्रभाव असर सम्बन्ध |
| ७९ र ८० | परिचयात्मक सम्बन्ध |
| ८० र ८१ | अनुक्रमबोधक सम्बन्ध |
| ८१ र ८२ | परिचयात्मक सम्बन्ध |
| ८२ र ८३ | व्याख्यात्मक सम्बन्ध |
| ८३ र ८४ | सामान्य विशिष्ट सम्बन्ध |
| ८४ र ८५ | व्यतिरेकी तुलनात्मक सम्बन्ध |
| ८५ र ८६ | अप्रत्यक्ष सम्बन्ध |
| ८६ र ८७ | व्याख्यात्मक सम्बन्ध |
| ८७ र ८८ | आर्थी पर्यायको सम्बन्ध |
| ८८ र ८९ | प्रश्नार्थक सम्बन्ध |
| ८९ र ९० | कार्य कारण सम्बन्ध |
| ९० र ९१ | प्रभाव असर सम्बन्ध |
| ९१ र ९२ | व्यतिरेकी तुलनात्मक सम्बन्ध |
| ९२ र ९३ | अनुक्रमबोधक सम्बन्ध |
| ९३ र ९४ | रीतिबोधक सम्बन्ध |
| ९४ र ९५ | अप्रत्यक्ष सम्बन्ध |

माथिको तालिकाअनुसार छैटौं अनुच्छेदमा प्रयुक्त वा.सं. ७७ र ७८ का बिचमा परिचयात्मक सम्बन्ध रहेको छ । यहाँ म पात्रले आफ्नो खाटमा पल्टिने र अरुकोभन्दा भिन्न तरिका छ भनेर परिचय दिने काम गरेकी छन् । वा.सं. ७८ र ७९ का बिचमा प्रभाव असर सम्बन्ध रहेको छ । यहाँ भिन्नै चरित्र छ भनेर प्रभाव व्यक्त गरेकी छन् भने त्यस असरमा म माले कुखुर बैंसले छोएन र यौवनको चञ्चलताले छोएन भनेकी छन् । वा.सं. ७९ र ८० का बिचमा परिचयात्मक सम्बन्ध रहेको छ । म पात्रले कहिल्यै कोहीसँग प्रेम गरुँ जस्तो लागेन । विवाह र गृहिणी बन्ने रहर पनि लागेन भनेर परिचयात्मक सम्बन्ध रहेको छ । वा.सं. ८० र ८१ का बिचमा अनुक्रमबोधक सम्बन्ध रहेको छ । म पात्रले विवाहको बारेमा गुरु नगरु

विवाह एउटा संयोग भनेर क्रमैसँग व्याख्या गरेकी छन् । वा.सं. ८३ र ८४ का बिचमा सामान्य विशिष्ट सम्बन्ध रहेको छ । मुख हेर्न ऐनाले अझसम्म चिरस्कार सामान्य र विवाह नगरे बसे जीवनमा निरर्थकमा र बिरक्ति आउँछ विशिष्ट सम्बन्ध रहेको छ । वा.सं. ८४ र ८५ का बिचमा व्यत्तिरेकी तुलनाको सम्बन्ध रहेको छ । यौवनसम्बन्धी रोग लाग्छ विवाह नगरी बसे भने म पात्रले त्यस्तो रोग देखिएको छैन भनेर व्यतिरेकी तुलनात्मक रूपमा म पात्रले भन्नेका छन् । वा.सं. ८५ र ८६ का बिचमा अप्रत्यक्ष सम्बन्ध रहेको छ । यहाँ वा.सं. ८५ मा बिरक्तिको मलाई लागेको छैन वा.सं. ८६ मा रोग चाहिने यहि हो भनेर कोही सम्बन्ध रहेको छ । वा.सं. ८६ र ८७ का बिचमा व्याख्यात्मक सम्बन्ध रहेको छ । यहाँ म पात्रले रोगको वारेमा व्याख्या गर्दै गएकी छन् । वा.सं. ८७ र ८८ का बिचमा आर्थीबिपर्यायको सम्बन्ध रहेको छ । वा.सं. ८८ र ८९ का बिचमा प्रश्नार्थक सम्बन्ध रहेको छ 'यहाँ' ममा विकृति आउन लागेको होइन भनेर म पात्र प्रश्न गरेकी छन् । वा.सं. ८९ र ९० का बिचमा कार्य कारणमा म पात्रलाई झस्किने आफैंलाई सान्त्वना दिने कार्य गरेको भनेकी छन् । वा.सं. ९० र ९१ का बिचमा प्रभाव असर सम्बन्ध रहेको छ । प्रेमलाई विकृति नै भन्छन् प्रभाव र त्यसको असरमा डराउन पसिना चिरचिर आउने गरेको कुरा व्यक्त भएको छ । वा.सं. ९१ र ९२ का बिचमा व्यतिरेकी तुलनात्मक सम्बन्ध रहेको छ । म पैतिस नाघेको छैन तर बिहे भए ढड्डू छोरो मेरो हुन्थ्यो भनेकी छन् म पात्रले वा.सं. ९२ र ९३ का बिचमा अनुक्रम बोधक सम्बन्ध रहेको छ । म पात्रले छोरो शब्दको बारेमा क्रममा व्याख्या गरेकी छन् । वा.सं. ९३ र ९४ का बिचमा रीतिबोधक सम्बन्ध रहेको छ । यहाँ केही पोखिन खोज्छ । केही पोखिँदैन भनेकी छन् । वा.सं. ९४ र ९५ का बिचमा अप्रत्यक्ष सम्बन्ध रहेको छ ।

### ४.२.७ सातौँ अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धनको विश्लेषण

९६. भोलि हुन्छ ।

९७. मेरो रोग कम भएको छ, तर सोचाइको मात्रा बढेको छ ।

९८. मलाई फेरि पनि फुर्सद छैन ।

९९. त्यस ठिटोलाई अङ्कमाल गर्ने, स्वाइँ खाने आवेग छुटेको छैन ।

१००. त्यो मेरो छोरो वा अरु कोही, सोच्छु-शायद त्यो प्रकृतिको बरदान होला, स्वानी मानिसको वात्सल्यदेखि बञ्चित रहेको नसक्ने ।

१०१. स्वास्नीमानिस स्वास्नी हुनुभन्दा जननी पहिले भइहोली ।

१०२. त्यसैले मातृप्रेम धेरै उच्च छ ।

१०३. छोरो-छोरो म जहातहीं छोरो देख्छ ।

१०४. हामी पनि छोरोभन्दाभन्दै जन्मँदै गएका छोराछोरी हौं ।

१०५. म भन्छु - छोरो, सबै छोरा भन्दछन् ।

१०६. कल्पना गर्छु यहाँ सबै छोरैछोरा भए ! अनि आफैं खिस्स हास्छु ।

१०७. तर छोरो खेलाउनलाई पोइ चाहिन्छ ।

१०८. पोइ भन्नासाथ मेरो आग सिरिँङ्ग हुन्छ, किनकि यो पोइ मैले कहिल्यै कल्पना नगरेको वस्तु हो ।

१०९. पोइभन्दा मलाई घिन जस्तो लाग्छ ।

११०. एउटा छोरोको लोभले म कल्पनामा पोइ समात्न खोज्छु ।

१११. तर मरे पनि समात्न सक्तिनँ ।

११२. यो पोइ नामको कुनै जीवलाई जवरजस्ती अँगालेर राख्न चाहन्छु छोराको मूर्ति हटाउन चाहन्छु, तर पोइ भाग्छ ।

११३. काखमा उही ढड्डू छोरो पल्टिरहेकोछ ।

११४. मेरी दिदीको सानो मरञ्च्याँसे छोरो छ तर मलाई त्यसको रहर लाग्दैन

११५. म त्यसलाई खेलाउँदिनँ ।

११६. किनकि म छोरो भन्यो कि यस्तै ढड्डू देख्छु ।

११७. अनि मेरो वात्सल्यप्रति मलाई शङ्का लाग्छ ।

११८. एउटा धूवाँ उठ्छ क्रमशः प्रश्न बनेर आउँछ, कस्तो छोरो, कस्तो पोइ ?

११९. पोइ र छोरो पालैपिच्छे मेरो मानसपटमा आधुनिक चित्रकलाझैं बुझ्नै नसकिने गरेर आउँछन् ।

१२०. तर म सन्तुष्ट छु किनकि मेरो मनबाट पचहत्तर प्रतिशत विकार भागिसकेको छ ।

| **वाक्य सङ्ख्या** | **सम्वद्धन** |
|---|---|
| ९६ र ९७ | परिवेश घटना सम्बन्ध |
| ९७ र ९८ | अप्रत्यक्ष सम्बन्ध |
| ९८ र ९९ | स्पष्टोक्ति सम्बन्ध |
| ९९ र १०० | अनुमानित सम्बन्ध |

| | |
|---|---|
| १०० र १०१ | स्पष्टोक्ति सम्बन्ध |
| १०१ र १०२ | प्रभाव असर सम्बन्ध |
| १०२ र १०३ | अप्रत्यक्ष सम्बन्ध |
| १०३ र १०४ | प्रयोजन सम्बन्ध |
| १०४ र १०५ | सामान्य विशिष्ट सम्बन्ध |
| १०५ र १०६ | प्रभाव असर सम्बन्ध |
| १०६ र १०७ | व्यतिरेकी तुलनात्मक सम्बन्ध |
| १०७ र १०८ | कार्यकारण सम्बन्ध |
| १०८ र १०९ | स्पष्टोक्ति सम्बन्ध |
| १०९ र ११० | सामान्य विशिष्टि सम्बन्ध |
| ११० र १११ | अनुक्रमबोधक सम्बन्ध |
| १११ र ११२ | अनुक्रमबोधक सम्बन्ध |
| ११२ र ११३ | स्पष्टोक्ति सम्बन्ध |
| ११३ र ११४ | व्यतिरेकी तुलनात्मक सम्बन्ध |
| ११४ र ११५ | व्याख्यात्मक सम्बन्ध |
| ११५ र ११६ | कारण कार्य सम्बन्ध |
| ११६ र ११७ | व्याख्यात्मक सम्बन्ध |
| ११७ र ११८ | प्रश्नार्थक सम्बन्ध |
| ११८ र ११९ | प्रश्नोत्तर सम्बन्ध |
| ११९ र १२० | अप्रत्यक्ष सम्बन्ध |

प्रस्तुत तालिकामा देखाइए अनुसार वा.सं. ९६ र ९७ का बिचमा परिवेश घटना सम्बन्ध रहेको छ । परिवेशअन्तर्गत भोलि हुन्छ र घटनाअन्तर्गत मेरो रोग कम भएको छ तर सोचाइको मात्रा बढेको छ । त्यसैले यहाँ परिवेश घटना सम्बन्ध रहेको छ । वा.सं. ९७ र ९८ का बिचमा अप्रत्यक्ष सम्बन्ध रहेको छ । यहाँ अगिल्लो वाक्यमा सोचाइको मात्र बढेको छ भनेकी छन् भने पछिल्लो वाक्यमा फुर्सद छैन भनेकी छन् । वा.सं. ९८ र ९९ का बिचमा स्पष्टोक्ति सम्बन्ध रहेको छ । मलाई त्यस ठिटोलाई अङ्कमाल गर्ने म्वाइँ खाने आवेग छुटेको छैन भनेर म पात्रलेभित्रैदेखि भनेकी छन् । वा.सं. ९९ र १०० का बिचमा

अनुमानित सम्बन्ध रहेको छ। वा.सं. १०० र १०१ का बिचमा स्पष्टोक्ति सम्बन्ध रहेको छ। यहाँ म पात्रले स्वास्नी मानिस स्वास्नी हुनुभन्दा जननी पहिल्यै भइहोली भनेकी छन्। वा.सं. १०१ र १०२ का बिचमा प्रभाव असर सम्बन्ध रहेको छ। यहाँ स्वास्नी मानिस स्वानी हुनुभन्दा पहिल्यै जननी भइहोली प्रभाव र त्यसैले मातृप्रेम धेरै उच्च छ, त्यसको असरका रूपमा रहेको छ। वा.सं. १०२ र १०३ का बिचमा अप्रत्यक्ष सम्बन्ध रहेको छ। वा.सं. १०३ र १०४ वटा बिचमा प्रयोजन सम्बन्ध रहेको छ। यहाँ छोरो, छोरो म जहाँतही छोरो भन्छु र हामी पनि छोरोभन्दाभन्दै जन्मदै गएका छोराछोरी हो भनेर प्रयोजन एउटै रहेको छ। वा.सं. १०४ र १०५ का बिचमा सामान्य विशिष्ट सम्बन्ध रहेको छ। यहाँ हामी पनि छोरोभन्दाभन्दै जन्मदै गएका छोराछोरी हौं सामान्य र म भन्छु छोरा सबै छोरा भन्दछन् विशिष्ट सम्बन्ध रहेको छ। वा.सं. १०५ र १०६ का बिचमा प्रभाव असर सम्बन्ध रहेको छ। सबै छोराछोरी भए प्रभाव र आफैं खिस्स हाँस्छु असर रहेको छ। वा.सं. १०६ र १०७ बिचमा व्यतिरेकी तुलनात्मक सम्बन्ध रहेको छ। यहाँ अनि आफैं खिस्स हाँस्छु तर छोरो खेलाउन पोइ चाहिन्छ भनेर व्यतिरेकी तुलनात्मक सम्बन्ध रहेको छ। वा.सं.१०७ र १०८ का बिचमा कार्य कारण सम्बन्ध रहेको छ। पोइ भन्नासाथ मेरो आग सिरिङ्ग हुन्छ किनकि यो मैले कल्पना नगरेको वस्तु भनेकी छन्। वा.सं. १०८ र १०९ का बिचमा स्पष्टोक्ति सम्बन्ध रहेको छ। पोइभन्दा मलाई घिन जस्तो लाग्छ भनेकी छन्। वा.सं. १०९ र ११० का बिचमा सामान्य विशिष्ट सम्बन्ध रहेको छ। पोइभन्दा मलाई घिन जस्तो लाग्छ सामन्य सम्बन्ध र एउटा छोराको लोभले म कल्पनामा पोइ समात्न खोज्छु विशिष्ट सम्बन्ध रहेको छ। वा.सं. ११० र १११ का बिचमा अनुक्रमबोधक सम्बन्ध रहेको छ। यहाँ अनुक्रमबोधक सम्बन्ध म मरे पनि समात्न सक्तिन एउटै अर्थ रहेको छ। वा.सं. १११ र ११२ का बिचमा अनुक्रमबोधक सम्बन्ध रहेको छ। वा.सं. ११२ र ११३ का बिचमा स्पष्टोक्ति सम्बन्ध रहेको छ। यहाँ म पात्रले काखमा उही ढड्डू छोरो पल्टिहाल्छ भनेकी छन्। वा.सं. ११३ र ११४ का बिचमा व्यतिरेकी तुलनात्मक सम्बन्ध रहेको छ। यहाँ मेरो दिदीको सानो मरन्यासे छोरो छ तर मलाई त्यसको रहर लाग्दैन भनेकी छन्। दुई वाक्यका बिचमा तुलना गरिएको छ। वा.सं. ११४ र ११५ का बिचमा व्याख्यात्मक सम्बन्ध रहेको छ। यहाँ दिदीको छोरालाई खेलाउँदिन भनेर व्याख्या गरेकी छन्। वा.सं. ११५ र ११६ का बिचमा कारण कार्य सम्बन्ध रहेको छ। यहाँ कारणमा म त्यसलाई खेलाउदिन कार्यमा किन कि म छोरो भन्यो कि यत्रै ढडडू देख्छु भनेकी छन्। वा.सं. ११६ र ११७ का बिचमा व्याख्यात्मक सम्बन्ध रहेको छ।

अनि त्यो वात्सल्यप्रति मलाई शङ्का लाग्छ भनेर व्याख्या गरिएको छ । वा.सं. ११७ र ११८ का बिचमा प्रश्नार्थक सम्बन्ध रहेको छ । कस्तो छोरो ? कस्तो पोइ ? भनेर प्रश्न गरेकी छिन् । वा.सं. ११८ र ११९ का बिचमा प्रश्नोत्तर सम्बन्ध रहेको छ । यहाँ प्रश्नको उत्तर स्वरूप पोइ र छोरी पालै पिच्छे मेरो मानसपटलमा आधुनिक चित्रकला झैं बुझ्नै नसकिने गरेर आउँछन् भने उत्तर दिइएकी छन् । वा.सं. ११९ र १२० का बिचमा अप्रत्यक्ष सम्बन्ध रहको छ ।

### ४.२.८ आठौं अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धनको विश्लेषण

१२१. फागुनको आरम्भ छ ।

१२२. स्कुल ठिटाहरू त्यसै तम्सेर अबीर खेल्छन्, लोला हान्छन् ।

१२३. अहिले स्कुलको चिया खाने छुट्टी भएको छ ।

१२४. धमाधम आउन लागेका छन् ।

१२५. म छिडीँको पसलमा हुन्छु ।

१२६. साहूको छेवैमा नयाँ-नयाँ पुस्तकहरूको थाक छ, जिल्लासुद्ध हालेको ।

१२७. म पुस्तकहरू खेलाउँदै सोध्छु - 'यो कसको ?'

१२८. साहूले हतारसाथ जवाफ दिन्छ - 'बेच्न ल्याएको ।'

१२९. मेरो जिज्ञासा बढ्छ ।

१३०. यस्तो नयाँ ?

१३१. फेरि प्रश्न गर्छु कसले ?

१३२. साहू यताउता आँखा डुलाउँछ सङ्केत गर्छ - 'ऊ त्यसैले ।'

१३३. म देख्छु - मेरो छोरो भनाउँदो मुस्काउँदै आइरहेछ ।

१३४. मलाई सङ्कोच लाग्छ, लाज लाग्छ ।

१३५. शायद आमा भइसक्नेहरूमा छोरोप्रति यस्तै भावुकता रहँदो हो ।

१३६. मलाई एउटा प्रश्न सोध्न मन लाग्छ ।

१३७. म सोध्छु - 'यो किन बेच्या हँ ?'

१३८. साहूले गर्वसाथ जवाफ दिन्छ,-'चुरोट खानलाई सिनेमा हेर्नलाई ।'

१३९. मेरा आँखाको अगाडि कालो पर्दा आउँछ, आफैँलाई अलिकति तल खसेको अनुभव हुन्छ ।

१४०. तर साहू बिचैमा बोलिदिन्छ-'त्यो ठिटाले तपाईलाई सोध्या' थियो, त्यो झ्यालमा बस्ने स्वानी मान्छे को हँ ?

१४१. भन्दै थियो ।

१४२. मलाई फेरी अर्को कुत्कुती लागेर आउँछ ।

१४३. तर सोच्न पर्ने कुरा धेरै छ - पुस्तक, चुरोट, सिनेमा तर सोच्न पाउँदिनँ ।

१४४. निधारमा बजेको लोलाले आँखामा फिलिङ्गो उडाइदिन्छ ।

१४५. म लाजले र लोलाको रङ्गले रातारम्मे हुन्छु ।

१४६. मेरो छोरो सुकुमारी हाँसो हाँस्दै अलिक पर उभिराखेको हुन्छ ।

१४७. अँ, यो मुस्कान चाहिने म पटक्क सहन सक्तिनँ र भाग्छु ।

१४८. तर हिडाइमा बोझ छैन, फूलजस्तो हलुको भएको छ, मेरो पाइलो ।

| **वाक्य सङ्ख्या** | **सम्वद्धन** |
|---|---|
| १२१ र १२२ | परिवेश घटना सम्बन्ध |
| १२२ र १२३ | अप्रत्यक्ष सम्बन्ध |
| १२३ र १२४ | व्याख्यात्मक सम्बन्ध |
| १२४ र १२५ | सामान्य विशिष्टि सम्बन्ध |
| १२५ र १२६ | व्याख्यात्मक सम्बन्ध |
| १२६ र १२७ | प्रश्नार्थक सम्बन्ध |
| १२७ र १२८ | प्रश्नार्थक सम्बन्ध |
| १२८ र १२९ | अनुक्रमबोधक सम्बन्ध |
| १२९ र १३० | प्रश्नार्थक सम्बन्ध |
| १३० र १३१ | प्रश्नार्थक सम्बन्ध |
| १३१ र १३२ | प्रश्नार्थक सम्बन्ध |
| १३२ र १३३ | व्याख्यात्मक सम्बन्ध |
| १३३ र १३४ | अनुक्रमबोधक सम्बन्ध |
| १३४ र १३५ | व्याख्यात्मक सम्बन्ध |
| १३५ र १३६ | व्याख्यात्मक सम्बन्ध |
| १३६ र १३७ | प्रश्नार्थक सम्बन्ध |
| १३७ र १३८ | प्रश्नार्थक सम्बन्ध |

| | |
|---|---|
| १३८ र १३९ | परिचयात्मक सम्बन्ध |
| १३९ र १४० | प्रश्नोत्तर सम्बन्ध |
| १४० र १४१ | प्रश्नोत्तर सम्बन्ध |
| १४१ र १४२ | सामान्य विशिष्टि सम्बन्ध |
| १४२ र १४३ | युगबोधक सम्बन्ध |
| १४३ र १४४ | अप्रत्यक्ष सम्बन्ध |
| १४४ र १४५ | व्याख्यात्मक सम्बन्ध |
| १४५ र १४६ | कार्यकारण सम्बन्ध |
| १४६ र १४७ | अनुक्रम बोधक सम्बन्ध |
| १४७ र १४८ | अनुक्रमबोधक सम्बन्ध |

माथिको तालिकाअनुसार आठौं अनुच्छेदको वा.सं. १२१ र १२२ का बिचमा परिवेश घटना सम्बन्ध रहेको छ । वा.सं. १२१ मा फागुनको परिवेश वा.सं. १२२ स्कुले ठिटाहरू अबीर खेल्छन् र लोला हान्छन् भनेर परिवेश घटनाको सम्बन्ध प्रयोग गरिएको छ । वा.सं. १२२ र १२३ का बिचमा अप्रत्यक्ष सम्बन्ध रहेको छ । स्कुलको चिया खाने वेला भएको सङ्केत गरिएको छ । वा.सं. १२३ र १२४ का बिचमा व्याख्यात्मक सम्बन्ध रहेको छ । यहाँ स्कुलमा चिया खाने छुट्टी भएकाले विद्यार्थी चिया पसलमा आउन लागेको कुरा बताइएको छ । वा.सं. १२४ र १२५ का बिचमा सामान्य विशिष्ट सम्बन्ध रहेको छ । वा.स. १२५ र १२६ का बिचमा व्याख्यात्मक सम्बन्ध रहेको छ । यहाँ पसलमा बसेर साहूका छेवैमा नयाँ नयाँ किताब रहेको कुरा व्याख्या गरिएको छ । वा.सं. १२६ र १२७ का बिचमा प्रश्नार्थक सम्बन्ध रहेको छ । म पात्रले प्रश्नार्थका रूपमा यो कसको ? भने र प्रश्न गरेकी छन् । वा.सं. १२७ र १२८ का बिचमा प्रश्नोत्तर सम्बन्ध रहेको छ । साहूले वा.सं. १२७ को प्रश्नको उत्तर स्वरूप बेच्न ल्याएको भनेर उत्तर दिएको छ । वा.सं. १२८ र १२९ का बिचमा अनुक्रमबोधक सम्बन्ध रहेका छ । यहाँ म पात्रलाई उसलाई जान्ने क्रम बढेको छ । वा.सं. १२९ र १३० को बिचमा प्रश्नार्थक सम्बन्ध रहेको छ । वा.सं. १३० र १३१ का बिचमा प्रश्नार्थक सम्बन्ध रहेको छ । फेरी म पात्रले प्रश्न गरेकी छन् कसले ? भनेर । वा.सं. १३१ र १३२ का बिचमा प्रश्नोत्तर सम्बन्ध रहेको छ । यहाँ म पात्रको प्रश्नमा साहूले उत्तर दिएको अवस्था छ । वा.स. १३२ र १३३ का विचमा व्याख्यात्मक सम्बन्ध रहेको छ । वा.सं. १३३ र १३४ का बिचमा अनुक्रमबोधक सम्बन्ध रहेको छ । छोरो मुस्कुराउँदै आएको देखेर

म पात्रलाई लाज लागेको कुरा अनुक्रम मिलाईएको छ । वा.सं. १३४ र १३५ का बिचमा व्याख्यात्मक सम्बन्ध रहेको छ । वा.सं. १३५ र १३६ का बिचमा पनि व्याख्यात्मक सम्बन्ध रहेको छ । वा.सं. १३६ र १३७ का बिचमा प्रश्नार्थक सम्बन्ध रहेको छ । यहाँ म पात्रले किन बेच्या हँ ? भनेर प्रश्न गरेकी छन् । वा.सं. १३७ र १३८ का बिचमा प्रश्नोत्तर सम्बन्ध रहेको छ । यहाँ साहूले चुरोट खान सिनेमा हेर्नलाई भनेर उत्तर दिएको छ । वा.सं. १३८ र १३९ का बिचमा परिचयात्मक सम्बन्ध रहेको छ । यहाँ साहूले उत्तर दिएपछि अग्लो पर्दा लागे जस्तो भएको कुरा म पात्रले परिचयात्मक रूपमा भनेकी छन् । वा.सं. १३९ र १४० का बिचमा प्रश्नोत्तर सम्बन्ध रहेको छ । यहाँ म पात्रलाई अलि तल खसेको अनुभव भइरहेका वेला साहूले फेरी प्रश्नगत रूपमा एक्कासी यो ठिटाले झ्यालमा बस्ने स्वानीमान्छे को हँ ? भनेर सोधको यहाँ प्रश्नोत्तर सम्बन्ध रहेको छ । वा.सं. १४० र १४१ का बिचमा प्रश्नोत्तर सम्बन्ध रहेको छ । वा.सं. १४१ र १४२ का बिचमा सामान्य विशिष्ट सम्बन्ध रहेको छ । वा.सं. १४२ र १४३ का बिचमा युगबोधक सम्बन्ध रहेको छ । पुस्तक, चुरोट सिनेमा एकै पटक आएका कारणले युगबोधक सम्बन्ध रहेको छ । वा.सं. १४३ र १४४ का बिचमा अप्रत्यक्ष सम्बन्ध रहेको छ । एक्कासी म पात्रको निधारमा लोलाले आँखामा फिलिङ्गो उडाइदिएको छ त्यसैले यहाँ दुई वाक्यका बिचमा कुनै सम्बन्ध रहेको छैन । वा.सं. १४४ र १४५ का बिचमा व्याख्यात्मक सम्बन्ध रहेको छ । वा.सं. १४५ र १४६ का बिचमा कार्यकारण सम्बन्ध रहेको छ । वा.सं. १४६ र १४७ का बिचमा अनुक्रमबोधक सम्बन्ध रहेको छ । म सुकुमारी हाँसो हाँस्दै भागेको कुरा गरेकी छन् । वा.सं. १४७ र १४८ का बिचमा अनुक्रमबोधक सम्बन्ध रहेको छ ।

### ४.२.९ नवौं अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धनको विश्लेषण

१४९. त्यसपछि त्यसपछि म गन्थन गर्नै सक्तिनँ ।

१५०. केही त मैले पाएकै छु ।

१५१. त्यस रात म सपना देख्छु-मैले भर्खरै एउटा छोरालाई जन्म दिएकी छु र मातृवर्गले फुलेर दङ्गदास छु ।

१५२. मेरो छोरो काखमा नअटाएर पल्टेको छ र मसित चुरोट खाने पैसा मागिरहेको छ ।

१५३. म ब्युँझन्छु, - मेरा आँखा भरिएर आउँछ तर उसको सुकुमार स्पर्शले मलाई नशा चढिराखेको हुन्छ ।

१५४. अवचेतन अवस्थामा नै म उसको बदमासी केवल आफैँसित ढाकछोप गरिदिन्छु र भन्छु, मेरो बाबा ! तिमी असाध्यै राम्रा छौ ।

१५५. शायद यसरी आमा भइसकेकाहरूले छोराको बदमाशी लुकाउन कता-कता हृदयको अन्तरमा सुरक्षा साचेको हुँदाहुन ।

१५६. मायाको बन्धनको के विश्वास, साथै के विश्वास आजको युग - नैतिकता र विकास ।

| **वाक्य सङ्ख्या** | **सम्वद्धन** |
|---|---|
| १४९ र १५० | अप्रत्यक्ष सम्बन्ध |
| १५० र १५१ | स्मरणको सम्बन्ध |
| १५१ र १५२ | व्याख्यात्मक सम्बन्ध |
| १५२ र १५३ | व्यतिरेकी तुलनात्मक सम्बन्ध |
| १५३ र १५४ | सामान्य विशिष्टि सम्बन्ध |
| १५४र १५५ | व्याख्यात्मक सम्बन्ध |
| १५५ र १५६ | स्पष्टोक्ति सम्बन्ध |

माथिको तालिकामा दिएअनुसार वा.सं. १४९ र १५० का बिचमा अप्रत्यक्ष सम्बन्ध रहेको छ । यहाँ त्यसपछि म गन्थन गर्ने सक्तिनँ केही त मैले पाएकै छु अथवा कतै सम्बन्ध नभएकाले अप्रत्यक्ष सम्बन्ध रहेको छ । वा.सं. १५० र १५१ का बिचमा स्मरणको सम्बन्ध रहेको छ । म पात्रले रातमा म सपना देख्छु भनेर स्मरण गरेकी छन् त्यसैले यहाँ स्मरणको सम्बन्ध रहेको छ । वा.सं. १५१ र १५२ का बिचमा व्याख्यात्मक सम्बन्ध रहेको छ । यहाँ सपनामा छोरो देखेको छु त्यो छोरो काखमा पल्टेको र चुरोट खान पैसा मागेको भनेर व्याख्यात्मक सम्बन्ध देखाइएको छ । वा.सं. १५२ र १५३ का बिचमा व्यतिरेकी तुलनात्मक सम्बन्ध रहेको छ म सित चुरोट खाने पैसा मागिरहेको वेला उ ब्युँझीन्छे र आँखामा मास्तिर आएको तर उसको सुकुमार स्पर्शले मलाई नशा चढिराखेको हुन्छ भनेर तुलना गरिएको छ । वा.सं. १५३ र १५४ का बिचमा सामान्य विशिष्ट सम्बन्ध रहेको छ । वा.स १५३ मा मलाई नशा चढि राखेको हुन्छ सामान्य र मेरा बाबा तिमि असाध्यै राम्रा छौ भनेर विशिष्ट सम्बन्ध कायम गरिएको छ त्यसैले यहाँ सामान्य विशिष्ट सम्बन्ध रहेको छ । वा.सं. १५५ र १५६ का बिचमा स्पष्टोक्ति सम्बन्ध रहेको छ । मायाको बन्धन के विश्वास साथै के विश्वास आजको युग नैतिकता र विकास भनेर म पात्रले स्पष्टोक्ति सम्बन्ध रहेको छ ।

**४.२.१० दसौं अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धनको विश्लेषण**

१५७. मेरा आदर्शहरूले घेरा हालेर मलाई थुनेका छन् ।

१५८. म आमा भइसकेँ कि क्या हो कुन्नि ?

१५९. मेरो स्वभाव बदलिइसकेको छ ।

१६०. म तस्बीरको बालकलाई माया गर्छु ।

१६१. बाटाको धूलोमा खेल्ने बच्चालाई त्यसै अँगालूँजस्तो लाग्छ ।

१६२. पूर्णिमाका दिन, आकाश सफा छ, घाम चर्को छ ।

१६३. वातावरणमा एउटा उद्वेग छ, चञ्चलता छ ।

१६४. म प्रतीक्षामा छु, मैले नरोपेको फूलको आशा लाग्छ, शायद फुल्दो हो, माटो र वर्षात  न हो ! यतिकैमा म साइकलको घण्टी बजेको सुन्छु ।

१६५. हेर्छु र हेरेको हेर्‍यै हुन्छु ।

१६६. कान र गालाको मुस्कान, चुरोट, फोक्सो ओकल्ने खोकी सफा बाटो र खकार ।

१६७. म अत्तासिन्छु तर आँखा भरिँदैन, त्यसैले कि म आमा होइन ।

१६८. अबको पालि आँखामा होइन, हृदयमा कालो पर्दा आउँछ ।

१६९. .म निकै तल खस्छु ।

| वाक्य सङ्ख्या | सम्वद्धन |
|---|---|
| १५७ र १५८ | प्रश्नोत्तर सम्बन्ध |
| १५८ र १५९ | अप्रत्यक्ष  सम्बन्ध |
| १५९ र १६० | कार्य कारण सम्बन्ध |
| १६० र १६१ | अनुक्रमबोधक सम्बन्ध |
| १६१ र १६२ | अप्रत्यक्ष  सम्बन्ध |
| १६२ र १६३ | व्याख्यात्मक सम्बन्ध |
| १६३ र १६४ | स्पष्टोक्ति  सम्बन्ध |
| १६४ र १६५ | स्पष्टोक्ति  सम्बन्ध |
| १६५ र १६६ | युगबोधक सम्बन्ध |
| १६६ र १६७ | स्पष्टोक्ति  सम्बन्ध |
| १६७ र १६८ | कार्य कारण सम्बन्ध |
| १६८ र १६९ | स्पष्टोक्ति  सम्बन्ध |

माथिको तालिकामा दिएअनुसार वा.सं. १५७ र १५८ का बिचमा प्रश्नोत्तर सम्बन्ध रहेको छ । यहाँ आमा भइसके कि क्या हो कुन्नि भनेर प्रश्नोत्तर सम्बन्ध देखाउन खोजेकी छन् । वा.सं. १५८ र १५९ का बिचमा कार्य कारण सम्बन्ध रहेको छ । म तस्बीरलाई माया गरेका कारण मेरो मन बढलिइसकेको छ भनेर कार्य कारण सम्बन्ध प्रयोग भएको छ । वा.सं. १६० र १६१ का बिचमा अनुक्रमबोधक सम्बन्ध रहेको छ । म तस्बीरको  बालकलाई माया गर्छु बाटाको धुलोमा खेल्ने बच्चालाई अँगालुं जस्तो लाग्छ भनेर क्रमबद्ध रूपमा भनेकी छन् । वा.सं. १६१ र १६२ का बिचमा अप्रत्यक्ष सम्बन्ध रहेको छ । वा.सं. १६२ र १६३ का बिचमा व्याख्यात्मक सम्बन्ध रहेको छ । आकाश सफा छ, घाम चर्को छ वातावरण एउटा उद्वेग छ भनेर व्याख्या गरिइएकी छन् । वा.सं. १६३ र १६४ का बिचमा स्पष्टोक्ति सम्बन्ध छ । म पात्रले आफ्नो मनमा लागेका कुरा स्पष्ट रूपमा व्यक्त गरेकी  छन् । वा.सं. १६४ र १६५ का बिचमा स्पष्टोक्ति सम्बन्ध रहेको छ । वा.सं. १६५ र १६६ का बिचमा  युगबोधक सम्बन्ध रहेको छ । यहाँ कान र गालाको मुस्कान, चुरोट, फोक्सो एकैपटक आएका कारणले युगबोधक सम्बन्ध रहेको हो । वा.सं. १६६ र १६७ का बिचमा स्पष्टोक्ति सम्बन्ध रहेको छ । म अत्तासिन्छु तर मेरा आँखा भरिँदैन भनेकी छिन् । वा.सं. १६७ र १६८ का बिचमा कार्य कारण सम्बन्ध रहेको छ । म त्यसैले कि आमा होइन त्यही कारणले कार्य कारण सम्बन्ध रहेको छ । वा.सं. १६८ र १६९ का बिचमा स्पोष्टिक्ति सम्बन्ध रहेको छ ।

### ४.२.११ एघारौं अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धनको विश्लेषण

१७०. मेरो रोग फेरी बढ्न थालेको छ ।

१७१. मलाई मानसिक रोग लागेको छ ।

१७२. म यस्ता रोगलाई व्यक्त गर्न पटक्क सक्तिनँ ।

१७३. म शिक्षित छु चेतनामा चल्छु ।

१७४. जबसम्म चेतनाले औंल्याउँछ, म आफूलाई र आफ्ना आदर्शहरूलाई खरानी हुन दिन्नँ ।

१७५. यो मानसिक विकास होस् चाहे ‘यौन विकार’ चाहे कुनै किसिमको मायाको सम्बन्ध नै होस् ।

१७६. म कसलाई भनूँ, जब कि व्यक्त गरेर हलुको हुने समस्या नै यो होइन बाँडेर सिद्धिने दु:ख होइन ।

१७७. प्लाष्टिकको गोलीलाई ओथार्न खोजेकी निर्लज्ज कुखुरीको माउजस्ती म एउटा कोरा भावनामा आफैँलाई पिल्स्याएर हिँड्ने तर त्यो कुखुरीको आवेग एउटा सत्यता, अनि मेरो कुन्नि सत्य कि झुट !!

| वाक्य सङ्ख्या | सम्वद्धन |
|---|---|
| १७० र १७१ | सामान्य विशिष्ट सम्बन्ध |
| १७१ र १७२ | स्पष्टोक्ति सम्बन्ध |
| १७२ र १७३ | अप्रत्यक्ष सम्बन्ध |
| १७३ र १७४ | व्याख्यात्मक सम्बन्ध |
| १७४ र १७५ | स्मरण सम्बन्ध |
| १७५ र १७६ | स्मरण सम्बन्ध |
| १७६ र १७७ | अप्रत्यक्ष सम्बन्ध |

प्रस्तुत तालिकामा देखाएअनुसार वा.सं. १७० र १७१ का बिचमा सामान्य विशिष्ट सम्बन्ध रहेको छ । मेरो रोग फेरी वढ्न थालेको सामान्य र मलाई मानसिक रोग लागेको विशिष्ट वाक्य रहेकोले सामान्य विशिष्ट सम्बन्ध रहेको छ । वा.सं. १७१ र १७२ मा बिचमा स्पोष्टोक्ति सम्बन्ध रहेको छ । यहाँ म पात्रले म यस्ता रोगलाई व्यक्त गर्न सक्तिनँ भनेर आफ्नो स्पष्ट भनाइ राखेकी छन् । वा.सं. १७२ र १७३ का बिचमा अप्रत्यक्ष सम्बन्ध रहेको छ । वा.सं. १७३ र १७४ का बिचमा जबसम्म चेतनाले औल्याउँछु । म आफूलाई र आफ्ना आदर्शहरूलाई खरानी हुन दिन्न भनेर व्याख्या गरेकी छिन् । वा.सं. १७४ र १७५ का बिचमा स्मरण सम्बन्ध रहेको छ । वा.सं. १७५ र १७६ का बिचमा स्मरण सम्बन्ध रहेको छ । वा.सं. १७६ र १७७ का बिचमा अप्रत्यक्ष सम्बन्ध रहेको छ ।

### ४.२.१२ बाह्रौं अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धनहरूको विश्लेषण

१७८. फागुनको अन्त अन्त ।

१७९. सारा प्रकृतिलाई कुत्कुत्याउने वसन्तको सिरसिरे हावा चलेको छ ।

१८०. मध्यान्ह दिन, घामलाई पातलो तुँवालोले छोपेको छ ।

१८१. म शहरतर्फ जान हिँडिरहेछु, मन्द गतिमा परको भट्टीपसल आइपुग्छ ।

१८२. त्यहाँ एउटी बूढीकन्या साहूनी छ, फरासिली साथै चोथाले तर व्यापार गर्न असाध्य सिपालु ।

१८३. अनायास म त्यतातिर हेर्छु ।

१८४. सोच्छु - यहाँ उसलाई किन आउनुपऱ्यो ।

१८५. चिया खानलाई होइन, भुराभुरीलाई चिया किन खानुपर्छ ?

१८६ लौ चिया खान आएको रे तर यहाँ त मासुको अचार र रक्सी पो चल्ति छ ।

१८७. मेरो आङ्ग सिरिङ्ग हुन्छ ।

१८८. मेरो छोरो भनाउँदो हात हालेर साहूनीसँग ठट्टा गरिरहको हुन्छ ।

१८९. मतिर उस्तै गरी हाँसेर हेर्छ ।

१९०. साहूनी भनिराखेकी छ ए छाड मेरा ! बुढीसँग पनि चल्ने ?

| **वाक्य सङ्ख्या** | **सम्वद्धन** |
|---|---|
| १७८ र १७९ | परिवेश घटना सम्बन्ध |
| १७९ र १८० | व्याख्यात्मक सम्बन्ध |
| १८० र १८१ | व्याख्यात्मक सम्बन्ध |
| १८१ र १८२ | व्याख्यात्मक सम्बन्ध |
| १८२ र १८३ | व्याख्यात्मक सम्बन्ध |
| १८३ र १८४ | व्याख्यात्मक सम्बन्ध |
| १८४ र १८५ | प्रश्नार्थ सम्बन्ध |
| १८५ र १८६ | प्रश्नोत्तर सम्बन्ध |
| १८६ र १८७ | स्पोष्टोक्ति सम्बन्ध |
| १८७ र १८८ | परिवेश घटना सम्बन्ध |
| १८८ र १८९ | व्याख्यात्मक सम्बन्ध |
| १८९ र १९० | प्रश्नोत्तर सम्बन्ध |

प्रस्तुत तालिकामा देखाइएअनुसार वा.सं. १७८ र १७९ का बिचमा परिवेश घटना सम्बन्ध रहेको छ । फागुनको अन्त परिवेशका रूपमा र सारा प्रकृतिलाई कुत्कुल्याउने वसन्तको सिरसिरे हावा चलेको घटनासँग सम्बन्धित भएकाले परिवेश घटना सम्बन्ध रहेको छ । वा.सं. १७९ र १८० का बिचमा व्याख्यात्मक सम्बन्ध रहेको छ । सारा प्रकृतिलाई कुत्कुत्याउने वसन्तको सिरसिरे हावा र मध्यान्ह दिन घामलाई पातलो तुवालले छोपेको छ भनेर प्रकृतिको व्याख्या गरेकी छन् । त्यसैले यहाँ व्याख्यात्मक सम्बन्ध रहेको छ । वा.सं. १८३ र १८४ का बिचमा व्याख्यात्मक सम्बन्ध रहेको छ । पसल साहूनी छोराको व्याख्या

गरेकाले व्याख्यात्मक सम्बन्ध रहेको छ । वा.सं. १८४ र १८५ का बिचमा प्रश्नार्थक सम्बन्ध रहेको छ । किन आउनुपर्‍यो केटाकेटीले चिया किन खानुपर्छ भनेर प्रश्न म पात्रले गरेको अवस्था छ । वा.सं. १८५ र १८६ का बिचमा प्रश्नोत्तर सम्बन्ध रहेको छ । लौ चिया खान आएको रे यहाँ त रक्सी र मासुको अचार पाइन्छ भनेर उत्तर दिएको अवस्था छ । वा.सं. १८६ र १८७ का बिचमा स्पष्टोक्ति सम्बन्ध रहेको छ । रक्सी पो चल्ति छ र मेरो आँग सिरिङ्ग हुन्छ भने आफ्नो धारणा राखेकी छन् । वा.सं. १८७ र १८८ का बिचमा परिवेश घटना सम्बन्ध रहेको छ । यहाँ मेरो आगँ सिरिङ्ग हुन्छ । परिवेश र मेरो भनाउँदो छोरो हात हालेर साहूनीसँग ठट्टा गरिरहेको घटना सम्बन्ध रहेको छ । त्यसैले यहाँ परिवेश घटना सम्बन्ध रहेको छ । वा.सं. १८८ र १८९ का बिचमा व्याख्यात्मक सम्बन्ध रहको छ । यहाँ ठट्टा गरिरहेको हुन्छ र मतिर उस्तै हाँसेर हेर्छ भनेर व्याख्या गरेको अवस्था छ । वा.सं. १८९ र १९० का बिचमा प्रश्नोत्तर सम्बन्ध रहेको छ । साहूनी भनिराखेको छे 'ए छाड मोरा ?' बुढीसँग पनि चल्ने भनेर प्रश्नोत्तरको शैलीमा यस वाक्य प्रयोग गरिएको छ ।

### ४.२.१३ तेह्रौं अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धनहरूको विश्लेषण

१९१. शब्दको चर्को चाबुकको प्रहारले मेरो आङ्ग झनन्न बच्छ ।

१९२. मेरो छोरो  छिपिदैं गएको पाउँछु ।

१९३. तर मेरो पछि उ आइरहे छ, घण्टी जस्तै बज्दै, चरा जस्तै चिरबिराउँदै ।

१९४. म प्रष्टै सुन्छु र विश्वास गर्छु, मेरो लगाइ हिँडाइमाथि कैफियत दिई-दिई बोल्दै गएका तल्लो दर्जाका शब्दहरू ।

१९५. मलाई नै घोचपेच गर्दै छुटिरहेको तल्लो दर्जाका बोलीहरू ।

१९६. तर मलाई लाग्छ - पिस्तोलको तातो गोली कानैबाटै सनसनाएर गइरहेको छ ।

१९७. मेरो मनबाट धेरै ठूलो वस्तु हराउँछ ।

१९८. म तलै खस्छु, धेरै तल ।

१९९. अबको पालि छोप्ने कालोले मलाई विश्व नै कालो देखाइदिन्छ ।

२००. मलाई फेरी हिष्टिरिया हुन खोज्छ ।

२०१. पछि फर्केर केही भन्न खोज्छु तर सक्तिनं ।

२०२. कुन्नि कुन आदर्शका आधारमा म धारे हात लगाउँदै तम्सिन्छु ।

२०३. म सराप्छु, युगपरिवर्तनलाई, शिक्षापद्धतिलाई, आमाहरूको मायालाई, केवल सराप्दिनँ आफ्नै कायरतालाई ।

२०४. जलन, घृणा र हीनताको अनुभवले मेरो अनुहारभरि बिकार आउँछ ।

२०५. यो म आफैँ खस्किन लागेको मेरो तल्लो ओँठबाट सजिलै थाहा पाउँछु ।

२०६. यी सब अटेसमटेसलाई लखेट्न अनायास आफैँ मेरो नाक बज्छ ।

२०७. मेरो आङ् सिरिङ्ग हुन्छ, जाडो लाग्छ, पसिना आउँछ तर मलाई रोगले पनि छोड्दै गएको जस्तो लाग्छ, पसिना आएपछि छुट्ने ज्वरो जस्तो ।

| वाक्य सङ्ख्या | सम्बद्धन |
|---|---|
| १९१ र १९२ | अप्रत्यक्ष सम्बन्ध |
| १९२ र १९३ | परिचयात्मक सम्बन्ध |
| १९३ र १९४ | अनुक्रमबोधक सम्बन्ध |
| १९४ र १९५ | अनुक्रमबोधक सम्बन्ध |
| १९५ र १९६ | अप्रत्यक्ष सम्बन्ध |
| १९६ र १९७ | अप्रत्यक्ष सम्बन्ध |
| १९७ र १९८ | अप्रत्यक्ष सम्बन्ध |
| १९८ र १९९ | अप्रत्यक्ष सम्बन्ध |
| १९९ र २०० | अप्रत्यक्ष सम्बन्ध |
| २०० र २०१ | परिचयात्मक सम्बन्ध |
| २०१ र २०२ | अप्रत्यक्ष सम्बन्ध |
| २०२ र २०३ | अप्रत्यक्ष सम्बन्ध |
| २०३ र २०४ | परिचयात्मक सम्बन्ध |
| २०४ र २०५ | व्याख्यात्मक सम्बन्ध |
| २०५ र २०६ | व्याख्यात्मक सम्बन्ध |
| २०६ र २०७ | व्याख्यात्मक सम्बन्ध |

माथिको तालिकाअनुसार वा.सं. १९१ र १९२ का बिचमा अप्रत्यक्ष सम्बन्ध रहेको छ । म शब्दको चर्को भावुकताको प्रहारले मेरो आङ झन्न बज्छ भनेकी छन् माथिल्लो वाक्यमा र तल्लो वाक्यमा मेरो छोरो छिपिदैं गएको पाउँछु भनेर कुनै सम्बन्ध रहेको छैन त्यसैले अप्रत्यक्ष सम्बन्ध रहेको छ । वा.स. १९२ र १९३ का बिचमा परिचयात्मक सम्बन्ध रेहेको छ

। मेरो पछि छोरो कराउँदै आएको छ भनेर छोराको वारेमा बताइएकाले परिचयात्मक सम्बन्ध रहेको छ । वा.सं. १९३ र १९४ का बिचमा अनुक्रमबोधक सम्बन्ध रहेको छ । छोरोले बोलेका निम्न कोटीका शब्दहरूको वारेमा अनुक्रम मिलाएर बताएकी कारण अनुक्रमबोधक सम्बन्ध रहेको छ । वा.सं. १९४ र १९५ का बिचमा अनुक्रमबोधक सम्बन्ध रहेको छ । वा.सं. १९५ र १९६ का बिचमा अप्रत्यक्ष सम्बन्ध रहेको छ । वा.सं. १९५ र १९६ का बिचमा अप्रत्यक्ष सम्बन्ध रहेको । वा.सं. १९७ र १९८ का बिचमा अप्रत्यक्ष सम्बन्ध रहेको छ । वा.सं. १९८ र १९९ का बिचमा अप्रत्यक्ष सम्बन्ध रहेको छ । वा.सं. १९९ र २०० का बिचमा अप्रत्यक्ष सम्बन्ध रहेको छ । मलाई फेरी हिष्टिरिया हुन खोजेका छ भनेर माथिल्लो र तल्लो वाक्यका बिचमा कुनै सम्बन्ध रहेको छैन । वा.सं. २०० र २०१ का बिचमा परिचयात्मक सम्बन्ध रहेको छ । पछि फर्केर केही भन्न खोज्छु तर सक्तिनं भनेर परिचय व्यक्त गरेकी छन् । वा.सं. २०१ र २०२ का अप्रत्यक्ष सम्बन्ध रहेको छ । वा.सं. २०२ र २०३ का बिचमा अप्रत्यक्ष सम्बन्ध रहेको छ । वा.सं. २०३ र २०४ का बिचमा युगबोधक सम्बन्ध रहेको छ । जलन घृणा र हीनताको अनुभव मेरो अनुहारभरि विकार आउँछ भनेकी छन् । वा.सं. २०४ र २०५ का बिचमा परिचयात्मक सम्बन्ध रहेको छ । वा.सं. २०५ र २०६ का बिचमा व्याख्यात्मक सम्बन्ध रहेको छ । वा.सं. २०६ र २०७ का बिचमा व्याख्यात्मक सम्बन्ध रहेको छ ।

### ४.२.१४ चौधौं अनुच्छेदमा रहेका वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धनहरूको विश्लेषण

२०८. बाहिरको संसार दृष्टि र क्षितिजसम्मको दूरीमानै सिद्धिन्छ, तर मनको संसार के भनूँ ?

२०९. मनको सृष्टि नै विभिन्न, म त राम्रैसँग ठीक भइसकेकी छु ।

२१०. मेरो छातीबाट एउटा गह्रौं ढुङ्गा हटिसकेको छ ।

२११. पोखिन चाहने वस्तु अब उप्रान्त पोखिन चाहन्न क्यारे, भागिसकेको छ ।

२१२. केही हराएको छ, तर त्यसको अभावले कति पनि पोल्दैन ।

२१३. अब म झ्यालबाट, हेर्दिनँ सडकलाई पढ्दिँन ।

२१४. अब मलाई फुर्सदै - फुर्सद छ ।

२१५. आज दिनभरि दराजमा भएका पत्रिकाहरू हेरी बसेकी छु ।

२१६. म धेरै कठोर भइसकेकी छु ।

२१७. मभित्र सलबलाइरहेको त्यो तरल पदार्थ पुस महिनामा पानी जमेझैँ जमिसकेको छ, अब पग्लनँ, कहिल्यै पग्लनँ ।

| वाक्य सङ्ख्या | सम्वद्धन |
|---|---|
| २०८ र २०९ | प्रश्नोत्तर सम्बन्ध |
| २०९ र २१० | आर्थी पयार्यको सम्बन्ध |
| २१० र २११ | स्पोष्टोक्ति सम्बन्ध |
| २११ र २१२ | व्येत्तिरेकी तुलना सम्बन्ध |
| २१२ र २१३ | अप्रत्यक्ष सम्बन्ध |
| २१३ र २१४ | व्याख्यात्मक सम्बन्ध |
| २१४ र २१५ | अनुक्रमबोधक सम्बन्ध |
| २१५ र २१६ | व्याख्यात्मक सम्बन्ध |
| २१६ र २१७ | अनुक्रमबोधक सम्बन्ध |

माथिको तालिकामा चौधौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनहरूलाई प्रस्तुत गरिएको छ । जसअनुसार वा.सं. २०८ र २०९ का बिचमा प्रश्नोत्तर सम्बन्ध रहेको छ । यहाँ बाहिरको संसार दृष्टि र क्षितिजसम्मको दुरीमा नै सिदिन्छ तर मनको संसार के भनूँ भनेर प्रश्न गरिएको छ भने उक्त प्रश्नको उत्तरमा मनको सृष्टि नै विभिन्न म त राम्रैसँग ठीक भइसकेकी छु भनेर व्यक्त गरिएकीले प्रश्नोत्तर सम्बन्ध रहेको छ । वा.सं. २०९ र ११० का बिचमा आर्थी पर्याप्त सम्बन्ध रहेको छ । यहाँ म राम्ररी ठीक भईसकेँ छातीमा एउटा गह्रौ ढुङ्गो हालिसकेकेको कुरा व्यक्त भएकाले आर्थी पर्यायको सम्बन्ध रहेको छ । वा.सं. २१० र २११ का बिचमा  स्पोष्टोक्ति सम्बन्ध रहेको अवस्था छ । वा.सं. २११ र ११२ का बिचमा व्यतिरेकी तुलनात्मक सम्बन्ध रहेको छ केही हराएको छ तर त्यसको अभावले कति पनि बोल्दैन भनेर तुलना गरिसकेको छ । वा.सं. २१२ र २१३ का बिचमा अप्रत्यक्ष सम्बन्ध रहेको छ । वा.सं. २१३ र २१४ का बिचमा व्याख्यात्मक सम्बन्ध रहेको छ । यहाँ म पात्रले मलाई अब फुर्सदै फुर्सद भनेकी छन् । वा.सं. २१४ र २१५ का बिचमा अनुक्रमबोधक सम्बन्ध रहेको छ । वा.सं. २१५ र २१६ का बिचमा व्याख्यात्मक सम्बन्ध रहेको छ । वा.सं. २१६ र २१७ का बिचमा अनुक्रमबोध सम्बन्ध रहेको छ ।

## ४.३ प्रयुक्त सम्बद्धक र सम्बद्धनको विश्लेषण

प्रत्येक अनुच्छेदमा रहेका वाक्यहरूको बिचमा प्रयोग भएका सम्बद्धक र सम्बद्धनहरूको यस अगाडि नै चर्चा गरिसकेको छ । सम्बद्धक र सम्बद्धन भाषिक वाक्यहरूलाई एक आपसमा आबद्ध बनाउने तत्वहरू भएकाले पाठमा रहेका सम्बद्धक र सम्बद्धनलाई यस पाठमा के कसरी विश्लेषण गर्न सकिन्छ भन्ने कुरा प्रस्तुत गरिएको छ ।

यस मैले नजन्माएको छोरो कथामा विभिन्न किसिमका सम्बद्धकहरूको प्रयोग भएको छ । यहाँ सार्वनामिक सम्बद्धक, आत्मवाचक सम्बद्धक, दर्शकवाचक सम्बद्धक, सम्बन्धवाचक सम्बद्धक, प्रश्नवाचक सम्बद्धक, पारस्परिक सम्बद्धक, स्थानिक सम्बद्धक, कालिक सम्बद्धक, संयोजक सम्बद्धक, पुनरावृत्ति सम्बद्धक, प्रतिस्थापन सम्बद्धक, लोप सम्बद्धक, निपात सम्बद्धक, पर्यायवाची सम्बद्धक, विपरीतार्थी सम्बद्धक, समावेशात्मक सम्बद्धक, संन्निधान सम्बद्धक प्रयोग भएका छन् । सम्बद्धकका दृष्टिले हेर्ने हो भने मैले नजन्माएको छोरो कथामा सार्वनामिक सम्बद्धक अत्यधिक प्रयोग भएको छ भने कालिक सम्बद्धक, संयोजक सम्बद्धक, स्थानिक सम्बद्धक, पुनरावृत्ति सम्बद्धक, पर्यायवाची सम्बद्धक ठिकै मात्रामा प्रयोग भएका छन् भने पारस्परिक सम्बद्धक, दर्शकवाचक सम्बद्धक, लोप सम्बद्धक, प्रतिस्थापन सम्बद्धक, पुनरावृत्ति सम्बद्धक, पर्यायवाची सम्बद्धक, प्रश्नार्थक सम्बद्धक अलिअलि मात्रामा कथामा प्रयोग भएका छन् भने सन्निधान सम्बद्धक, सन्निधान सम्बद्धक, समावेशात्मक सम्बद्धक, विपरीतार्थी सम्बद्धकको प्रयोग उक्त कथामा पाइँदैन । कुनै वाक्यमा सम्बद्धकहरू एकभन्दा बढी पनि रहेको पाइयो भने कुनैमा एउटा मात्र सम्बद्धक प्रयोग भएको पाइन्छ । सम्बद्धकका दृष्टिले हेर्दाखेरी कथा उपयोगी रहेको छ ।

मैले नजन्माएको छोरो कथामा विभिन्न किसिमका सम्बद्धनहरूको प्रयोग भएका छन् । उक्त कथामा सामान्य विशिष्ट, विशिष्ट सामान्य, कार्यकारण, कारणकार्य, प्रभाव असर, परिवेश घटना, व्याख्यात्मक, प्रयोजन, आर्थीपर्याय, आर्थीविपर्याय, व्यत्तिरेकी तुलनात्मक, उद्देश्य प्रयोजन, स्पष्टोत्ति प्रत्यक्ष, अनुमानित, परिचयात्मक, इन्द्रिय मस्तिष्क, अनुक्रमबोधक, रीतिबोधक, निहितार्थ, प्रश्नोत्तर जस्ता सम्बद्धनहरूको प्रयोग भएको छ । उक्त कथामा अप्रत्यक्ष सम्बद्धन अत्याधिक प्रयोग भएको छ भने व्याख्यात्मक, अनुक्रमबोधक, परिचयात्मक जस्ता सम्बद्धनहरू ठिकै मात्रामा प्रयोग भएका छन् भने अनुमानित, आर्थीविपर्यायको उद्देश्य प्रयोजन आदि जस्ता सम्बद्धनहरूको प्रयोग भएको पाइँदैन ।

सम्बद्धनका दृष्टिले उक्त कथामा प्रयोग भएका वाक्यहरू तुलनात्मक रूपमा मिलेका भएपनि कुनै अनुच्छेदका वाक्यहरूमा एकभन्दा धेरै सम्बद्धन आउने हुनाले छुट्याउन नसकिने खालका पनि रहेका छन् । समग्रमा हेर्दाखेरी सम्बद्धनका दृष्टिले उक्त कथा उपयोगी नै देखिन्छ ।

# अध्याय : पाँच

# सारांश, निष्कर्ष र उपयोगिता

## ५.१ सारांश

प्रस्तुत शोधपत्र अस्तित्ववादी तथा प्रगतिवादी कथाकार विष्णुकुमारी वाइवा पारिजात (१९९४) द्वारा रचित 'मैले नजन्माएको छोरो' कथाको सङ्कथन विश्लेषण गरिएको छ । प्रस्तुत कथामा नारी मनोविज्ञानभित्रका उलँदा छालहरू अनुभूतिहरू उक्त कथामा प्रस्तुत भएका छन् । सङ्कथन विश्लेषण भन्नाले कुनै पनि सामग्रीमा सङ्कथन दृष्टिकोणले हुनुपर्ने सिद्धान्त उक्त सामग्रीमा भए नभएको जानकारी लिनु वा सङ्कथनका दृष्टिकोणले उक्त कृति सफल छ छैन भन्ने कुरा पत्ता लगाउनु सङ्कथन विश्लेषण हो । सङ्कथन विश्लेषण प्रयोगिक भाषा विज्ञानको नयाँ शाखा पनि हो ।

सङ्कथन अङ्ग्रेजी भाषाको 'डिस्कोर्स' शब्दको नेपाली समानार्थी शब्द हो । भाषाको माथिल्लो एकाइलाई सङ्कथन भनिन्छ । यो आफैँमा पूर्ण भाषिक घटक हो । सङ्कथनमा भएको विश्लेषण गर्नुलाई सङ्कथन विश्लेषण भनिन्छ । यो अङ्ग्रेजी शब्द (Discourse Analyisi) शब्दको नेपाली रूपान्तरण शब्द हो । यस शब्दलाई जेलिङ ह्यारिसले गरेका हुन् भने त्यसपछि ह्यालिडे हड्सन, सिडक्लेयर कौथार्ल्ड आदिले गरेका छन् । नेपाली विद्वान्हरू हेमाङ्गराज अधिकारी गोविन्दराज भट्टराई देवीप्रसाद गौतम आदि जस्ता विद्वान्हरूले सङ्कथन विश्लेषणको सैद्वान्तिक अवधारणा तयार पार्ने काम गरेका छन् । नेपाली भाषामा यसको प्रयोगिक ढङ्गले अध्ययन गर्ने कार्य निकै सुस्त ढङ्गले अगाडि बढेको छ । अलि अलि भएका शोधपत्र पनि सङ्कथन विश्लेषणको कथा, निवन्ध उपन्यास नाटक जस्ता विधामा सिमीत रहेको पाइन्छ ।

प्रस्तुत शोधपत्रमा सबैभन्दा पहिला शोध परिचय प्रस्तुत गरिएको छ । त्यसैगरी दोस्रोमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा तयार पारिएको छ । तेस्रो अध्यायमा अध्ययन विधि र प्रक्रियाको अध्ययन गरिएको छ । चौथो अध्यायमा व्याख्या र विश्लेषण गरिएको छ र पाँचौ अध्यायमा सारांश, निष्कर्ष र उपयोगिता राखिएको छ । त्यसका साथै अप्रकाशित पुस्तक तथा पत्रपत्रिका र शोधपत्रहरूलाईसमेत प्रयोग गरिएर तयार पारिएको हो ।

सङ्कथनका युक्तिका रूपमा सम्बद्धक र सम्बद्धनलाई लिइन्छ । खासगरी यस कै आधारमा सङ्कथन विश्लेषण गर्ने गरिएको छ । यसमा पनि सम्बद्धक र सम्बद्धनका आ-आफ्नै प्रकार रहेका छन् । सम्बद्धकअन्तर्गत व्याकरणिक र कोशीय सम्बद्धक पर्दछन् । व्याकरणिकअन्तर्गत पनि सार्वनामिक स्थानीय, कालिक, संयोजक, प्रतिस्थापन, लोप र निपात पर्दछन् भने कोशीय सम्बद्धकअन्तर्गत पुनरावृत्ति, पयार्यवाची, विपरीतार्थी, समावेशात्मक र सन्निधान सम्बद्धक पर्दछन् । त्यसै सम्बद्धनका पनि विभिन्न प्रकारहरू छन् । यसअन्तर्गत कारण, कार्य, प्रभाव, प्रतिफल, व्यतिरेकी तुलनात्मक, अप्रत्यक्ष, आर्थी, पर्याय, परिवेश घटना, परिचायात्मक, प्रयोजन, अनुमानात्मक, निहितार्थ, प्रश्नोत्तर, प्रश्नार्थक, आज्ञार्थ, समुच्चयबोधक, स्पोष्टोक्ति, पुनरुक्ति, युगबोधक, रीतिबोधक, शीघ्रताबोधक, स्मरण, अनुक्रमबोधक, सन्निधान, विशेष्य र विशेषण, व्याख्यात्मक सम्बन्ध जस्ता सम्बद्धनहरू रहेका छन् ।

## ५.२ निष्कर्ष

प्रस्तुत शोधपत्र कथाकार पारिजातद्वारा रचित मैले नजन्माएको छोरो कथाको सङ्कथन विश्लेषण गरी यो शोधपत्र तयार पारिएको छ । नेपाली भाषामा कथ्य वा लेख्य सङ्कथन विश्लेषण थोरै मात्र भएको पाइन्छ । यस्तो स्थितिमा सङ्कथनका प्रमुख युक्तिहरू सम्बद्धक र सम्बद्धनका आधारमा मैले नजन्माएको छोरा कथाको सङ्कथन विश्लेषण क्षेत्रमा सहयोग गर्ने अपेक्षा गरिएको छ । यस शोधपत्रलाई निम्नअनुसारका बुँदामा निष्कर्ष निकाल्न सकिन्छ :

- प्रस्तुत शोधपत्र 'मैले नजन्माएको छोरो' कथाको सम्बद्धक र सम्बद्धनका आधारमा सङ्कथन विश्लेषण गरिएको छ ।
- प्रस्तुत शोधपत्रमा 'मैले नजन्माएको छोरो' कथाको सङ्कथन विश्लेषण गर्ने क्रममा सार्वनामिक, स्थानिक, कालिक, पुनरावृत्ति, प्रतिस्थापन, लोप, कोशीय अर्थ सम्बन्ध, सन्निधान वा सहप्रयोग, निपात जस्ता सम्बद्धकहरूको प्रयोग गरिएको छ ।
- प्रस्तुत शोधपत्रमा 'मैले नजन्माएको छोरो' कथामा सार्वनामिक सम्बद्धकको प्रयोग अत्याधिक मात्रामा भएको पाइयो ।
- प्रस्तुत शोधपत्रमा 'मैले नजन्माएको छोरो' कथामा कुनै एक वाक्यमा एकभन्दा बढी सम्बद्धकहरूको प्रयोग भएको पाइयो ।

- प्रस्तुत शोधपत्रमा 'मैले नजन्माएको छोरो' कथामा सम्बद्धन अध्ययनको क्रममा सामान्य विशिष्ट सम्बन्ध, कारण कार्य सम्बन्ध, प्रभाव परिमाण सम्बन्ध, परिवेश घटनाको सम्बन्ध, घट्ना परिवेशको सम्बन्ध, विशेष विशेषणको सम्बन्ध, इन्द्रिय मस्तिष्कको सम्बन्ध, अप्रत्यक्षको सम्बन्ध, अनुक्रमबोधक सम्बन्ध, रीति बोधक सम्बन्ध, आर्थी विपर्यायको सम्बन्ध, आर्थी पर्यायको सम्बन्ध, व्याख्यात्मक सम्बन्ध, स्मरणको सम्बन्ध, प्रश्नार्थक सम्बन्ध, प्रश्नोत्तर सम्बन्ध जस्ता सम्बद्धन प्रयोग भएको पाइयो ।
- प्रस्तुत शोधपत्रमा 'मैले नजन्माएको छोरो' कथामा धेरै जसो सम्बद्धनहरूको प्रयोग भए पनि वा कतिपय सम्बद्धनको प्रयोग भएको पाइन्दैन ।
- प्रस्तुत शोधपत्र 'मैले नजन्माएको छोरो, कथा सत्र अनुच्छेदमा विभाजन गरी दुई सय सत्र वाक्यमा छुट्याएर सम्बद्धक र सम्बद्धनको आधारमा छुट्टाछुट्टै रूपमा, विश्लेषण गरिएको छ ।

## ५.३ उपयोगिता

प्रायोगिक भाषा विज्ञानको एउटा नविनतम् शाखाका रूपमा स्थापित सङ्कथन विश्लेषणका क्षेत्रमा अध्ययन अनुसन्धान गर्न चाहनेका लागि यो शोध उपयोगी हुनेछ । हरेक शोध कार्यलाई मूलतः नीतिगत तह र व्यवहारिक तथा प्रयोगात्मक तहमा उपयोग गर्न सकिन्छ । प्रस्तुत शोधका उपयोगिताहरूलाई निम्नअनुसार दुई तहमा प्रस्तुत गर्न सकिन्छ :

### ५.३.१ नीतिगत तह

- नेपाली भाषालाई सम्प्रेषणीय बनाउन सम्बन्धित सरोकारवालाहरू यस शोधपत्रले सघाउने छ ।
- सामान्य सङ्कथन विश्लेषणका सैद्धान्तिक जानकारी लिन प्रस्तुत शोधपत्र उपयोगी हुने छ ।
- सङ्कथन युक्तिहरूको जानकारी लिन यो शोधपत्र सहयोगी हुने छ ।
- पछिल्ला अनुसन्धानकर्तालाई यसको अध्ययनले थप सहयोग पुर्‍याउने छ ।
- सङ्कथन अर्थपूर्ण, एकीकृत र सन्दर्भपरक हुने हुँदा अभिव्यक्तिको समग्रता पहिल्याउन यसले सहयोग गर्नेछ ।

- लेखकहरूलाई सरल भाषामा अभिव्यक्त भएको सम्बद्धक र सम्बद्धन सहितका पाठहरू तयार पार्न सहयोग गर्नेछ ।

### ५.३.२ प्रयोगात्मक तह

- शिक्षण कार्यलाई सरल सहज र व्यवहारिक बनाउन यो अध्ययन उपयोगी हुने छ ।
- भाषा शिक्षण सिकाइलाई अर्थपूर्ण बनाउन यस अध्ययनले सघाउने छ ।
- पहिलो र दोस्रो भाषा शिक्षणलाई सफल, सरल एवम् प्रभावकारी ढङ्गबाट सिकाउनको लागि यो उपयोगी हुनेछ ।
- कथ्य र लेख्य सिप शिक्षणमा यस अध्ययनले शिक्षकलाई मार्ग निर्देशन गर्नेछ ।
- पहिलो, दोस्रो र विदेशी भाषा सिकाइलाई सरल, सहज, प्रभावकारी र अर्थपूर्ण दिशामा पुऱ्याउन यसले सहयोग गर्नेछ ।
- समालोचकहरूलाई पाठ तथा कृतिमा प्रयुक्त सङ्कथनगत युक्ति ठम्याई समालोचना गर्ने कार्यमा यसले सहयोग गर्नेछ ।

# सन्दर्भ सामग्री


अधिकारी, हेमाङ्गराज (२०६७), *सामाजिक तथा प्रायोगिक भाषा विज्ञान (पाँचौ संस्करण),* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

ओझा, ईश्वरी दत्त (२०७०), *छापामारको छोरो कथाको सङ्कथन विश्लेषण,* त्रि.वि.वि शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

जैसी, कृष्णप्रसाद (२०६४), *तिनघुम्ती उपन्यासको सङ्कथन विश्लेषण,* त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षण विभाग, कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

ढकाल, उर्मिला (२०६७), *मधेशतिर कथाको सङ्कथन विश्लेषण,* त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

पौडेल, दीप्रेन्द्र (२०६९), *एक रात कथाको सङ्कथन विश्लेषण,* त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

पौडेल, माधव प्रसाद (२०६९), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम,* काठमाडौँ : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिब्यटर्स प्रा.लि. ।

पौडेल, माधव प्रसाद र पोखरेल, गोकुल (२०७१), *सङ्कथन विश्लेषण : सिद्धान्त र प्रयोग,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

भट्टराई, कृष्ण (२०६८), *परालको आगो कथाको सङ्कथन विश्लेषण,* त्रि.वि.वि शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

भट्टराई, गोविन्द राज (२०६२), *सङ्कथन विश्लेषण : एक प्रारम्भिक परिचय,* सम्प्रेषण, अङ्क २, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भण्डारी, पारसमणि र अन्य (२०६९), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : पिनाकल पब्लिकेशन ।

भण्डारी, पदम (२०६८), *राष्ट्रिय रोग : एक अनुसन्धान निबन्धको सङ्कथन विश्लेषण,* त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

भुसाल, केशव (२०६९), *सङ्कथन विश्लेषण : सम्बद्धक र सम्बद्धन,* सम्प्रेषण, अङ्क ७, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

शर्मा, ढाकादेवी (२०७०), *'मधुमालतीको कथा' कथाको सङ्कथन विश्लेषण,* त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।